जिल्ला विकास समितिहरुको

# न्यूनतम शर्त तथा कार्यसम्पादन मापन

## कार्यबिधि - २०६५ (दोस्रो संशोधन सहित)

Manual for Assessment of

**Minimum Conditions & Performance Measures (MCs/PMs) of DDCs – 2008**

(Second Amendment)

नेपाल सरकार

स्थानीय विकास मन्त्रालय

स्थानीय निकाय वित्तीय आयोगको सचिवालय

२०६६ अश्विन

# भूमिका

नेपालमा स्थानीय निकायहरु स्थानीय स्वायत्त शासन ऐन, २०५५ स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुरुप संचालित छन् । स्थानीय स्वायत्त शासन नियमाबलीको नियम २७३ "घ" मा स्थानीय निकाय वित्तीय आयोगको सिफारिश समेत लिई स्थानीय विकास मन्त्रालयले न्यूनतम शर्त र कार्य सम्पादन सूचक समेतको आधारमा स्थानीय निकायको मूल्यांकन गरी स्थानीय निकायलाई दिने अनुदानमा थपघट गर्न र उत्कृष्ट कार्य गर्ने स्थानीय निकायलाई पुरस्कृत गर्न सक्ने व्यवस्था गरिएको छ । आ.व. २०६३/६४ को बजेट बक्तव्य मार्फत स्थानीय स्रोत परिचालन बढाउन र प्राप्त साधनको प्रभावकारी उपयोग गर्न बढावा दिने उद्देश्यले स्थानीय निकायको कार्य सम्पादनको आधारमा अनुदान थपघट गर्ने नीतिगत व्यवस्था प्रारम्भ गरिएको छ । उपरोक्त नीतिगत व्यवस्थाबाट नेपाल सरकारले स्थानीय निकायलाई कानून बमोजिम पालना गर्नुपर्ने कार्यजिम्मेवारी, उत्तरदायित्व र वित्तीय अनुशासन बमोजिम कार्यसम्पादन गरे नगरेको आधारमा मूल्यांकन गर्ने र सो मूल्यांकन नतीजाको आधारमा अनुदान थपघट गर्ने सिद्धान्तलाई स्वीकार गरेको छ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३६ को प्रावधान बमोजिम स्थानीय निकायहरुलाई तोकिएको कार्य सम्पादन गर्न नेपाल सरकारले निःशर्त तथा सःशर्त अनुदान उपलब्ध गराउँदै आएको छ । सो बाहेक, स्थानीय निकायहरुलाई विभिन्न कार्यक्रमबाट सःशर्त अनुदान साथै राजश्व बाँडफाँडबाट प्राप्त रकम समेत उपलब्ध गराउँदै आएको छ । यसैगरी स्थानीय निकाय आफैले पनि विभिन्न श्रोत परिचालन गरी आन्तरिक आय संकलन गर्दछन् । यसरी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संकलन गरिएको राजस्व रकम तथा सार्वजनिक कोषबाट उपलब्ध गराईएको अनुदान रकमको स्थानीय निकायबाट के कसरी खर्च भैरहेको छ, स्थानीय निकायहरुले आफूले गर्नुपर्ने जिम्मेवारी, उत्तरदायित्व, वित्तीय अनुशासन पालना गरेका छन् छैनन् आदि कार्य सम्पादनका क्षेत्रको वस्तुनिष्ट मूल्यांकन गर्नु अत्यन्त जरुरी देखिन्छ । स्थानीय निकायले आफ्नो दायित्व, सेवा र वित्तीय अनुशासन जति प्रभावकारी गर्न सक्यो त्यति नै नागरिक र सरकारको विश्वास आर्जन गर्न सक्दछ । सो विश्वासले अन्ततः विकेन्द्रीकरण तथा निक्षेपण कार्यमा ठोस सहयोग पुऱ्याउँदछ । यसको लागि नियमित रुपमा स्थानीय निकायको कार्य सम्पादन मापन गर्ने र सो आधारमा अनुदान उपलब्ध गराउने विधि प्रचलनमा रहेको छ ।

आर्थिक वर्ष २०६१/०६२ देखि विकेन्द्रित वित्त व्यवस्था तथा विकास कार्यक्रम (DFDP) ले न्यूनतम शर्त र कार्यसम्पादनमा आधारित अनुदान व्यवस्था २० वटा जिविसमा लागू गरिएको थियो । स्थानीय निकाय वित्तीय आयोगबाट आ.ब.२०६३।०६४ मा ५५ जिल्लामा परीक्षण मूल्यांकन गरी आ.व.२०६४।०६५ देखि सबै जिविसहरुमा लागु गरियो । यस प्रणालीले जिविसमा आन्तरिक व्यवस्थापकीय पक्ष सुधार गर्न मद्दत पुगेको, जिम्मेवारी, उत्तरदायित्व, पारदर्शिता, वित्तीय अनुशासन कायम गराउन उत्प्रेरणा सृजना गरेको, अनुगमन तथा मूल्यांकन प्रणालीलाई सुदृढ गराउन सहयोग पुगेको देखिएको छ । यस प्रणालीले जिल्ला विकास समितिहरुलाई कार्यसम्पादन क्षेत्रमा रहेका कमी कमजोरीहरु पहिचान गरी क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न तथा अघिल्लो वर्षका कमी कमजोरीका क्षेत्रमा सुधार गरी कार्यसम्पादनमा सहयोग प्रदान गरेको छ । यस प्रणालीले मूलतः राम्रो काम गर्ने जिविसले प्रोत्साहन स्वरुप थप अनुदान पाउने हुँदा कार्यसम्पादनमा आधारित वित्तीय हस्तान्तरण प्रणाली स्थापना र क्षमता अनुरुप अनुदान प्रदान गर्ने व्यवस्था गर्न योगदान पुऱ्याउँदछ । साथै यसले कार्यसम्पादनको क्षेत्र अनुसार कमी कमजोरी देखिएका क्षेत्रको पहिचान गरी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न समेत सहयोग गर्दछ ।

उपरोक्त बमोजिमका सकारात्मक प्रभावलाई अध्ययन गरी नेपाल सरकारले न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (MCPM) मा आधारित अनुदान व्यवस्था लागू गर्न आवश्यक नीति नियमहरु तर्जुमा गरी आ.व. २०६५/६६ देखि लागू हुने गरी न्यूनतम शर्त र कार्यसम्पादन मापनका आधारमा पूँजीगत अनुदान प्रदान गर्ने नीति लिएको छ । यसै बमोजिम कार्यसम्पादनमा आधारित अनुदान प्रणाली स्थापनार्थ स्थानीय निकाय वित्तीय आयोगको सिफारिशमा यस न्यूनतम शर्त तथा कार्यसम्पादन मापन विश्लेषण कार्यविधि तयार गरिएको छ । यो कार्यविधि विगत २ वर्षहरुमा सबै जिल्लाहरुको MCPM मूल्यांकन विश्लेषण अनुभवको आधारमा सामान्य परिमार्जन गरी दोश्रो संशोधन संस्करण निर्माण गरिएको छ । परिमार्जित संस्करणले जिल्ला विकास समितिहरुको बस्तुपरक कार्यसम्पादन मूल्याकन/विश्लेषण गर्न सफल हुने विश्वास व्यक्त गर्दै यस कार्यविधिको कार्यान्वयनमा सबै क्षेत्रको सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ ।

**स्थानीय विकास मन्त्रालय**

# दुई शब्द

नेपालमा स्थानीय स्वायत्त शासन प्रणालीको स्थापनाको निमित्त निक्षेपणमा आधारित विकेन्द्रीकरणको अवलम्बन गरिएको छ । स्थानीय स्वायत्त शासन ऐन नियमले स्थानीय निकायहरुको स्थापना, संरचना, कार्यप्रणाली तथा स्रोत साधन प्रवाह सम्बन्धी कानूनी व्यवस्था गरेको छ । यस अनुसार स्थानीय निकायहरुले लगाउने कर नेपाल सरकार र स्थानीय निकाय बीच बांडफांड गर्नु पर्ने राजश्व बांडफांड, स्थानीय निकायहरुको लेखा प्रणाली सम्बन्धमा अध्ययन तथा अनुसन्धान गरी सुझाव पेश गर्न स्थानीय निकाय बित्तीय आयोगको गठनभई क्रियाशिल रहेको छ । यसैगरी आयोगलाई स्थानीय स्वायत्त शासन नियमाबली २०५६ ले न्यूनतम शर्त र कार्यसम्पादन मापनको समेतको आधारमा स्थानीय निकायलाई दिइने अनुदानमा थपघट गर्न सिफारिश गर्ने दायित्व समेत प्रदान गरेको छ ।

सरकारले विकेन्द्रीकरणको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरुको उपभोग गर्न सक्ने व्यवस्था कायम गर्ने तथा स्थानीय स्वायत्त शासनको स्थापना गरी आफ्नो क्षेत्रको विकासकोलागि साधनको परिचालन, विनियोजन र विकासको प्रतिफल सन्तुलित गरी समावेशी, सहभागितात्मक विकासका लागि सक्षम स्थानीय निकायहरुको परिकल्पना गरेको छ । यसको निमित्त स्थानीय निकायलाई जिम्मेवारी, अधिकार तथा स्रोत साधनको आदिको प्रवाहको व्यवस्था मिलाइएको छ । यसरी प्रदत्त अधिकार, जिम्मेवारी र स्रोतको प्रयोग प्रभावकारी, कार्यकुशल र जवाफदेही ढंगबाट सम्पादन गरी जनताप्रतिको जिम्मेवारी बहन गर्नु यी निकायहरुको कर्तव्य हुन आउँदछ । यसर्थ स्थानीय निकायहरुद्वारा सम्पादित कार्यको मूल्याङ्कनगरी विधिको पालना तथा दक्षतापूर्ण कार्यसम्पादनका आधारमा स्रोत प्रवाह गर्ने उद्देश्यले न्यूनतम शर्त र कार्यसम्पादन/मापन प्रणालीको आवश्यकता पर्न गएको हो ।

जि.वि.स. ले स्था.स्वा.शा. ऐन र आवद्ध नियमावलीले व्यवस्था गरे वमोजिम पालना नगरी नहुने सूचकहरु न्यूनतम शर्त अन्तर्गत समावेश गरिएका छन् । त्यस्तै जि.वि.स.ले गर्नुपर्ने विभिन्न क्षेत्रको कार्य सम्पादन गुणस्तरको मापन गर्ने गरी कार्य सम्पादनका सूचकहरु राखिएका छन् । यसको मापन गर्दा अनुदानको निमित्त योग्य हुन सवै न्यूनतम शर्तहरु पूरा गरेकै हुनु पर्दछ । न्यूनतम शर्त पूरा गरेका जिल्ला विकास समितिहरुको कार्यसम्पादन स्तरको मापन गरी प्राप्त सो नतिजालाई अनुदानमा आबद्ध गरिन्छ । यस पद्धति अनुसार अन्तर सरकारी वित्तीय हस्तान्तरणको रुपमा प्रवाह गरिएको निःशर्त पूँजीगत अनुदानको रकम जिल्ला विकास समितिको कार्यक्षमता र कार्य सम्पादन मूल्यांकनको परिणाममा निर्भर हुन्छ । यस पद्धतिको कार्यान्वयनबाट स्थानीय निकायहरुमा कार्य सम्पादनमा आधारित अनुदान वितरण हुने हुँदा कार्य सम्पादन विश्लेषणबाट प्राप्त नतिजाले जिल्ला विकास समितिको निःशर्त अनुदान थपघट हुने र राम्रो कार्यसम्पादन स्तर भएका जिल्ला विकास समितिहरु पुरस्कृत हुने हुन्छ ।

स्थानीय निकायको क्षमता अभिबृद्धि गरी वित्तीय विकेन्द्रीकरणलाई सवल बनाउने प्रमुख कार्य क्षेत्र रहेको स्थानीय निकाय वित्तीय आयोगको २०५७ को प्रतिवेदनले कार्यसम्पादनमा आधारित अनुदान प्रणाली स्थापना र स्थानीय निकायहरुमा जाने स्रोतलाई सूत्रमा आवद्ध गर्न सिफारिस गरेको छ । आयोगको उक्त सिफारिस कार्यान्वयन गर्ने क्रममा विकेन्द्रित वित्त व्यवस्था तथा विकास कार्यक्रम (DFDP) ले आ.व. २०६१/६२ देखि २० जिल्लामा संचालन गरेको कार्यसम्पादनमा आधारित कार्यक्रम अनुदान प्रणालीको अनुभव तथा स्थानीय निकाय वित्तीय आयोगले आ.ब. ०६३।०६४ मा ५५ जिल्ला विकास समितिमा गरेको परीक्षण विश्लेषणको नतिजा र आ.व.२०६४।६५ देखि गरिएको राष्ट्रव्यापी परीक्षण पश्चात उक्त मूंल्याकनको नतीजालाई जिल्ला विकास समितिको निशःर्त अनुदानमा आवद्ध गर्ने कार्य भै रहेको छ । उक्त परीक्षण विश्लेषणमा प्राप्त पृष्ठपोषण तथा व्यवहारिक अनुभव समेतको आधारमा वित्तिय आयोगले यस कार्यविधिमा दोस्रो संशोधन गरी कार्यविधिलाई सुधार तथा परिमार्जन गरी अझ व्यवहारिक र मापनयोग्य बनाउने प्रयास भएको छ । जि.वि.स. हरुमा लागु गरिएको MCsPMs को आधारमा अनुदान दिने ब्यवस्थाबाट जि.वि.स. को कार्य सम्पादनस्तर वृद्धि हुनेछ । यसले स्थानीय निकायहरुको कार्यसम्पादनमा सुधार तथा जिम्मेवारी र उत्तरदायित्वमा अभिवृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । साथै कार्यसम्पादन स्तरका कमी कमजोरीहरुको पहिचान भई तदनुरुप क्षमता विकासका कार्यक्रम संचालन गर्न समेत सहयोग पुग्नेछ ।

अन्तमा कार्यसम्पादनमा आधारित अनुदान प्रणाली कार्यान्वयन गर्ने नेपाल सरकारको निर्णय कार्यान्वयनकालागि न्यूनतम शर्त तथा कार्यसम्पादन सम्बन्धी यस कार्यविधि सम्बद्ध स्थानीय निकायमा समयमा नै जानकारी भई आ-आफ्नो कार्य सम्पादन मापन क्षमताको उच्चतम उपयोग गरी स्थानीय स्तरमा सुशासन कायम गर्ने कार्यमा स्थानीय निकायहरु लाभान्वित हुनका साथै यी निकायहरुबाट हुने कार्यसम्पादन र सेवामा प्रवाहमा प्रभावकारिता अभिवृद्धि भई स्थानीय स्वायत्त शासन प्रणालीलाई मजबुत बनाउन योगदान पुग्ने विश्वास प्रकट गर्दै यस प्रणाली स्थापनामा सहयोग गर्ने सबै प्रति धन्यवाद ज्ञापन गर्दछौं ।

**धन्यवाद !**

कृष्ण प्रसाद देवकोटा
सदस्य सचिव
स्थानीय निकाय वित्तीय आयोगको सचिवालय
आश्विन, २०६६

# शब्दसार

| | |
|---|---|
| जि.वि.स. | जिल्ला विकास समिति |
| न.पा. | नगरपालिका |
| गा.वि.स. | गाउँ विकास समिति |
| स्था.स्वा.शा.ऐ. | स्थानीय स्वायत्त शासन ऐन, २०५५ |
| ले.प. | लेखा परीक्षण |
| आ.ले.प. | आन्तरिक लेखा परीक्षण |
| स्था.स्वा.शा.नि. | स्थानीय स्वायत्त शासन नियमावली, २०५६ |
| स्था.नि.(आ.प्र.) नि. | स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ |
| स्था.नि.आ.प्र.नि. | स्थानीय निकाय आर्थिक प्रशासन नियमाबली, २०६४ |
| ADDCN | Association of District Development Committee of Nepal |
| CIDA | Canadian International Development Agency |
| DANIDA | Danish International Development Assistance |
| DFDP | Decentralized Financing and Development Programme |
| DFID | Department for International Development |
| GTZ | German Technical Co-operation |
| LBFCS | Local Body Fiscal Commission Secretariat |
| LGCDP | Local Governance and Community Development Programme |
| MCs | Minimum Conditions |
| MLD | Ministry of Local Development |
| MUAN | Municipality Association of Nepal |
| NAVIN | National Association of Village in Nepal |
| PMs | Performance Measures |
| Q A | Quality Assurance |
| UNCDF | United Nations Capital Development Fund |
| UNDP | United Nations Development Programme |

# विषय सूची


खण्ड-१ प्रारम्भिक १

१.१ संक्षिप्त नाम र प्रारम्भ ३
१.२ कार्यविधिको उद्देश्य ३
१.३ कार्यविधिको औचित्य ३
१.४ परिभाषा ४

खण्ड-२ जि.वि.स.को लागि न्यूनतम शर्तका सूचकहरु ७

२.१ न्यूनतम शर्त ९
२.२ न्यूनतम शर्तका सूचकहरु ९

खण्ड-३ न्यूनतम शर्तका सूचकहरुको व्याख्या र मापन विधि १३

३.१ योजना तथा बजेट १५
३.२ वित्तीय व्यवस्थापन १७
३.३ समितिहरुको गठन र क्रियाशीलता १९
३.४ पारदर्शिता १९

खण्ड-४ कार्यसम्पादन मापनका सूचकहरु २१

४.१ कार्यसम्पादन मापन २३
४.२ कार्यसम्पादन मापनका सूचकहरु २३

खण्ड-५ कार्यसम्पादन मापनका सूचकहरुको व्याख्या र मापन विधि २९

५.१ योजना तथा कार्यक्रम व्यवस्थापन क्षमता ३१
५.२ बजेट व्यवस्थापन ३७
५.३ वित्तीय व्यवस्थापन ४०
५.४ वित्तीय श्रोत परिचालन क्षमता ४५
५.५ बजेट निकासा र कार्यक्रम कार्यान्वयन ४८
५.६ सञ्चार र पारदर्शिता ५२
५.७ अनुगमन तथा मूल्यांकन ५७
५.८ संगठन संरचना, सेवा प्रवाह र सम्पत्ति व्यवस्थापन ६०

खण्ड-६ न्यूनतम शर्त र कार्यसम्पादन मापनको व्यवस्थापन ६५

६.१ न्यूनतम शर्त र कार्यसम्पादन मापनको मूल्याङ्कन ६४
६.२ प्रतिबेदन ६७

६.३ मूल्याङ्कन गर्ने सूचनाको समयावधि ६७
६.४ न्यूनतम शर्त तथा कार्यसम्पादन मापन मूल्याङ्कनका पूर्वशर्तहरु ६८
६.५ न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको मूल्यांकन तथा विश्लेषण ६९
६.५.१ मूल्यांकन गर्ने परामर्शदात्री संस्था र विज्ञ टोली
६.५.२ न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको मूल्यांकन गर्ने विधि
६.५.३ न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको सहजीकरण र समन्वय
६.५.४ न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको गुणस्तर सुनिश्चिता (QA) परीक्षण
६.६ न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको मूल्याङ्कन तथा विश्लेषण ७०
६.७ मूल्याङ्कनको नतीजाको उपर सुनुवाई सम्बन्धी व्यवस्था ७२
६.८ अनुदान प्रवाह र पुरस्कार सम्बन्धी व्यवस्था ७२
६.९ खारेजी र बचाउ ७३
७५

# अनुसूचीहरु

१ न्यूनतम शर्त र कार्यसम्पादन मापनकालागि .जि.वि.स.हरुको समूह विभाजन ७७
२ जिल्ला विकास समितिको न्यूनतम शर्त (MCs) विश्लेषण तालिका ७८
३ जिल्ला विकास समितिको कार्य सम्पादन मापन (PMs) को अंक तालिका ७९
४ साविक र संशोधित विवरण ८४

# खण्ड : १

# प्रारम्भिक (Introduction)

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७३ "घ" बमोजिम स्थानीय निकाय वित्तीय आयोगको सिफारिश समेतको आधारमा स्थानीय निकायलाई दिइने अनुदान थपघट गर्न सकिने प्रावधान बमोजिम मन्त्रालयले न्यूनतम शर्त र कार्य सम्पादन सूचक समेतको आधारमा जि.वि.स. हरुको मूल्यांकन गरी स्थानीय निकायलाई दिइने अनुदानमा थपघट गर्न र उत्कृष्ट कार्य गर्ने स्थानीय निकायलाई पुरस्कृत गर्न सक्ने व्यवस्था लागू गर्न गराउन स्थानीय निकाय वित्तीय आयोगको सिफारिशका आधारमा स्थानीय विकास मन्त्रालयले यो कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

## १.१ संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम "जि.वि.स.हरु को न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि, २०६५ (दोश्रो संशोधन सहित)" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

## १.२ कार्यविधिको उद्देश्य

निर्दिष्ट ऐन, नियम, नीति, निर्देशन बमोजिम जि.वि.स. ले पूरा गर्नु पर्ने जिम्मेवारी पूरा गरे/नगरेको विश्लेषण गर्ने तथा जि.वि.स. लाई सेवाग्राही प्रति बढी उत्तरदायी, जिम्मेवार र जवाफदेही बनाउन अनुदान तथा अन्तर सरकारी वित्तीय हस्तान्तरणलाई कार्यसम्पादनमा आबद्ध गराउने उद्देश्यले यो कार्यविधि तयार गरिएको छ।

## १.३ कार्यविधिको औचित्य

स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २७३ (घ) ले स्थानीय निकाय वित्तीय आयोगलाई जिल्ला विकास समितिहरुको प्रत्येक आर्थिक बर्षको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको विश्लेषण मूल्यांकन गरी नतिजा सहित स्थानीय निकायलाई प्रदान गरिने अनुदान थप घट गर्न र उत्कृष्ट कार्य गर्ने स्थानीय निकायलाई पुरस्कृत गर्न सिफारिश गर्ने जिम्मेवारी प्रदान गरेको छ। यसैगरी स्थानीय निकाय वित्तीय आयोग गठन र कार्यक्षेत्र निर्धारण सम्बन्धमा नेपाल सरकारको मिति २०६३/८/११ को निर्णयले स्थानीय निकायहरुको लागि न्यूनतम शर्त र कार्यसम्पादन मापदण्ड तयार गरी अध्ययन, अनुगमन तथा मूल्यांकन गर्ने, यसको आधारमा स्थानीय निकायमा जाने अनुदान तथा अंक निर्धारण गर्ने कार्य क्षेत्र निर्धारण गरे बमोजिम जिल्ला विकास समितिको न्यूनतम शर्त र कार्यसम्पादन मापन प्रणाली कार्यान्वयन गर्न यस कार्यविधिको निर्माण गरिएको हो।

## १.४ परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “कार्यविधि” भन्नाले जि.वि.स.को न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि, २०६५ (दोश्रो संशोधन सहित) सम्झनुपर्दछ ।

(ख) “ऐन” भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनुपर्दछ ।

(ग) “नियमावली” भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनुपर्दछ ।

(घ) “आर्थिक प्रशासन नियमावली” भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ सम्झनुपर्दछ ।

(ङ) “जिल्ला परिषद्” भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १७२ बमोजिम गठित जिल्ला परिषद् सम्झनुपर्दछ ।

(च) “परिषद्” भन्नाले जिल्ला विकास समितिको परिषद् सम्झनुपर्दछ ।

(छ) “जिल्ला विकास समिति” भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५को दफा १७६ बमोजिम गठित जिल्ला विकास समिति सम्झनु पर्दछ ।

(ज) “समिति” भन्नाले जिल्ला विकास समिति सम्झनुपर्दछ ।

(झ) “आयोग” भन्नाले स्थानीय निकाय वित्तीय आयोगलाई सम्झनु पर्दछ ।

(ञ) “मन्त्रालय” भन्नाले स्थानीय विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ट) “सचिव” भन्नाले स्थानीय विकास मन्त्रालयका सचिव सम्झनु पर्छ ।

(ठ) “स्थानीय विकास अधिकारी” भन्नाले जिल्ला विकास समितिको सचिवको समेत काम गर्ने स्थानीय विकास अधिकारीलाई सम्झनुपर्दछ ।

(ड) “आर्थिक वर्ष” भन्नाले श्रावण एक गतेबाट सुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनुपर्दछ ।

(ढ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले स्थानीय विकास मन्त्रालयवाट समय समयमा जारी गरिएको निर्देशन परिपत्र सम्झनु पर्दछ ।

(ण) “न्यूनतम शर्त” भन्नाले जिल्ला विकास समितिले स्थानीय स्वायत्त शासन ऐन तथा अन्तरगतका नियमावलीहरु तथा अन्य स्थानीय निकायसंग सम्वन्धित कानूनमा उल्लेख भएका प्रावधानहरुको अनिवार्य रुपमा पालना गर्नु पर्ने भनी खण्ड दुई को २.२ मा उल्लेख भएका सूचकहरुलाई बुझाउँदछ ।

(त) “कार्यसम्पादन मापन” भन्नाले खण्ड चारको ४.२ मा उल्लेख भए बमोजिमका सूचकहरुलाई बुझाउँदछ ।

(थ) “सदस्य सचिव” भन्नाले स्थानीय निकाय वित्तीय आयोगको सदस्य सचिवलाई बुझाउँदछ ।

(द) “सचिवालय” भन्नाले स्थानीय निकाय वित्तीय आयोगको सचिवालयलाई बुझाउँदछ ।

(न) “चालु आ.व.” भन्नाले मूल्याकंन गर्न टोली खटिएको आ.व.लाई जनाउँछ ।

(प) “गत आ.व.” भन्नाले मूल्याकंन कार्य गरीने वर्ष (चालु आ.व.) भन्दा अघिल्लो आ.व.लाई जनाउँछ ।

(फ) “गत आ.व.भन्दा अघिल्लो आ.व.” भन्नाले चालु आ.व. भन्दा दुई वर्ष अघिल्ला आ.व.लाई जनाउँछ ।

खण्ड : २

# जिल्ला विकास समितिको लागि न्यूनतम शर्तका सूचकहरु (Indicators for Minimum Conditions-MCs for DDC's)

## २.१ न्यूनतम शर्त (Minimum Conditions)

जिल्ला विकास समितिले सम्पादन गर्नुपर्ने कार्यक्षेत्रलाई आधार मानी न्यूनतम शर्तका सूचकहरु तयार गरिएको हो । न्यूनतम शर्त परीक्षण गर्नका लागि ४ वटा कार्यक्षेत्र र सो अन्तर्गत १५ वटा सूचकहरु समावेश गरिएका छन् । तर हालको मूल्यांकनमा जम्मा ३ वटा कार्यक्षेत्रका १३ वटा सूचकहरु रहने छन् । न्यूनतम शर्तका यी सूचकहरुलाई सबै जिल्ला विकास समितिहरुले अनिवार्य रुपमा पूरा गर्नु पर्नेछ । यसै मूल्याकंनका आधारमा स्थानीय निकाय वित्तीय आयोगको सिफारिशमा नियमावलीको २७३ (घ) बमोजिम स्थानीय निकायलाई दिइने अनुदानमा थपघट र उत्कृष्ट कार्य गर्ने स्थानीय निकायलाई पुरस्कृत गरिनेछ ।

जि.वि.स. ले तोकिएको क्षेत्र अन्तरगत न्यूनतम शर्तका सबै सूचकहरु अनिवार्य रुपमा पूरा गर्नु पर्नेछ । न्यूनतम शर्तका कुनै एक सूचक पनि पूरा गर्न नसकेमा जि.वि.स. लाई नेपाल सरकारबाट प्रदान गरिने निःशर्त पूँजीगत अनुदानको अतिरिक्त दातृ संस्थाबाट प्रदान गरिने पूँजीगत अनुदान प्राप्त हुनेछैन । तर न्यूनतम शर्त पूरा नभएमा पनि तोकिएको न्यूनतम अनुदान, सालवसाली चालू खर्च, सशर्त अनुदान, सामाजिक परिचालन र क्षमता विकासका लागि विनियोजित बजेट भने प्रदान गरिनेछ । न्यूनतम शर्त पूरा नभएको कारणबाट सम्बन्धित जिल्लाको पूजिगत अनुदान कटौति हुन गएको अवस्थामा सो को लागि जिम्मेवार पदाधिकारी, र सम्वन्धित कर्मचारीहरु समेत जवाफदेही बन्नु पर्नेछ ।

न्यूनतम शर्तको क्षेत्र तथा सो अन्तर्गतका सूचकहरुको विवरण निम्नानुसार रहेको छ ।

## २.२ न्यूनतम शर्तका सूचकहरु

### २.२.१ योजना तथा बजेट (Planning and Budgeting)

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १८८, १९५, १९७ र २०२ को उपदफा २ र स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम १९९ वमोजिम योजना तथा बजेट सम्बन्धी पाँच (५) वटा सूचकहरु निर्धारण गरिएको छ । त्यस्ता सूचकहरु निम्नानुसार छन् :

१ गत आ.व.को जिल्ला परिषद्वाट चालू आर्थिक वर्षको कार्यक्रम र बजेट (वार्षिक जिल्ला विकास योजना) स्वीकृत भएको हुनुपर्ने ।

२ जि.वि.स. ले गत आ.व.मा चालु आ.व.को वार्षिक बजेट तर्जुमा सम्वन्धी सिलिङ्ग (बजेट पूर्वानुमान) र मार्गदर्शन सम्बन्धित गा.वि.स. र न.पा. हरुमा समयमा नै पठाएको हुनुपर्ने । केन्द्रबाट त्यस्तो विवरण प्राप्त नभएको अवस्थामा जि.वि.स. को आन्तरिक आय तर्फको सिलिङ्ग र मार्गदर्शन पठाएको हुनुपर्ने ।

३ जि.वि.स. ले स्वीकृत वार्षिक बजेट र कार्यक्रमबारे गा.वि.स., सम्वन्धित नगरपालिका तथा जिल्लावासीहरूलाई जानकारी गराएको हुनुपर्ने ।

४ जि.वि.स. ले गत आ. व. को वार्षिक प्रगति समीक्षा गरेको हुनुपर्ने ।

५ जि.वि.स. ले स्थानीय स्वायत्त शासन ऐन, नियमावली र जिविस अनुदान सञ्चालन तथा अन्य कार्यक्रम सञ्चालन कार्यबिधि र निदेशिकाहरुमा उल्लेख भए वमोजिमका प्रतिवेदनहरु सम्बधित निकायहरुमा तोकिएको समयमै पठाउने गरेको हुनुपर्ने ।

## २.२.२ वित्तीय व्यवस्थापन (Financial Management)

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५७, ५८, ५९, ६०, १९६, २०३, २०५ को उप-नियम (१) वमोजिम वित्तीय व्यवस्थापन क्षेत्र अर्न्तगत सात (७) वटा सूचकहरु निर्धारण गरिएको छ । ती सूचकहरु निम्नानुसार छन् :

१ गत आ.व. भन्दा अघिल्लो आर्थिक वर्षको आय-व्यय विवरण तयार गरी अन्तिम लेखापरीक्षण गराएको हुनुपर्ने ।

२ गत आ.व.को जिल्ला विकास कोषको वार्षिक आय-व्यय विवरण र आर्थिक विवरण तयार गरेको हुनुपर्ने ।

३ जि.वि.स. ले जिल्ला विकास कोष (गैर कार्य संचालन खाता Non-operating Account) बाट संचालन खाता (Operating Account) मा निकासा दिंदा परिषदबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अनुरुप गरेको हुनुपर्ने । केन्द्रबाट प्राप्त हुने वित्तीय स्रोतको हकमा अख्तियारी एव स्वीकृति बमोजिम निकासा दिएको हुनुपर्ने ।

४ आन्तरिक लेखापरीक्षण शाखाको स्थापना गरी कर्मचारीको स्थायी पदपूर्ति गरेको हुनुपर्ने ।

५ लेखापरीक्षण प्रतिवेदनले औल्याएका सवालहरुमा तोकिएको समयमै प्रतिक्रिया दिएको हुनुपर्ने ।

६ बेरुजूको लगत अद्यावधिक गरेको हुनुपर्ने ।

७ जि.वि.स.ले सबै गाउँ विकास समितिहरुको गत आ.व. भन्दा अघिल्लो आ.व. को अन्तिम लेखा परीक्षण गत आ.व. भित्र सम्पन्न गराउनका लागि लेखा परीक्षक नियुक्त गरी सकेको हुनुपर्ने ।

## २.२.३ समितिहरूको गठन र कियाशिलता (Formation and Functioning of Committees)

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १८८ को उपदफा ४ र स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम १९२, २०२ को उप–नियम ३ (क) वमोजिम समितिहरुको गठन र क्रियाशीलता क्षेत्र अन्तर्गत दुई (२) वटा सूचकहरु निर्धारण गरिएको छ। ती सूचकहरु निम्नानुसार उल्लेख गरिएको छ :

१ जि.वि.स. मा सुपरिवेक्षण तथा अनुगमन उपसमिति गठन भई क्रियाशील भएको हुनुपर्ने ।

२ लेखा समितिको गठन भई क्रियाशील भएको हुनुपर्ने ।

*(नोट : उपरोक्त दुवै सूचकहरु स्थानीय निकायहरुमा जनप्रतिनिधिहरुको व्यवस्था भएको अवस्थामा मात्र क्रियाशील हुनेछन्)*

### २.२.४ पारदर्शिता (Transperency)

यस क्षेत्र अन्तर्गत स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २११ र २१२ वमोजिम एउटा सूचक मात्र निर्धारण गरिएको छ । सो सूचक निम्नानुसार उल्लेख गरिएको छ :

१ सूचना तथा अभिलेख केन्द्रको स्थापना गरी उक्त केन्द्रमा तोकिएका न्यूनतम सूचना तथा अभिलेखहरू राखेको हुनुपर्ने ।

# खण्ड : ३

# न्यूनतम शर्तका सूचकहरुको व्याख्या र मापन विधि
(Explanation and Assessment Process of MC's Indicators)

## ३.१ योजना तथा बजेट (Planning and Budgeting)

**सूचक नं. १.१ (MC-1) गत आ.व.को जिल्ला परिषद्वाट चालू आर्थिक वर्षको कार्यक्रम र बजेट (वार्षिक जिल्ला विकास योजना) स्वीकृत भएको हुनुपर्ने ।**

**सूचकको ब्याख्या**

गत आ.व.को जिल्ला परिषद्ले चालू आ.व. को वार्षिक कार्यक्रम र बजेट स्थानीय स्वायत्त शासन ऐनको दफा १८८,
१९५, १९७ तथा नियमावलीको नियम १९९ अनुसार प्रकृया पूरा गरी स्वीकृत गरेको हुनुपर्दछ ।

**पुष्ट्याईको आधार र सूचनाको स्रोत**

- परिषद् बैठकको उपस्थिति र निर्णय पुस्तिका
- स्वीकृत गरेको वार्षिक कार्यक्रम र बजेट पुस्तिका (जि.वि.स. को सूचना तथा अभिलेख केन्द्र, बैठक शाखा,
  योजना शाखा तथा आर्थिक प्रशासन शाखाबाट प्राप्त हुने) ।
  - गत आ.व. को जिल्ला परिषद्को बैठकले स्वीकृत गरेको चालू आ.व. को कार्यक्रम र बजेट अध्ययन गरिनेछ ।

**सूचक नं. १.२ (MC-2) जि.वि.स. ले गत आ.व.मा चालु आ.व.को लागि वार्षिक बजेट तर्जुमा सम्वन्धी सिलिङ्ग (बजेट पूर्वानुमान) र मार्गदर्शन सम्बन्धित गा.वि.स. र न.पा. हरुमा समयमा नै पठाएको हुनुपर्ने । केन्द्रबाट त्यस्तो विवरण प्राप्त नभएको अवस्थामा पनि जि.वि.स. को आन्तरिक आयतर्फको बजेट सिलिङ्ग र मार्गदर्शन पठाएको हुनुपर्ने ।**

**सूचकको ब्याख्या**

स्थानीय स्वायत्त शासन नियमावलीको नियम १९९ को उपनियम (१) को (क) बमोजिम पूर्व योजना तर्जुमा गोष्ठी
आयोजना गरी बजेट सिलिङ्ग र मार्गदर्शनमा जि.वि.स. को सम्भावित सबै स्रोत र गर्नुपर्ने निर्णय (ऐनको दफा १९६
अनुसार) समावेश गरिएको हुनुपर्छ ।

**पुष्ट्याईको आधार र सूचनाको स्रोत**

पूर्व योजना तर्जुमा गोष्ठी सम्वन्धमा पठाइएका पत्रहरु, प्रकाशित सूचनाहरु, गोष्ठीको उपस्थिति र निर्णय पुस्तिका
(जि.वि.स. को सूचना तथा अभिलेख केन्द्र र योजना शाखावाट प्राप्त हुने)।

- ❖ चालू आ.व. को योजना तर्जुमा सम्बन्धी कागजात र गा.वि.स. तथा नगरपालिकामा पठाइएको जानकारीको अध्ययन गरिने ।

## सूचक नं. १.३ (MC-3) जि.वि.स. ले स्वीकृत वार्षिक कार्यक्रम र बजेटबारे गा.वि.स., नगरपालिका तथा सम्वन्धित सरोकारवालाहरुलाई जानकारी गराएको हुनुपर्ने ।

### सूचकको ब्याख्या

जि.वि.स. ले स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटबारे गा.वि.स., नगरपालिका र सम्वन्धित सरोकारवालाहरु ( विषयगत कार्यालय, तालुक विषयगत मन्त्रालय, राष्ट्रिय योजना आयोग, गैससहरु, राष्ट्रिय मान्यता प्राप्त जिल्लास्थित राजनैतिक दलहरु) लाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २०२ को उपदफा २ बमोजिम जानकारी गराएको हुनुपर्ने ।

### पुष्ट्याईको आधार र सूचनाको स्रोत

वार्षिक जिल्ला विकास योजना पुस्तिका, सम्वन्धित सरोकारवालाहरुलाई पठाएको पत्र, सो सम्वन्धमा गरिएका अन्य
प्रचार प्रसारका चिट्ठीपत्रहरु, सरोकारवालाहरुसंगको अन्तरक्रिया/भेटघाट आदिको लिखित विवरण

- ❖ गत आ.ब.को कार्यक्रम र बजेट पुस्तिका र सम्बन्धित सरोकारवालाहरुलाई पत्राचार भएको अध्ययन गरिने ।

(योजना शाखा र बैठक शाखाबाट प्राप्त हुने)।

## सूचक नं. १.४ (MC-4) जि.वि.स. ले गत आर्थिक वर्षको वार्षिक प्रगति समीक्षा गरेको हुनुपर्ने ।

### सूचकको ब्याख्या

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २११ अनुसार वार्षिक प्रगति समीक्षा गरेको हुनुपर्ने ।

### पुष्ट्याईको आधार र सूचनाको स्रोत

- ➢ समीक्षा गोष्ठीमा उपस्थितिका लागि आमन्त्रण गरिएका पत्र
- ➢ गत आ.व. को प्रगति समीक्षा प्रतिवेदन
- ➢ समीक्षा बैठकको निर्णय पुस्तिका (योजना शाखा, बैठक शाखा एवं जिल्ला सूचना तथा अभिलेख केन्द्रमा प्राप्त हुने)।
  - ❖ गत आ.व. को वार्षिक प्रगति समीक्षा चालू आ.व. को पहिलो ६ महिना भित्र गरेको हुनुपर्ने ।

## सूचक नं. १.५ (MC-5) जि.वि.स. ले स्थानीय स्वायत्त शासन ऐन, नियमावली र जिविस

**अनुदान सञ्चालन तथा अन्य कार्यक्रम सञ्चालन कार्यबिधि र निदेशिकाहरुमा उल्लेख भए वमोजिमका प्रतिवेदनहरु सम्बधित निकायहरुमा तोकिएको समयमै पठाउने गरेको हुनुपर्ने ।**

### सूचकको ब्याख्या

जि.वि.स. ले स्थानीय स्वायत्त शासन ऐन/नियम वा अनुदान तथा कार्यक्रम संचालन कार्यबिधि र निर्देशिकाहरुमा उल्लेख भए वमोजिम जिल्ला परिषद्को निर्णय, जि.वि.स. बैठकको निर्णय, वार्षिक जिल्ला विकास योजना पुस्तिका, वार्षिक समीक्षा गोष्ठीको प्रतिवेदन र वार्षिक आर्थिक विवरणहरु तथा प्रगति प्रतिवेदनहरु मन्त्रालयमा पठाएको हुनुपर्ने ।

### पुष्ट्याईको आधार

उल्लेखित प्रतिवेदनहरु पठाएको पत्र, प्रतिवेदन, वित्तीय तथा भौतिक प्रगति विवरणको कार्यालय प्रति (Office Copy)

प्राप्त गरी अध्ययन गर्ने ।

### सूचनाको स्रोत

योजना शाखा, बैठक शाखा, आर्थिक प्रशासन शाखा र जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

## ३.२ वित्तीय व्यवस्थापन (Financial Management)

**सूचक नं. २. १ (MC-6) गत आ.व. भन्दा अघिल्लो आर्थिक वर्षको आय-व्यय विवरण तयार गरी अन्तिम लेखापरीक्षण गराएको हुनुपर्ने ।**

### सूचकको ब्याख्या

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ वमोजिम हुनुपर्ने ।

### पुष्ट्याईको आधार र सूचनाको स्रोत

- अन्तिम लेखापरीक्षणको लागि पेश गरिएको पत्र सहितको आय व्यय विवरण आर्थिक प्रशासन शाखा र जिल्ला
  सूचना तथा अभिलेख केन्द्रबाट प्राप्त गर्ने ।
- गत आ.व. भन्दा अघिल्लो आ.व. को म.ले.प. प्रतिवेदनको अध्ययन गर्ने ।

**सूचक नं. २.२ (MC-7) गत आ.व.को जिल्ला विकास कोषको वार्षिक आय-व्यय विवरण र आर्थिक विवरण तयार गरेको हुनुपर्ने ।**

### सूचकको ब्याख्या

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९६ वमोजिम तयार गरिएको अन्तिम विवरण (मस्यौदा होईन) ।

### पुष्ट्याईको आधार र सूचनाको स्रोत

- आर्थिक विवरणको कागजात र प्रतिवेदन ।

  गत आ.व. को आय-व्यय तथा आर्थिक विवरण प्राप्त गर्ने ।

(आर्थिक प्रशासन शाखा र जिल्ला सूचना तथा अभिलेख केन्द्रबाट प्राप्त हुने)

**सूचक नं. २.३ (MC-8) जि.वि.स. ले जिल्ला विकास कोष (गैर कार्य संचालन खाता Non-operating Account) बाट संचालन खाता (Operating Account) मा निकासा दिंदा परिषद बाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अनुरुप गरेको हुनुपर्ने । केन्द्रबाट प्राप्त हुने वित्तीय स्रोतको हकमा अख्तियारी एवं स्वीकृति बमोजिम निकासा दिएको हुनु पर्ने ।**

### सूचकको ब्याख्या

जिल्ला विकास समितिले आफ्नो कार्यसंचालन खाता वा विषयगत कार्यालय, गाविस, न.पा. एवं अन्य संघसंस्थालाई परिषद्बाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमको परिधिभित्र रहेर मात्र निकासा गरे/नगरेको विश्लेषण गर्ने ।

### पुष्ट्याईको आधार र सूचनाको स्रोत

- जिल्ला विकास योजनाको वार्षिक बजेट कार्यक्रम पुस्तिका, जिल्ला परिषद्को माइन्यूट, निकासा सम्बन्धी चिट्ठी पत्रहरु ।
- योजना शाखा, आर्थिक प्रशासन शाखा र बैठक शाखाबाट प्राप्त गर्ने ।

**सूचक नं. २.४ (MC-9) आन्तरिक लेखापरीक्षण शाखाको स्थापना गरी कर्मचारीको स्थायी पदपूर्ति गरेको हुनुपर्ने ।**

### सूचकको ब्याख्या

स्था. स्वा.शा. ऐन, २०५५ को दफा २३२ र स्था.नि. आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५७ र ५८

अनुसार आलेप शाखामा स्थायी दरवन्दी पदपूर्ति भई कार्य सञ्चालन भइरहेको हुनुपर्ने ।

### पुष्ट्याईको आधार र सूचनाको स्रोत

- शाखा स्थापना सम्बन्धी निर्णय (संगठन संरचना चार्ट)
- स्थायी नियुक्ति पत्रको प्रतिलिपि ।
- स्थानीय विकास अधिकारी समक्ष पेश गरेको आ.ले.प. प्रतिवेदन ।
- प्रशासन, आ.ले.प. तथा आर्थिक प्रशासन शाखाबाट प्राप्त हुने ।

**सूचक नं. २.५ (MC-10) लेखापरीक्षण प्रतिवेदनले औल्याएका सवालहरुमा तोकिएको समयमै प्रतिक्रिया दिएको हुनुपर्ने ।**

**सूचकको ब्याख्या**

स्था.नि.आ.प्र. नियमावली, २०६४ को नियम २०५ को उप-नियम १ वमोजिम तोकिएको म्याद भित्र वा त्यस्तो म्याद
नतोकिएको भए ३५ दिन भित्र प्रतिक्रिया पठाएको हुनुपर्ने र म.ले.प. को प्रतिवेदनलाई अभिलेखन गरेको हुनुपर्ने ।

**पुष्ट्याईको आधार र सूचनाको स्रोत**

- म.ले.प. प्रतिवेदनको प्रतिक्रिया पठाइएको पत्रको प्रतिलिपि (आ.ले.प. शाखा र जिल्ला सूचना तथा अभिलेख
  केन्द्रवाट प्राप्त हुने) ।
- गत आ.व. भन्दा अघिल्लो आ.व. को म.ले.प.को प्रतिवेदनले माग गरेको जानकारी तथा बेरुजू उपर जि.वि.स.
  ले दिएको प्रतिकृयाको समयावधि र विवरणको समीक्षा गर्ने ।

**सूचक नं. २. ६ (MC-11) बेरुजूको लगत अद्यावधिक गरेको हुनुपर्ने ।**

**सूचकको ब्याख्या**

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६० अनुसूची ७५ वमोजिमको बेरुजू अभिलेख खाता
अद्यावधिक गरी राखेको हुनुपर्ने ।

**पुष्ट्याईको आधार र सूचनाको स्रोत**

- गत आ.व. भन्दा अघिल्लो आर्थिक बर्षसम्मको कूल बेरुजूको लगत सहितको बेरुजू लगत अभिलेख खाता (आर्थिक
  प्रशासन शाखा वा आ.ले.प. शाखाबाट प्राप्त हुने) ।

- फर्छ्यौट बेरुजूको विवरण उक्त अभिलेख कितावमा जनाएको हुनु पर्ने ।

**सूचक नं.२ ७ (MC-12) जि.वि.स.ले सवै गाँउ विकास समितिहरुको गत आ.व. भन्दा अघिल्लो आ.व. को अन्तिम लेखा परीक्षण गत आ.व. भित्र सम्पन्न गराउनका लागि लेखा परीक्षक नियुक्त गरी सकेको हुनुपर्ने ।**

**सूचकको ब्याख्या**

ऐनको दफा ६९ र स्था. नि. आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५९ वमोजिम जिल्लाका

सबै गाँउ विकास समितिहरुको गत आ.व. भन्दा अघिल्लो आ.व.को अन्तिम लेखा परीक्षण गर्नका लागि गत आ.व. भित्र लेखा परीक्षण सम्पन्न गर्ने गरी लेखा परीक्षक नियुक्त गरीसकेको हुनुपर्ने ।

### पुष्ट्याईको आधार र सूचनाको स्रोत

सबै गा.वि.स.को अन्तिम लेखा परीक्षण का लागि दिईएको लेखा परीक्षक नियुक्ति पत्र र ले.प.प्रतिवेदन । (कुनै गा.वि.स.को अन्तिम लेखा परीक्षण गत आ व भित्र सम्पन्न गरी सक्ने गरी  लेखा परीक्षक नियुक्ति नगरेको भएमा न्यूनतम शर्त पुरा नगरेको मानिने छ ।)

## ३.३ समितिहरुको गठन र क्रियाशीलता

## (Formation and Functioning of Committees)

### सूचक नं. ३.१ (MC-13) जि.वि.स.मा सुपरिवेक्षण तथा अनुगमन उप-समिति गठन भई क्रियाशील भएको हुनुपर्ने ।

### सूचकको ब्याख्या

उप-समितिको गठन सम्बन्धी निर्णय, उप-समितिको बैठकको माइन्यूट तथा उप-समितिका प्रतिवेदन जस्ता

क्रियाशिलता देखाउने प्रमाण भएको हुनुपर्ने । (स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २०२ वमोजिम)

(यो सूचक स्थानीय निकायहरुमा जनप्रतिनिधिहरुको बहाल भएको अवस्थामा मात्र क्रियाशील हुनेछ ।)

### पुष्ट्याईको आधार र सूचनाको स्रोत

बैठकको निर्णय तथा जि.वि.स. मा पेश गरिएको प्रतिवेदन (वैठक तथा योजना शाखाबाट प्राप्त हुने)

### सूचक नं. ३.२ (MC-14) लेखा समितिको गठन भई क्रियाशील भएको हुनुपर्ने ।

### सूचकको ब्याख्या

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १८८ को उपदफा ४ अनुसार लेखा समिति गठन भएको हुनुपर्ने ।

(यो सूचक स्थानीय निकायहरुमा जनप्रतिनिधिहरुको बहाल भएको अवस्थामा मात्र क्रियाशील हुनेछ ।)

### पुष्ट्याईको आधार र सूचनाको स्रोत

परिषद्को निर्णय (बैठक/योजना तथा आन्तरिक लेखापरीक्षण शाखाबाट प्राप्त हुने) ।

## ३.४ पारदर्शिता (Transparency)

**सूचक नं. ४. १ (MC-15) सूचना तथा अभिलेख केन्द्रको स्थापना गरी तोकिएका न्यूनतम सूचना तथा अभिलेखहरू राखेको हुनुपर्ने ।**

### सूचकको ब्याख्या

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१२ वमोजिम निम्नलिखित दस्तावेजहरु हुनुपर्नेः

- आवधिक जिल्ला विकास योजना (तर्जुमा भएको भए) सोको डकुमेन्ट/पुस्तिका
- विगत दुई आ.व.को वार्षिक लेखा परीक्षण प्रतिवेदन ।
- विगत दुई आ.व.को वार्षिक समीक्षा गोष्ठीको प्रतिवेदन (स्था.स्वा.शा.ऐन, २०५५ को दफा २११ अनुसार) ।
- विगत दुई आ.व.को जि.वि.स.को वार्षिक योजना (बजेट तथा कार्यक्रम) पुस्तिका ।

(सूचना केन्द्रमा रहने विवरण/प्रतिवेदनहरु दर्ता गरी राख्नु पर्ने र सम्वन्धित सरोकारवालाहरुको पहुँच हुनुपर्ने)

नोट : १ उपरोक्त मध्ये कुनै एक सूचक मात्र पनि पूरा नभएमा न्यूनतम शर्त पूरा नभएको मानिनेछ ।

### पुष्ट्याईको आधार र सूचनाको स्रोत

- सूचना तथा अभिलेख केन्द्रमा रहेका सम्वन्धित प्रतिवेदनहरु ।
- अध्ययन टोलीले उपरोक्त अनुसारका सूचनाहरुको प्रत्यक्ष अवलोकन गर्नुपर्ने छ ।

खण्ड : ४

# कार्यसम्पादन मापनका सूचकहरु
# (Indicators for Performance Measures-PMs)

## ४.१ कार्यसम्पादन मापन (Performance Measures)

यस खण्डमा जि.वि.स. ले गर्ने कार्यसम्पादनका क्षेत्रहरुका सूचक समावेश गरिएको छ। यस अन्र्तगत जि.वि.स. ले गर्नुपर्ने विभिन्न कार्यसम्पादनका क्षेत्र अनुसार कार्यसम्पादनको स्तर भए/नभएको मापन गरिन्छ । कार्यसम्पादन मापनको लागि योजना तर्जुमा तथा कार्यक्रम व्यवस्थापन क्षमता, बजेट व्यवस्थापन, वित्तीय व्यवस्थापन, वित्तीय स्रोत परिचालन क्षमता, बजेट निकासा र कार्यक्रम कार्यान्वयन, सञ्चार र पारदर्शिता, अनुगमन तथा मूल्याकंन र संगठन संरचना, सेवा प्रवाह र सम्पत्ति व्यवस्थापन गरी ८ वटा कार्यक्षेत्र निर्धारण गरिएको छ । कार्यसम्पादन मापनका सूचकहरुका आधारमा अंक प्रदान गरी जि.वि.स. हरुको सम्बन्धित कार्यक्षेत्रको स्तरको मूल्याकंन गरिन्छ । प्रत्येक कार्यसम्पादनका क्षेत्रमा अधिकतम प्राप्त गर्न सक्ने अंक र न्यूनतम प्राप्त गर्नुपर्ने अंकको व्यवस्था गरिएको छ। जि.वि.स. ले प्रत्येक कार्यसम्पादनका क्षेत्रमा न्यूनतम भन्दा बढी अंक प्राप्त गर्न सकेमा थप अनुदान दिएर पुरस्कृत गर्ने गरिन्छ । तर कार्यसम्पादनका सबै क्षेत्रमा तोकिएको न्यूनतम अंक प्राप्त गर्न नसक्ने जि.वि.स.को अनुदान मध्ये पूँजिगत अनुदान रकम कटौती हुनेछ।

कार्य सम्पादन मापनका लागि निश्चित गरिएका आठवटा कार्यक्षेत्र अन्तर्गत जम्मा बैसट्ठी (६२) वटा सूचकहरु निर्धारण गरिएका छन्। तर, हाल मूल्यांकनको लागि जम्मा सन्ताउन्न (५७) सूचकहरुको निर्धारण गरिएको छ। त्यसको कूल अंकभार १०० छ। न्यूनतम शर्त पूरा गरेका जि.वि.स. ले कार्य सम्पादन मापनका प्रत्येक क्षेत्रमा तोकिएको न्यूनतम अंक प्राप्त गरी उत्तीर्ण हुनुपर्ने व्यवस्था गरिएको छ। कार्यक्षेत्र तथा अन्तर्गतका सूचकहरुको विवरण र प्रत्येक सूचकमा प्राप्त गर्न सक्ने अंक देहाय वमोजिम उल्लेख गरिएको छ।

## ४.२ कार्यसम्पादन मापनका सूचकहरू

### ४.२.१. योजना तथा कार्यक्रम व्यवस्थापन क्षमता
### (Planning and Programme Management Capacity)

यस क्षेत्र अन्तर्गत जम्मा नौ (९) वटा सूचकहरु र त्यसका कूल अङ्कभार सत्र (१७) रहेको छ। तर हाल ८ वटा सूचकहरुका आधारमा मात्र मूल्याकंन गरिनेछ, जसको कूल अंकभार १५ निर्धारण गरिएको छ । सो मध्ये जि.वि.स. ले न्यूनतम ६ अंक प्राप्त गर्नुपर्दछ। यस कार्य क्षेत्र अन्तरगतका सूचकहरु निम्नानुसार छन्।

| सू.नं | सूचक | अंक भार |
| --- | --- | --- |
| १ | जि.वि.स. ले गाविस, नगरपालिका र विषयगत कार्यालय/शाखालाई बजेट सिलिङ्ग र मार्गदर्शन पठाउनुपर्ने । सो मार्गदर्शनमा पूर्व योजना तर्जुमा गोष्ठी गरी गरीबमुखी नीति (Pro Poor Policy), राष्ट्रिय र जिल्ला विकासका प्राथमिकताहरु र कार्यक्रम छनौटका आधारहरु खुलाई पठाइएको हुनुपर्ने । | २ |
| २ | सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी वार्षिक योजना तर्जुमा भएको हुनुपर्ने । | २ |
| ३ | जिल्ला विकास योजना तर्जुमा गर्दा आयोजना छनौटका आधारहरु पालना गरिएको हुनुपर्ने । | २ |
| ४ | जिल्लाको आवधिक योजना, विषयगत योजना (जस्तै : जिल्ला यातायात गुरु योजना, जिल्ला शिक्षा योजना, जिल्ला कृषि योजना, जिल्ला स्वास्थ्य योजना, आदि), स्रोत नक्सा र गरिवी नक्सांकनको आधारमा वार्षिक योजना तर्जुमा गरेको हुनुपर्ने । | २ |
| ५ | जिल्लाको वार्षिक योजना तर्जुमा गर्दा विषयगत योजना तर्जुमा समितिको वैठकमा गैसस, नागरिक समाज, महिला प्रतिनिधि तथा बालबालिका/अन्धा अपाङ्गसंग सम्बन्धित संघ संस्थाहरुलाई आमन्त्रण गरिएको हुनुपर्ने । | २ |
| ६ | भौतिक पूर्वाधारका योजनाहरुको जिल्ला परिषद्बाट स्वीकृति हुनुभन्दा अगाडि नै पूर्व सम्भाव्यता अध्ययन (Pre-Feasibility Study) गरिएको हुनुपर्ने । | १ |
| ७ | भौतिक पूर्वाधार विकासका योजनाहरुका लागि लागत अनुमान अनुरुप नै बजेट विनियोजनको व्यवस्था गरेको हुनुपर्ने । | २ |
| ८ | सम्पन्न भौतिक पूर्वाधार योजनाहरुको लागि मर्मत संभार कोषको स्थापना गरी आयोजनाहरुको मर्मत संभारको व्यवस्था गरिएको हुनुपर्ने । | २ |
| ९ | आवधिक जिल्ला विकास योजना तयार भई कार्यान्वयनमा आएको हुनुपर्ने । (**यो सूचक जनप्रतिनिधि बहाल भएपछि लागू हुनेछ ।**) | २ |

## ४.२.२.बजेट व्यवस्थापन (Budget Management)

यस क्षेत्र अन्तर्गत छ (६) वटा सूचकहरु र त्यसको कूल अंकभार एघार (११) निर्धारण गरिएको छ । जसमध्ये जि.वि.स. ले न्यूनतम ४ अंक प्राप्त गर्नुपर्दछ । यस कार्य क्षेत्र अन्तरगतका सूचकहरु निम्नानुसार छन् ।

| सि.नं | सूचक | अंक भार |
|---|---|---|
| १ | स्वीकृत लागत अनुमानको परिधि भित्र रही भौतिक पूर्वाधारका योजनाहरू सम्पन्न भएको हुनुपर्ने । | २ |
| २ | प्रक्षेपण गरिएको आन्तरिक आय र संकलित यथार्थ आन्तरिक आयको तुलनात्मक स्थिति । | २ |
| ३ | वार्षिक योजनाले बृद्धबृद्धा, अपाङ्ग, असहाय, दलित, आदिवासी जनजाति तथा पिछडिएको वर्गलाई लक्षित गरी आन्तरिक आय तथा अनुदान रकमबाट बजेट विनियोजन गरेको हुनुपर्ने । | २ |
| ४ | वार्षिक योजनाले महिला तथा बालबालिकाको प्रत्यक्ष हित हुने गरी वार्षिक योजना तर्जुमा गरी बजेट समेत विनियोजन गरेको हुनु पर्ने । | १ |
| ५ | विशेष कोषको स्थापना गरी स्था.नि.आ.प्र. नियमावली अनुसार आवश्यक रकम समेत विनियोजन गरेको हुनुपर्ने । | २ |
| ६ | जि.वि.स. ले सरकार तथा अन्य दातृ संस्थासँगको सम्झौता वमोजिम समपूरक कोष जम्मा गरेको हुनु पर्ने । | २ |

## ४.२.३ वित्तीय व्यवस्थापन (Financial Management)

यस क्षेत्र अन्तर्गत दस (१०) वटा सूचकहरु र त्यसको कूल अंकभार सत्र (१७) रहेको छ । तर हाल मूल्यांकन प्रयोजनको लागि जम्मा ९ वटा सूचकहरु र त्यसको अंकभार पन्ध्र (१५) कायम गरिएको छ जसमध्ये जि.वि.स. ले न्यूनतम ६ अंक प्राप्त गर्नुपर्दछ । यस कार्य क्षेत्र अन्तरगतका सूचकहरु निम्नानुसार छन् ।

| सि.नं | सूचक | अंक भार |
|---|---|---|
| १ | आर्थिक वर्षको अन्तमा पेश्की बाँकीको स्थिति । | २ |
| २ | स्वीकृत नियमको परिधिभित्र रही आर्थिक सहायता प्रदान गरेको । | २ |
| ३ | गत आ.व. भन्दा अघिल्लो आ.व. को कूल खर्चमा लेखापरीक्षण प्रतिवेदनले देखाएको आर्थिक | २ |
| ४ | बेरुजू फछ्र्यौट गरिएको प्रतिशत । | २ |
| ५ | गत आ.व.मा भएको खर्चमध्ये भुक्तानी गर्नुपर्ने बाँकी दायित्वको स्थिति । | २ |
| ६ | जि.वि.स. ले वार्षिक खरिद योजना तयार गरेको हुनुपर्ने । | १ |
| ७ | धरौटी खाता रकमको संचालन स्थिति । | २ |
| ८ | कम्प्यूटर एकाउन्टिंग प्याकेज (Computer Accounting Package) लागू गरी वित्तीय प्रतिवेदन | १ |
| ९ | असूल उपर गर्नुपर्ने बेरुजूको लगत जानकारी र असूलीका लागि जिल्ला प्रशासन कार्यालयमा | १ |
| १० | लेखासमितिले वार्षिक कार्यतालिका तयार गरी परिषद्बाट स्वीकृत गराएको हुनुपर्ने । | २ |

## ४.२.४ वित्तीय स्रोत परिचालन क्षमता (Fiscal Resource Mobilization Capacity)

यस क्षेत्र अन्तर्गत छ (६) वटा सूचकहरु र त्यसको कूल अंकभार एघार (११) रहेको छ । सो मध्ये जि.वि.स. ले न्यूनतम ४ अंक प्राप्त गर्नुपर्दछ । यस कार्य क्षेत्र अन्तरगतका सूचकहरु निम्नानुसार छन् ।

| सि.नं | सूचक | अंक भार |
|---|---|---|
| १ | जिल्लामा उपलब्ध श्रोतबाट हुनसक्ने आन्तरिक आयको सम्भाव्यता अध्ययन गरी तद्नुरुप आम्दानी प्रक्षेपण गर्ने गरिएको हुनुपर्ने । | २ |
| २ | आन्तरिक आय वृद्धिको समष्टिगत स्थिति । | २ |
| ३ | नियमानुसार बाँडफाँड गरिनु पर्ने आन्तरिक आयको रकम सम्बन्धित नगरपालिका र गाविसहरूमा बाँडफाँड गरिएको स्थिति । | २ |
| ४ | आन्तरिक आयका श्रोत प्राप्तिका क्षेत्रहरुको स्थायित्व र दिगो विकासको लागि बजेट विनियोजन गर्ने गरेको । | २ |
| ५ | जि.वि.स. ले केन्द्रबाट राजस्व बाँडफाँड बापत प्राप्त रकम मध्येबाट सोही क्षेत्रको विकासको लागि प्राथमिकताका साथ बजेट विनियोजन गरी खर्च गर्ने गरेको । | २ |
| ६ | जि.वि.स. ले अलग राजश्व शाखा स्थापना गरेको वा कर्मचारी तोकी राजश्व सम्बन्धी काम कार्यवाही गराएको । | १ |

### ४.२.५ बजेट निकासा र कार्यक्रम कार्यान्वयन (Budget Release and Programme Execution)

यस क्षेत्र अन्तर्गत सात (७) वटा सूचक र त्यसको कूल अंकभार बाऱ्ह (१२) निर्धारण गरिएको छ । जसमध्ये जि.वि.स. ले न्यूनतम ४ अंक प्राप्त गर्नुपर्दछ । यस कार्य क्षेत्र अन्तरगतका सूचकहरु निम्नानुसार छन् ।

| सू.नं | सूचक | अंक भार |
|---|---|---|
| १ | गत आ.व. मा स्वीकृत कूल वार्षिक विनियोजनमध्ये वास्तविक खर्चको प्रतिशत । | २ |
| २ | गत आ.व.को कूल विनियोजित पूँजीगत बजेट मध्ये वास्तविक खर्चको प्रतिशत । | २ |
| ३ | वार्षिक लेखा हिसावमा महिला, बालबालिका, आदिवासी जनजाति, दलित, पिछडिएका वर्ग, अपाङ्ग र बृद्धबृद्धाहरुका आवश्यकता र हितलाई आवश्यकरुपमा सम्बोधन गरी आन्तरिक आय र अनुदानबाट खर्च गरेको हुनुपर्ने । | २ |
| ४ | प्रशासनिक खर्चको सीमा पालनाको स्थिति । | २ |
| ५ | राजश्व बाँडफाँडबाट प्राप्त रकम प्रशासनिक कार्यमा खर्च गर्न नहुने । | १ |
| ६ | रु १५ लाख वा सो भन्दा बढीका ठूला योजनाहरुको संचालन तथा मर्मत संभारको लागि विनियोजित रकम बमोजिम खर्च भएको हुनुपर्ने । | २ |
| ७ | विगत ३ (तीन) आ.व. भित्र रु. ५ लाख वा सोभन्दा बढीको लागतमा सम्पन्न भएका पूर्वाधार विकासका योजनाहरुको अभिलेख (Project Inventory Profile) खडा गरिएको हुनुपर्ने । | १ |

## ४.२.६ सञ्चार र पारदर्शिता (Communication and Transparency)

यस क्षेत्र अन्तर्गत नौ (९) वटा सूचकहरु र त्यसको कूल अंकभार सोन्ह (१६) रहेको छ । तर हाल ८ वटा सूचकहरु मूल्यांकन प्रयोजनको लागि निर्धारण गरिएको छ जसको कूल अंकभार चौध (१४) कायम गरिएको छ । सो मध्ये जि.वि.स. ले न्यूनतम ५ अंक प्राप्त गर्नुपर्दछ । यस कार्य क्षेत्र अन्तरगतका सूचकहरु निम्नानुसार छन् ।

| सू.नं | सूचक | अंक भार |
|---|---|---|
| १ | योजना छनौटका आधारहरु, स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सार्वजनिक सूचना गरेको हुनुपर्ने । | २ |
| २ | जि.वि.स. ले आफ्नो वार्षिक आय-व्ययका विवरणहरू सार्वजनिक गरेको हुनुपर्ने । | २ |
| ३ | रु. ३ लाख वा सो भन्दा माथिका आयोजनाहरुमा आयोजना सम्बन्धी विवरण समेटिएको परियोजना सूचनापाटी (Project Information Board) योजना स्थलमा राखेको हुनुपर्ने । | २ |
| ४ | अन्तिम लेखा परीक्षण (मलेप) प्रतिवेदन परिषद्मा प्रस्तुत गरेको र मलेप प्रतिवेदन सार्वजनिक समेत गरेको हुनुपर्ने । | १ |
| ५ | जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना र संचालन स्थिति । | २ |
| ६ | जि.वि.स. बाट गरिएको विकास निर्माण र सेवा प्रवाहका कार्यको सार्वजनिक सुनुवाईको व्यवस्था भएको हुनुपर्ने । | २ |
| ७ | जि.वि.स. ले सम्पन्न न्यूनतम शर्त (MCs) तथा कार्यसम्पादन मापन (PMs) को नतीजा विभिन्न संचार माध्यमहरु, सूचनापाटी वा योजना तर्जुमा तथा समीक्षा गोष्ठी मार्फत सार्वजनिक गरेको हुनुपर्ने । गाविसको न्यूनतम शर्त मापन गरी सो को नतिजा समेत विभिन्न सञ्चार माध्यमहरु, सूचना पाटी वा योजना तर्नुमा तथा समक्षिा गोष्ठी मार्फत सार्वजनिक गरेको हुनुपर्ने । **(यो underline गरिएको व्यहोरा आ.व. ०६६।६७ को कार्यको मूल्यांकन देखि हेरिनेछ ।)** | २ |
| ८ | जि.वि.स. ले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमहरुको आर्थिक वर्ष समाप्त भएको चार महिना भित्र सामाजिक परीक्षण गराउनु पर्ने । | १ |
| ९ | जि.वि.स. का पदाधिकारीहरूको आचारसंहिता तर्जुमा भई सार्वजनिक भएको हुनुपर्ने । **(यो सूचक जनप्रतिनिधि बहाल भएपछि लागू हुनेछ ।)** | २ |

## ४.२.७. अनुगमन तथा मूल्यांकन (Monitoring and Evaluation)

यस क्षेत्र अन्तर्गत सात (७) वटा सूचकहरु र त्यसको कूल अंकभार चौध (१४) रहेको छ । तर हाल मूल्यांकन प्रयोजनको लागि जम्मा ५ वटा सूचकहरु निर्धारण गरिएको छ र त्यसको अंकभार १० कायम गरिएको छ । सो मध्ये जि.वि.स. ले न्यूनतम ३ अंक प्राप्त गर्नुपर्दछ । यस कार्य क्षेत्र अन्तरगतका सूचकहरु निम्नानुसार छन् ।

| सू.नं | सूचक | अंक भार |
|---|---|---|
| १ | अनुगमन तथा मूल्यांकनको कार्यान्वयन स्थिति । | २ |
| २ | तोकिएको ढाँचा र निर्धारित समयभित्र मासिक तथा वार्षिक विवरण पठाउने गरिएको स्थिति । | २ |
| ३ | पूर्वाधार विकास सम्बन्धी योजनाहरुको कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र जाँचपास तथा फरफारक भएको हुनुपर्ने । | २ |
| ४ | दुई वर्ष अघि सम्पन्न भइसकेका रु. १५ लाख वा सोभन्दा माथिका आयोजना/कार्यक्रम हरुको प्रभावको मूल्यांकन (Impact Evaluation) गरेको हुनुपर्ने । | २ |
| ५ | आर्थिक वर्षको अन्तमा जि.वि.स. ले दातृ संस्थाहरुबाट संचालित योजना/कार्यक्रम र बजेट कार्यान्वयनको समीक्षा गरी जिल्लावासी लगायत अन्य साझेदारहरुलाई जानकारी गराएको हुनुपर्ने । | २ |
| ६ | सुपरिवेक्षण तथा अनुगमन उपसमितिको गठन भएको र नियमित बैठक बसेको हुनुपर्ने । **(यो सूचक जनप्रतिनिधि बहाल भएपछि लागू हुनेछ ।)** | २ |
| ७ | जि.वि.स. को सुपरिवेक्षण तथा अनुगमन उपसमितिले पेश गरेको प्रतिवेदन उपर जि.वि.स. को बैठकमा छलफल र सो सम्बन्धि निर्णय । **(यो सूचक जनप्रतिनिधि बहाल भएपछि लागू हुनेछ ।)** | २ |

## ४.२.८. संगठन संरचना, सेवा प्रवाह र सम्पत्ति व्यवस्थापन

## (Organization Structure, Service Delivery and Property Management)

यस क्षेत्र अन्तर्गत आठ (८) वटा सूचकहरु र त्यसको कूल अंकभार बाह्र (१२) रहेको छ । सो मध्ये जि.वि.स. ले न्यूनतम ४ अंक प्राप्त गर्नुपर्दछ । यस कार्य क्षेत्र अन्तरगतका सूचकहरु निम्नानुसार छन् ।

| सि.नं | सूचक | अंक भार |
|---|---|---|
| १ | जि.वि.स. को संगठन विकास (OD) अध्ययन वा संरचनागत मूल्याङ्कन भएको र कर्मचारीको कार्य विवरण (Job Description) लागू भएको हुनुपर्ने । | २ |
| २ | जि.वि.स. ले आफ्नो सम्पत्तिको विवरण तयार गरी अध्यावधिक गरेको हुनुपर्ने । | २ |
| ३ | जिन्सी निरीक्षणको स्थिति । | २ |
| ४ | आन्तरिक वित्तीय अनुशासन र लेखापरीक्षण व्यवस्थित गर्नको लागि गरिएको प्रयास । | १ |
| ५ | पदपूर्ति समितिको गठन र क्रियाशीलताको स्थिति । | १ |
| ६ | जि.वि.स. कर्मचारीहरुको नियमित बैठक गरे/नगरेको स्थिति । | १ |
| ७ | सेवा प्रवाह प्रभावकारी पार्ने सम्बन्धमा भएको प्रयास । | १ |
| ८ | जि.वि.स. को क्षमता विकास योजना तर्जुमा भई परिषद्वाट स्वीकृत भएको हुनुपर्ने । **यो सूचक २०६६।०६७ को मूल्यांकन देखि MC को रुपमा लागु हुनेछ ।** | २ |

खण्ड : ५

# कार्यसम्पादन मापनका सूचकहरुको व्याख्या र मापन विधि (Explanation and Assessment Process of PM's Indicators)

## ५.१ योजना तथा कार्यक्रम व्यवस्थापन क्षमता (Planning and Programme Management Capacity)

सूचक संख्या : ८ वटा अंकभार : प्राप्त गर्नुपर्ने न्यूनतम अंक ६, प्राप्त गर्न सक्ने अधिकतम अंक १५

**सूचक नं. १.१. (PM-1) जि.वि.स. ले गाविस, नगरपालिका र विषयगत कार्यालय/शाखालाई बजेट सिलिङ्ग र मार्गदर्शन पठाउनुपर्ने । सो मार्गदर्शनमा पूर्व योजना तर्जुमा गोष्ठी गरी गरीबमुखी नीति (Pro Poor Policy), राष्ट्रिय र जिल्ला विकासका प्राथमिकताहरु र कार्यक्रम छनौटका आधारहरु खुलाई पठाइएको हुनुपर्ने।**

### सूचकको ब्याख्या

जि.वि.स. ले गत आ.व.मा चालु आ.व.को लागि गाविस, नगरपालिका र विषयगत कार्यालय/शाखालाई केन्द्रबाट प्राप्त र आफुले प्रदान गर्न सक्ने थप रकम भए सो समेत समावेश गरी बजेट सिलिङ्ग र मार्गदर्शन गाउँ र नगर परिषद् हुनु अगावै पठाइ सकेको हुनुपर्ने ।

**नोट** : गरीबमुखी नीति भन्नाले ग्रामीण क्षेत्रको आय आर्जनमा सघाउ पुऱ्याउने कार्यक्रमहरु, ग्रामीण क्षेत्रको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु र सामाजिक परिचालन तथा लक्षित कार्यक्रमको लागि गरिने प्रयत्न आदिलाई जनाउँछ ।

- ❖ गत आ.व.मा चालु आ.व.को वार्षिक योजना तर्जुमा सन्दर्भमा पठाईएको वजेट सिलिङ्ग र मार्गदर्शनको अध्ययन गरीने ।

### मापनको आधार

बजेट सिलिङ्ग र मार्गदर्शन पठाएको पत्र, सो सम्बन्धी संचालन गरिएको गोष्ठी तथा अन्य विवरणको प्रतिलिपि प्राप्त गर्ने । सो सूचनाको प्रतिलाई जिल्ला विकास समितिको मिति खुलेको चलानी किताबबाट भिडान गर्ने ।

### सूचनाको श्रोत

योजना शाखा , बैठक शाखा ।

अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| पूर्व योजना तर्जुमा गोष्ठी गरी गरिवीमुखी नीति, राष्ट्रिय तथा जिल्ला विकासका प्राथमिकता र कार्यक्रम छनोटको आधार र बजेट सिलिङ्ग समेत समावेश गरी मार्ग दर्शन पठाइएकोमा | २ |
| ब्जेट सिलिङ्ग मात्र पठाएकोमा | १ |

## सूचक नं. १.२ (PM-2) सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी वार्षिक योजना तर्जुमा भएको हुनुपर्ने।

### सूचकको ब्याख्या

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १९७ र स्था.स्वा.शा. नियमावली २०५६ को नियम १९९ वमोजिम गर्ने ।

### मापनको आधार

सहभागितामूलक योजना तर्जुमाका लागि आयोजना गरिएका इलाका स्तरीय गोष्ठी, विषयगत योजना तर्जुमा समितिको बैठक, एकीकृत योजना तर्जुमा समितिको बैठकमा भएका निर्णय सम्वन्धी विवरणहरु विश्लेषण गर्ने ।

गत आ.व.मा चालु आ.व.को योजना तर्जुमा र स्वीकृती गर्ने प्रकृयाहरुको अध्ययन/विश्लेषण गर्ने ।

### सूचनाको श्रोत

जि.वि.स. को योजना शाखा र जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| योजना तर्जुमाका सबै चरणहरु जस्तै इलाका गोष्ठी, बिषयगत योजना तर्जुमा समिति, एकीकृत योजना तर्जुमा समितिदेखि जिल्ला परिषदसम्मको प्रक्रियामा सबै सरोकारवाला तथा संघ संस्थाहरुबाट अधिकतम सहभागिताका साथ योजना तर्जुमा कार्य सम्पन्न गरिएमा | २ |
| सबै चरणहरु पूरा गर्न प्रयास गरिएको तर पूर्ण सहभागितात्मक हुन नसकेकोमा | १ |
| उपरोक्त वमोजिम नभएमा | ० |

## सूचक नं. १.३ (PM-3) जिल्ला विकास योजना तर्जुमा गर्दा योजना छनौटका आधारहरु पालना गरिएको हुनुपर्ने ।

## सूचकको ब्याख्या

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २०१ र २०२ वमोजिमका आवधिक जिल्ला विकास योजना तर्जुमा भएको भए त्यसले प्राथमिकीकरण गरेका सूचकहरु र जि.वि.स. ले निर्धारण गरेका प्राथमिकीकरणका अन्य आधारमा योजना छनौट गरिएको हुनुपर्ने ।

- ❖ गत आ.व. मा चालू आ.व. को जिल्ला विकास योजना तर्जुमा गर्ने सन्दर्भमा योजना छनौटका आधारहरु पालना गरे/नगरेको प्रकृयाको अध्ययन गरिने ।

## मापनको आधार

योजना छनौटका आधारमा प्राथमिकीकरणका सूचकहरु निर्धारण गरी योजना तर्जुमा गर्नु अगावै सार्वजनिक भए/नभएको र सोही सूचकका आधार वमोजिम योजनाहरु छनौट भए/नभएको विश्लेषण गर्ने । सार्वजनिक गरेको भए कुन कुन माध्यमवाट कहिले र कसरी सार्वजनिक गरिएको हो मूल्याकंन गर्ने ।

## सूचनाको श्रोत

योजना शाखा ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| योजना छनौटका लागि प्राथमिकीकरणका आधार र सूचक बनाई लागू गरिएको र सोको सार्वजनिक जानकारी समेत प्रदान गरिएकोमा | २ |
| योजना छनौटका लागि केही आधार तयार गरी लागू गरिएको तर सार्वजनिक रुपमा जानकारी नगराइएकोमा | १ |
| योजना छनौटका आधार नै नवनाइएको वा लागू नगरिएकोमा | ० |

# सूचक नं. १.४ (PM-4) जिल्लाको आवधिक योजना, विषयगत योजना (जस्तै : जिल्ला यातायात गुरु योजना, जिल्ला शिक्षा योजना, जिल्ला कृषि योजना, जिल्ला स्वास्थ्य योजना, आदि), स्रोत नक्सा र गरिवी नक्सांकनको आधारमा वार्षिक योजना तर्जुमा गरेको हुनुपर्ने ।

## सूचकको ब्याख्या

स्था.स्वा.शा. नियमावली, २०५६ को नियम १९७ र १९९ को ७ वमोजिम हुनुपर्ने ।

## मापनको आधार

जिल्लाको श्रोत नक्सा, विषयगत योजना र गरिबीको तथ्यांक विश्लेषण गरी वार्षिक योजना तर्जुमा गरिएको हुनुपर्ने ।

- ❖ गत आ.व. मा चालू आ.व. को जिल्ला विकास योजना तर्जुमाको सन्दर्भमा गरिएका प्रक्रियाको अध्ययन गरिने ।

## सूचनाको श्रोत

स्रोत नक्सा तथा वार्षिक योजना पुस्तिका (योजना शाखा र जिल्ला सूचना तथा अभिलेख केन्द्रबाट प्राप्त हुने) ।

अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| वार्षिक योजना तर्जुमा गर्दा जिल्लाको आवधिक योजना, विषयगत गुरु योजना (जस्तै : जिल्ला यातायात गुरु योजना, जिल्ला शिक्षा योजना, जिल्ला कृषि योजना, जिल्ला स्वास्थ्य योजना, आदि), स्रोत नक्सा, गरिवी नक्साङ्कन सबैको आधार लिई योजना तर्जुमा गरेकोमा | २ |
| उल्लेखित चारमध्ये कुनै दुई उपयोग गरी बार्षिक योजना तर्जुमा गरेमा | १ |
| उपरोक्त बमोजिम नगरेकोमा | ० |

## सूचक नं. १.५ (PM-5) गत आ.व.मा चालु आ.व.को जिल्ला वार्षिक योजनाको तर्जुमा गर्दा विषयगत योजना तर्जुमा समितिको बैठकमा गैसस, नागरिक समाज, महिला प्रतिनिधि र बालबालिका/अन्धा अपाङ्गसंग सम्बन्धित संघसंस्थाहरुलाई आमन्त्रण गरिएको हुनुपर्ने ।

### सूचकका ब्याख्या

जि.वि.स. ले जिल्लाको वार्षिक योजना तर्जुमाको क्रममा विषयगत योजना तर्जुमा समितिहरुको बैठकमा गैसस, नागरिक समाज, महिला प्रतिनिधि तथा बालबालिका/अन्धाअपाङ्गसंग सम्वन्धित संस्थालाई आमन्त्रण गरेको हुनुपर्ने ।

मूल्यांकन गरिने वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको विषयगत योजना तर्जुमा समितिको निर्णय प्रक्रिया अध्ययन गरिने ।

### मापनको आधार

विषयगत योजना तर्जुमा समितिको निर्णय पुस्तिका, सम्बन्धित सरोकारवालालाई आमन्त्रण गरिएको पत्र, उपस्थितिको रेकर्ड तथा अन्य सूचनाको अध्ययन गरिने ।

### सूचनाको श्रोत

योजना शाखा ।

अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| वार्षिक योजना तर्जुमा गर्दा विषयगत योजना तर्जुमा समितिहरुका बैठकमा गैसस, नागरिक समाज तथा महिला प्रतिनिधि र बालबालिका/अन्धअपांगसंग सम्बन्धित संघसंस्थाका प्रतिनिधिलाई आमन्त्रण गरिएकोमा । | २ |
| माथिका चारमध्ये कुनै दुईलाई मात्र आमन्त्रण गरिएकोमा । | १ |
| एपरोक्त मध्ये दुई भन्दा कमलाई आमन्त्रण गरिएको वा कसैलाई पनि नगरिएको । | ० |

## सूचक नं.१.६ (PM-6) रु.पन्ध्र लाखभन्दा माथिका भौतिक पूर्वाधारका योजनाहरुको जिल्ला परिषदबाट स्वीकृति हुनुभन्दा अगाडि नै पूर्व सम्भाव्यता अध्ययन (Pre-Feasibility Study) गरिएको हुनुपर्ने ।

## सूचकको ब्याख्या

पूर्व संभाव्यता अध्ययनमा योजनाको प्राविधिक, सामाजिक, आर्थिक तथा वातावरणीय पक्ष आंकलन गरिएको हुनुपर्ने । पूर्व सम्भाव्यता अध्ययन गरिएका योजनाहरूको विवरण प्राविधिक शाखाबाट प्राप्त गरी लेखाजोखा गर्ने ।

नोट : नेपाल सरकार, अर्थमन्त्रालयद्वारा प्रकाशित बजेट तर्जुमा दिग्दर्शन (चौथो संस्करण २०६४) मा उल्लेख भए बमोजिम

## मापनको आधार

पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदनहरु विश्लेषण गर्ने ।

❖ गत आ.व.को परिषद्ले स्वीकृत गरेका रु. १५ लाख वा सोभन्दा माथि बजेट विनियोजन गरिएका भौतिक पूर्वाधार सम्वन्धी योजनाको विवरण संकलन गरी पूर्व सम्भाव्यता अध्ययन गरिने ।

## सूचनाको श्रोत

योजना शाखा, प्राविधिक शाखा (जिल्ला प्राविधिक कार्यालय) र जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| गत वर्ष स्वीकृत रु. १५ लाख भन्दा बढी लागतका योजनाहरू मध्ये ५०% वा सो भन्दा बढी योजनाहरुको पूर्व सम्भाव्यता अध्ययन भएकोमा | १ |
| ५०% वा सो भन्दा कम योजनाहरुको पूर्व सम्भाव्यता अध्ययन भएको वा त्यस्तो अध्ययन नै नभएकोमा | ० |

*नोट : कुनै जि.वि.स. मा रु. १५ (पन्ध्र) लाख वा सोभन्दा माथिका योजना नै नभएको अवस्थामा त्यस्ता जि.वि.स. लाई यस सूचकमा शून्य अंक दिइनेछ ।*

## सूचक नं.१.७ (PM-7) भौतिक पूर्वाधार विकासका योजनाहरुका लागि लागत अनुमान अनुरुप नै बजेट विनियोजनको व्यवस्था गरेको हुनुपर्ने ।

*(नोट : कम्तीमा रु. ५ (पाँच) लाख वा सोभन्दा बढी बजेट लाग्ने योजनाहरुको हकमा मात्र यो सूचक लागू हुने )*

## सूचकको ब्याख्या

योजना र बजेटमा तादात्म्यता हुनु पर्छ । योजनाहरुबारे निर्णय हुँदा योजनाको लागत, बजेटका स्थिति जस्ता कुरामा पर्याप्त विचार पुऱ्याइएको हुनुपर्छ ।

## मापनको आधार

गत आ.व.मा कम्तीमा रु. ५ लाख वा सो भन्दा बढी बजेट लगानी भएका योजनाहरुको विवरण प्राप्त गरी विश्लेषण गर्ने । योजनाको लागत अनुमान र बजेट विनियोजन स्थितिको विश्लेषण गर्ने र लागत अनुमानवारे विचार नै नगरी रकम छर्ने हिसाबले अपर्याप्त बजेट विनियोजन गरे/नगरेको समीक्षा गर्ने ।

गत आ.व.मा स्वीकृत भई संचालन भएका योजनाहरुको विवरण प्राप्त गरी समीक्षा गर्ने ।

## सूचनाको श्रोत

योजना शाखा, प्राविधिक शाखा (जिल्ला प्राविधिक कार्यालय) र जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| रु ५ लाख भन्दा बढीका ७५% वा सो भन्दा वढी पूर्वाधार विकासका योजनाहरुका लागि लागत अनुमान र कार्यतालिका वमोजिम बजेट व्यवस्था गरेको | २ |
| रु ५ लाख भन्दा बढीका ५०% वा सो भन्दा बढी तर ७५% भन्दा कम पूर्वाधार विकासका योजनाहरुका लागि लागत अनुमान र कार्यतालिका वमोजिम बजेट व्यवस्था गरेको | १ |
| रु ५ लाख भन्दा बढीका ५०% भन्दा कम पूर्वाधार विकासका आयोजनाहरुका लागि लागत अनुमान र कार्यतालिका वमोजिम बजेट व्यवस्था गरेको | ० |

**सूचक नं. १.८(PM-8) सम्पन्न भौतिक पूर्वाधारका योजनाहरुको लागि मर्मत संभार कोषको स्थापना गरी योजनाहरूको मर्मत संभारको व्यवस्था गरिएको हुनुपर्ने ।** (रु. १५ लाख भन्दा माथिका योजनामा छुट्टै योजनागत र अन्यको हकमा जिल्ला विकास समितिमा रहने विशेष मर्मत संभार कोष खाता स्थापना गरी बजेट बिनियोजन गरिएको)

## सूचकको ब्याख्या

योजना तर्जुमा गर्दाकै अवस्थामा मर्मत संभार कोष स्थापनाको व्यवस्था स्पष्ट रुपमा किटान गरिएको हुनुपर्ने । योजना सम्पन्न भएपछि त्यसको संचालन तथा मर्मत सम्भार व्यवस्थाको पहिचान गरिएको हुनुपर्ने । मर्मत संभार सम्बन्धी *तीन प्रमुख तत्वहरु - जिम्मेवार संस्थाको निश्चितता, स्रोतको व्यवस्था र सीपको लेखाजोखा* गरेको हुनुपर्ने ।

## मापनको आधार

योजना तर्जुमा दस्तावेजमा नै मर्मत संभारको लागि जिम्मेवार व्यक्ति/निकाय, लाग्ने बजेट, श्रोतको पहिचान र मर्मत संभारको कार्यविधि तोकिएको हुनुपर्ने ।

गत आ.व. मा रु १५ लाख वा सो भन्दा बढी लागत लागी सम्पन्न भएका र अन्य  योजनाहरुको विवरण प्राप्त गरी मर्मत संभारकालागि भएको व्यवस्थाको अध्ययन गर्नुपर्ने ।

## सूचनाको श्रोत

योजना शाखा/प्राविधिक शाखा (जिल्ला प्राविधिक कार्यालय) ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| ७५% वा सो भन्दा बढी आयोजनामा मर्मत संभार कोषको स्थापना गरी मर्मत संभार सम्वन्धी व्यवस्था भएकोमा | २ |
| ५०% वा सो भन्दा बढी तर ७५% भन्दा कम आयोजनामा मर्मत संभार कोषको स्थापना गरी मर्मत संभार सम्वन्धी व्यवस्था भएकोमा | १ |
| ५०% भन्दा कम आयोजनामा मर्मत संभार कोषको स्थापना गरी मर्मत संभार सम्वन्धी व्यवस्था भएकोमा | ० |

## सूचक नं. १.९ .(PM-9) आवधिक जिल्ला विकास योजना तयार भई कार्यान्वयनमा आएको हुनुपर्ने ।

### सूचकको ब्याख्या

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९५ (१) वमोजिम आजिवियो तयार भएको र त्यसको आधारमा वार्षिक जिल्ला विकास योजना तर्जुमा गर्ने गरिएको हुनुपर्ने ।।

### मापनको आधार

आवधिक जिल्ला विकास योजना र सो योजनाले परिलक्षित गरेका लक्ष्य, उद्देश्य, सूचक र नतीजाको तादात्म्य र अन्तर सम्बन्ध विश्लेषण गरिएको हुनुपर्ने ।

**(यो सूचक जनप्रतिनिधि वहाल भएपछि लागू हुनेछ ।)**

गत आ.व.मा चालू आ.व. को योजना तर्जुमा सन्दर्भमा अध्ययन गरिने ।

### सूचनाको श्रोत

आजिवियो दस्तावेज र वार्षिक योजना (योजना शाखा र जिल्ला सूचना तथा अभिलेख केन्द्रवाट प्राप्त हुने) ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| आवधिक जिल्ला विकास योजना तर्जुमा भई त्यसका लक्ष, उद्देश्य, नतीजा र सूचकहरुको आधारमा वार्षिक जिल्ला विकास योजना तयार हुने गरेकोमा । | २ |
| आवधिक जिल्ला विकास योजना भएको तर सोको आधारमा आंशिक रुपमा मात्र वार्षिक जिल्ला विकास योजनामा समावेश गर्ने गरिएको । | १ |
| आवधिक जिल्ला विकास योजना तर्जुमा नै नभएको । | ० |

# ५.२ बजेट व्यवस्थापन  (Budget Management)

सूचक संख्या : ६ वटा

अंकभार : प्राप्त गर्नुपर्ने न्यूनतम अंक ४, प्राप्त गर्न सक्ने अधिकतम अंक ११

## सूचक नं. २.१ (PM-10) स्वीकृत लागत अनुमानको परिधि भित्र रही भौतिक पूर्वाधारका योजनाहरू सम्पन्न भएको हुनुपर्ने ।

### सूचकको व्याख्या

स्वीकृत लागत, योजना सम्पन्न हुँदाको खर्च र कार्य सम्पन्न प्रतिवेदनहरु विश्लेषण गरी मापन गरिने ।

### मापनको आधार

कार्यसम्पन्न प्रतिवेदन तथा जाँचपाँसको निर्णय ।

- ❖ गत आ.व. मा सम्पन्न भएको रु. ३ लाख वा सो भन्दा बढी लागतका भौतिक पूर्वाधारका योजनाहरुको सूचीप्राप्त गरी विश्लेषण गरिने ।

### सूचनाको श्रोत

योजना शाखा तथा आर्थिक प्रशासन शाखा ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| कूल सम्पन्न योजनाहरुमध्ये ८०% वा सो भन्दा बढी योजनाहरु स्वीकृत लागत अनुमानको तुलनामा १०% भित्र घटी/बढी भई सम्पन्न भएकोमा | २ |
| कूल सम्पन्न योजनाहरुमध्ये ७०% देखि ८०% सम्म योजनाहरु स्वीकृत लागत अनुमानको तुलनामा १०% भित्र घटी/बढी भई सम्पन्न भएकोमा | १ |
| कूल सम्पन्न योजनाहरुमध्ये ७०% भन्दा कम योजनाहरु स्वीकृत लागत अनुमानको तुलनामा १०% भित्र घटी/बढी भई सम्पन्न भएकोमा | ० |

## सूचक नं.२.२ (PM-11) प्रक्षेपण गरिएको आन्तरिक आय र संकलित यथार्थ आन्तरिक आयको तुलनात्मक स्थिति ।

### सूचकको व्याख्या

जि.वि.स. ले ऐनको दफा २१५, २१६, २१७ ले दिएको अधिकार प्रयोग गरी आन्तरिक आयको अनुमान गर्न सक्दछन् । उपरोक्त बमोजिम अनुमान गरिएको आन्तरिक आयको तुलनामा यथार्थ आन्तरिक आयको विश्लेषण गर्नुपर्ने (सो विश्लेषणमा राजश्व बाँडफाँडबाट प्राप्त रकम, दानदातब्य र ऋण, अन्तर सरकारी हस्तान्तरण आदि समावेश गरिने छैन) ।

गत आ.व. को लागि प्रक्षेपण गरिएको आन्तरिक आय र यथार्थमा संकलित आन्तरिक आयको अध्ययन गरिने ।

### मापनको आधार

योजना तर्जुमाको दस्ताबेज र वार्षिक आर्थिक विवरण ।

### सूचनाको श्रोत

योजना शाखा तथा आर्थिक प्रशासन शाखा ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| प्रक्षेपण गरिएको तुलनामा ८०% भन्दा बढी आन्तरिक आय संकलन भएकोमा | २ |
| प्रक्षेपण गरिएको तुलनामा ६०% भन्दा बढी तर ८०% भन्दा कम आन्तरिक आय संकलन भएकोमा | १ |
| प्रक्षेपण गरिएको तुलनामा ६०% भन्दा कम आन्तरिक आय संकलन भएकोमा | ० |

## सूचक नं.२.३ (PM-12) वार्षिक योजनाले आन्तरिक आय तथा अनुदान रकमबाट बृद्धवृद्धा, अपाङ्ग, असहाय, दलित, आदिवासी जनजाति तथा पिछडिएको लक्षित वर्गलाई बजेट विनियोजन गरेको हुनुपर्ने ।

### सूचकको व्याख्या

उल्लेखित वर्ग समूहको चासो र चाहना सम्बोधन गर्नका लागि जि.वि.स. ले स्पष्ट लक्ष, रणनीति तथा कार्यक्रम एवं कार्यतरीका (Approach) परिभाषित गरेको हुनु पर्ने । जिल्ला विकास समितिले आफ्नो स्रोत उपर्युक्त वर्ग/समूहका लागि प्रत्यक्ष सहयोग पुग्ने गरी योजना तर्जुमा गरेको हुनुपर्ने ।

### मापनको आधार

वार्षिक योजनामा उल्लेखित वर्गको प्रत्यक्ष हितको लागि तयार गरिएको बजेट विश्लेषण गरिएको हुनुपर्ने । गत आ.व. को प्रक्षेपित आन्तरिक आय र अनुदान को आधारमा चालू आ.व. मा गरिएको बजेट विनियोजन विश्लेषण गरिने ।

### सूचनाको श्रोत

योजना शाखा र जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| जि.वि.स. ले उल्लेखित वर्ग (४ वा सो भन्दा बढी) को प्रत्यक्ष हितलाई सम्बोधन गरी कूल आन्तरिक आयको १०% भन्दा बढी र अनुदानको निश्चित रकम बजेट विनियोजन गरी खर्च गरेकोमा | २ |
| जि.वि.स. ले उल्लेखित वर्ग (२ वा सो भन्दा बढी) को प्रत्यक्ष हितलाई सम्बोधन गरी आन्तरिक आयको ५% वा सो भन्दा बढी तर १०% भन्दा कम र अनुदानको निश्चित रकम बजेट विनियोजन | १ |
| ५% भन्दा कम गरेको वा त्यस्तो व्यवस्था नै नगरेकोमा | ० |

## सूचक नं.२.४ (PM-13) वार्षिक योजनाले आन्तरिक आय तथा अनुदान रकमबाट महिला तथा बालबालिकाको प्रत्यक्ष हित हुने गरी बार्षिक योजना तर्जुमा गरी बजेट समेत विनियोजन गरेको हुनुपर्ने ।

### सूचकको ब्याख्या

उल्लेखित वर्ग समूहको चासो र चाहना सम्बोधनगर्नका लागि जि.वि.स. ले स्पष्ट लक्ष, रणनीति तथा कार्यक्रम एवं कार्यतरीका (Approach) परिभाषित गरेको हुनु पर्ने । तदनुरुप कार्यक्रम तर्जुमा गरी आन्तरिक श्रोत र अनुदानबाट समेत बजेट विनियोजन गरेको हुनुपर्ने ।

### मापनको आधार

वार्षिक योजनामा महिला तथा बालबालिकालाई प्रत्यक्ष फाइदा पुग्ने गरी आन्तरिक श्रोत तथा अनुदानबाट बजेट विनियोजन गरिएको हुनुपर्ने । गत आ.व. को प्रक्षेपित आन्तरिक आय र अनुदान को आधारमा चालू आ.व. मा गरिएको बजेट विनियोजन विश्लेषण गरिने ।

### सूचनाको श्रोत

योजना शाखा र जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| जि.वि.स. ले उल्लेखित वर्गको हितलाई सम्बोधन गरी आन्तरिक आयको ५% भन्दा बढी र अनुदानको निश्चित रकम बजेट विनियोजन गरी  खर्च गरेकोमा | १ |
| तोकिएको भन्दा कम गरेको वा गर्दै नगरेकोमा | ० |

## सूचक नं .२.५ (PM-14)  विशेष कोषको स्थापना गरी स्था.नि. आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार आवश्यक रकम समेत विनियोजन गरेको हुनुपर्ने ।

### सूचकको ब्याख्या र मापनको आधार

स्था. नि. आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५४ अनुसार ८ वटा विशेष कोष स्थापनाको लागि गरेको निर्णय र त्यस्ता कोषमा गरिएको बजेट व्यवस्था अध्ययन गरिने ।

- ❖ गत आ.व. मा भएको कोषको स्थापना, बजेट विनियोजन र सोवाट गरिएको निकासा सम्वन्धी विवरण प्राप्त गरी समीक्षा गर्ने ।

### सूचनाको श्रोत

आर्थिक प्रशासन शाखा ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| नियममा उल्लेख भए अनुसार सबै ८ वटा विशेष कोषको स्थापना गरी बजेट समेत निकासा गरिएकोमा | २ |
| ५०% वा ४ वटासम्म विशेष कोष स्थापना भई बजेट निकासा गरिएकोमा | १ |
| उपरोक्त बमोजिम नभएमा | ० |

## सूचक नं. २.६ (PM-15) जि.वि.स. ले सरकार तथा अन्य दातृ संस्थासँगको सम्झौता वमोजिम समपूरक कोष जम्मा गरेको हुनुपर्ने ।

### सूचकका ब्याख्या

कार्यक्रम संचालन कार्यविधिले निर्धारण गरे वमोजिम वा दातृ निकायसंग भएको तोकिएको सम्झौता वमोजिम जि.वि.स. तथा गा.वि.स. ले समपूरक कोष जम्मा गरे/नगरेको (सम्वन्धित सरकारी तथा दातृ संस्थाको स्रोत प्राप्त गरिएको । संचालन गरिएको खाताको अध्ययन गर्नुपर्ने ।)

### पुष्ट्याईको आधार र सूचनाको स्रोत

- वार्षिक योजना पुस्तिका र समपूरक कोष जम्मा गरेको विवरणहरु (आर्थिक प्रशासन तथा योजना शाखाबाट
  प्राप्त हुने) ।
  - गत आ.व. को कूल स्वीकृत बजेट अनुरुप तोकिए वमोजिम जम्मा गर्नुपर्ने समपूरक कोष जम्मा भए/नभएको अध्ययन गर्ने ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| सम्झौता वा कार्यविधिमा तोकिए वमोजिम शत प्रतिशत समपूरक कोष जम्मा गरेको | २ |
| सम्झौता वा कार्यविधिमा तोकिए वमोजिम कम्तीमा ७५% वा सो भन्दा माथि १००% भन्दा कम समपूरक कोष जम्मा गरेको | १ |
| सम्झौता वा कार्यविधिमा तोकिएको रकमको ७५% भन्दा कम समपूरक कोष जम्मा गरेको वा जम्मा नै नगरेको | ० |

# ५.३ वित्तीय व्यवस्थापन (Financial Management)

सूचक संख्या : ९ वटा

अंकभार : प्राप्त गर्नुपर्ने न्यूनतम अंक ६, प्राप्त गर्न सक्ने अधिकतम अंक १५

## सूचक नं.३.१ (PM-16) आर्थिक वर्षको अन्तमा पेश्की बाँकीको स्थिति ।

### सूचकको व्याख्या

गत आर्थिक वर्षको अन्तमा भएको कूल खर्चमध्ये (म्याद ननाघेको पेश्की बाहेक) बाँकी खर्चको आधारमा पेश्की रकमको समीक्षा गरिने ।

### मापनको आधार

गा.वि.स.र नगरपालिकालाई दिएको अनुदान तथा अन्य अनुदान कट्टा गरी बाँकी खर्च गरिएको रकमको लेखाजोखा गरिनु पर्ने।

- ❖ गत आ.व. को अन्तमा भएको पेश्कीको विवरण अध्ययन गरिने ।

### सूचनाको श्रोत

आर्थिक प्रशासन तथा आलेप शाखा ।

### अंकभार तालिका

| अंक भार | ऋंक |
|---|---|
| आ.व. को अन्तमा जि.वि.स. को कूल खर्चको ५% सम्म पेश्की बांकी रहेकोमा | २ |
| आ.व. को अन्तमा जि.वि.स. को कूल खर्चको ५% भन्दा बढी तर १०% भन्दा कम पेश्की बाँकी रहेकोमा | १ |
| आ.व. को अन्तमा जि.वि.स. को कूल खर्चको १०% वा सो भन्दा बढी पेश्की बाँकी रहेकोमा | ० |

## सूचक नं. ३.२ (PM-17) स्वीकृत नियमको परिधिभित्र रही आर्थिक सहायता प्रदान गरेको ।

### सूचकको व्याख्या

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५३ बमोजिम तोकिएको सीमा भित्र रही आर्थिक सहायता प्रदान गरेको हुनुपर्ने ।

### मापनको आधार

आर्थिक सहायता प्रदान गरेको विवरण ।

- ❖ गत आ.व. मा तोकिए वमोजिम शीर्षक अन्तर्गत संकलित आन्तरिक आम्दानीको तुलनामा प्रदान गरिएको आर्थिक सहायताको विवरण विश्लेषण गरिने ।

## सूचनाको श्रोत

आर्थिक प्रशासन शाखा ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| नियम ५३ वमोजिम तोकिएको सीमाभित्र रही आर्थिक सहायता प्रदान गरेकोमा । | २ |
| नियमले प्रदान गर्न सक्ने सीमाभन्दा बढी आर्थिक सहायता प्रदान गरेकोमा । | ० |

# सूचक नं. ३.३ (PM-18) गत आ.व.भन्दा अघिल्लो आ.व. को कूल खर्चमा लेखापरीक्षण प्रतिवेदनले देखाएको आर्थिक कारोवारको गुणस्तर ।

## सूचकको ब्याख्या

म.ले.प. को विभागले गरेको वर्गीकरणको आधारमा आर्थिक कारोवारको गुणस्तर लेखाजोखा गर्ने । यस सम्वन्धमा कूल खर्चको विवरण संकलन गरिनेछ र सो उपर लेखापरीक्षण प्रतिवेदनले औंल्याएको कारोवार स्तरको मूल्यांकन गरिनेछ ।

## मापनको आधार

म.ले.प. को प्रतिवेदन ।

- गत आ.व. भन्दा अघिल्लो आ.व. को कूल खर्चको तुलनामा म.ले.प. प्रतिवेदनको अध्ययन विश्लेषण गरिने । (बेरुजूको तथ्यांक अध्ययन गर्दा म.ल.प. ले शुरु प्रतिवेदनमा देखाएको कूल वेरुजु अंकलाई गणना गरिने छ ।)

## सूचनाको श्रोत

म.ले.प. को विभाग र आ.प्र. शाखा ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| कूल खर्चको २% वा सो भन्दा कम बेरुजू भएकोमा | २ |
| कूल खर्चको २% भन्दा बढी तर ५% भन्दा कम बेरुजू भएकोमा | १ |
| कूल खर्चको ५% भन्दा बढी बेरुजू भएकोमा | ० |

## सूचक नं.३.४ (PM-19) बेरुजू फछ्र्यौट गरिएको प्रतिशत ।

### सूचकको व्याख्या

लेखापरीक्षण प्रतिवेदनको लगतमा परेको गत आ.व. भन्दा अघिल्लो आ.व. को कूल बेरुजू मध्ये गत आ.व.मा गरिएको बेरुजु फछ्र्यौटको प्रतिशत । जिल्ला विकाष कोषबाट जिल्ला विकास समितिको खर्च खातामा विनियोजन भएको समग्र रकमको लेखाजोखा गरिने ।

### मापनको आधार

गत आ.व. को बेरुजू फछ्र्यौट गरेको प्रमाणका आधारमा सम्परीक्षण भई लगत कट्टा भएको विवरण ।

- ❖ गत आ.व. भन्दा अघिल्लो आ.व. को अन्तसम्ममा रहेको कूल बेरुजू मध्ये गत आ.व. मा गरिएको बेरुजू फछ्र्यौट स्थितिको अध्ययन गरिने । यसका लागि म.ले.प. को पत्र र बेरुजू लगत अभिलेख खाताको अध्ययन गरिने ।

### सूचनाको श्रोत

म.ले.प. को विभाग र आर्थिक प्रशासन शाखा ।

अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| कूल बेरुजूमध्ये ५०% भन्दा बढी फछ्र्यौट गरेकोमा | २ |
| कूल बेरुजूमध्ये कम्तिमा २८% वा सो भन्दा बढी तर ५०% भन्दा कम फछ्र्यौट गरेकोमा | १ |
| कूल बेरुजूमध्ये २८% भन्दा कम फछ्र्यौट गरेकोमा | ० |

## सूचक नं.३.५(PM-20) गत आ.व.मा भएको खर्चमध्ये भुक्तानी गर्नुपर्ने बाँकी दायित्वको स्थिति ।

### सूचकको व्याख्या

सोही आर्थिक वर्षभित्रै भुक्तानी गर्न नसक्ने गरी आगामी वर्षको लागि सृजित गरेको दायित्व रकम ।

### मापनको आधार

गत आ.व. मा विनियोजित बजेटमध्ये भएको खर्च र चालू आ.व. मा सरेको भुक्तानी दिनु पर्ने दायित्वको अध्ययन गरिने । यसमा परिषद्बाटै बहुबर्षीय योजना भनी समय किटान गरी संचालन गरेका योजनाहरु भने सो योजनाको म्याद रहेसम्म समावेश हुने छैनन् ।

### सूचनाको श्रोत

आर्थिक प्रशासन शाखा ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| गत आ.व. को विनियोजित बजेटभित्रै खर्च गरी चालू आ.व. मा भुक्तानी दिन बाँकी कुनै दायित्व नरहेकोमा | २ |
| गत आ.व. को विनियोजित बजेटभन्दा बढी खर्च गरी चालू आ.व. मा त्यस्तो विनियोजनको ५% सम्म मात्र भुक्तानी दिने दायित्व रहेकोमा | १ |
| गत आ.व. को विनियोजित बजेटभन्दा बढी खर्च गरी चालू आ.व. मा ५% भन्दा बढी भुक्तानी दिने दायित्व रहेकोमा | ० |

# सूचक नं.३.६ (PM-21) जि.वि.स. ले वार्षिक खरिद योजना तयार गरेको हुनुपर्ने ।

## सूचकको ब्याख्या

जि.वि.स. ले स्थानीय निकाय आर्थिक प्रशाशन नियमावली, २०६४ को नियम ६२ को उपनियम ५ बमोजिम वार्षिक खरिद योजना तयार गरेको हुनुपर्ने । यस्तो खरिद योजनामा उक्त नियमको उपनियम ६ बमोजिमको विवरणहरु समावेश गरिएको हुनुपर्दछ । साथै स्वीकृत कार्यक्रम बजेट संशोधन भएमा सोही अनुसार खरिद योजना परिमार्जन गरी स्वीकृत गरेको हुनुपर्ने छ ।

## मापनको आधार

जि.वि.स. ले चालू आ.व. को वार्षिक खरिद योजना तयार गरी स्वीकृत गरेको कागजात (डकुमेन्ट) विश्लेषण गर्ने ।

## सूचनाको श्रोत

आर्थिक प्रशासन शाखा र जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| जि.वि.स. ले नियम बमोजिम वार्षिक खरिद योजना तयार गरी स्वीकृत गरेको | १ |
| उपरोक्त अनुसार नगरेको | ० |

# सूचक नं. ३.७ (PM-22) धरौटी खाता रकमको संचालनको स्थिति ।

## सूचकको ब्याख्या

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७३, १७५, १८० र १८१ बमोजिम हुनुपर्ने ।

## मापनको आधार

धरौटी खाताको विवरण । गत आ.व. मा को धरौटी खाता संचालन प्रकृयाको अध्ययन गर्नुपर्ने ।

## सूचनाको श्रोत

आर्थिक प्रशासन शाखा ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| धरौटी खाताबाट अन्य प्रयोजनमा कुनै रकम पनि खर्च नगरेको र प्रयोजन समाप्त भएको धरौटी रकम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७५ बमोजिम सम्वन्धित स्थानीय निकायको कोषमा दाखिला गरेकोमा । | २ |
| धरौटी खाताबाट अन्य प्रयोजनमा खर्च नगरेको तर प्रयोजन समाप्त भएको धरौटी रकम नियम १७५ वमोजिम सम्वन्धित स्थानीय निकायको कोषमा दाखिला नगरेकोमा । | १ |
| धरौटी खाताको रकम अन्य प्रयोजनमा खर्च गरेकोमा | ० |

*नोट : धरौटी खाताबाट अन्य प्रयोजनमा खर्च नगरेको तर सदर स्याहा गर्नुपर्ने रकम नभएमा पूरा अंक दिईनेछ ।*

## सूचक नं. ३. ८ (PM-23) कम्प्यूटर एकाउन्टिंग प्याकेज (Computer Accounting Package) लागू गरी वित्तीय प्रतिवेदन तयार गर्ने गरिएको ।

## सूचकको ब्याख्या

स्थानीय विकास मन्त्रालयद्वारा जि.वि.स. को लागि तयार गरिएको कम्प्यूटर एकाउन्टिंग प्याकेज लागू गरी सबै लेखासम्बन्धी विवरणहरु सोही प्याकेजमा प्रविष्टि गरी प्रतिवेदनहरु तयार गर्ने गरेको हुनुपर्ने ।

## मापनको आधार

कम्प्यूटर एकाउन्टिंग प्याकेजको संचालन भएको र सोही अनुरुप प्रतिवेदन तयार गरे/नगरेको अध्ययन गरी विश्लेषण गर्ने ।

## सूचनाको श्रोत

आर्थिक प्रशासन शाखा ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| कम्प्यूटर एकाउन्टिंग प्याकेज जडान गरी संचालनमा ल्याइएको र त्यसबाट लेखासम्बन्धी प्रतिवेदनहरु | १ |
| उपरोक्त अनुसार नभएकोमा | ० |

**सूचक नं. ३.९ (PM-24) असूल उपर गर्नुपर्ने बेरुजूको लगत जानकारी र असूलीका लागि जिल्ला प्रशासन कार्यालयमा पठाएको हुनुपर्ने ।**

**सूचकको व्याख्या**

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २११ बमोजिम म.ले.प. बेरुजूबाट देखिएको असूल उपर गुर्नपर्ने रकम मध्ये असूल उपर हुन नसकेको रकमको लगत जानकारी र असूलीको लागि जिल्ला प्रशासन कार्यालयमा पठाइएको विवरण अध्ययन गर्ने ।

## मापनको आधार

गत आ.व.भन्दा अघिल्लो आ.व. सम्मको असूल उपर हुन नसकेको बेरुजुको कूल लगत तयार गरी जि.वि.स.को बैठकको निर्णय समेत संलग्न गरी असुल उपर सहयोगको लागि जिल्ला प्रशासन कार्यालयमा पठाईएको पत्र ।

## सूचनाको श्रोत

आर्थिक प्रशासन शाखा, प्रशासन शाखा र बैठक शाखा ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| तोकिए बमोजिम असूल उपर हुन नसकेको बेरुजूको लगत जिल्ला प्रशासन कार्यालयमा असूलीको | १ |
| उपरोक्त अनुसार नगरेकोमा | ० |

*नोट : जिल्ला प्रशासन कार्यालयमा असुर उपरको लागि पठाउनु पर्ने कुनै वेरुजु नभएमा १ अंक दिने ।*

# सूचक नं. ३.१० (PM-25) लेखासमितिले वार्षिक कार्यतालिका तयार गरी परिषद्बाट स्वीकृत गराएको हुनुपर्ने ।

## सूचकको ब्याख्या

स्थानीय स्वायत्त शासन नियमावली, २०६४ को नियम १९२ को उपनियम ३ (क) अनुसार लेखासमितिको स्वीकृत कार्यतालिका हेर्ने । (**यो सूचक हाललाई स्थगित गरिएको । जनप्रतिनिधि वहाल भएपछि लागू गरिने ।**)

## मापनको आधार

लेखा समितिको स्वीकृत कार्य तालिका/दस्ताबेज ।

## सूचनाको श्रोत

आलेप शाखा ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| लेखा समितिले कार्यतालिका तयार गरी परिषद्बाट स्वीकृत गरेको | २ |
| लेखा समितिले कार्यतालिका तयार गरेको तर परिषद्बाट स्वीकृत नभएको वा हुन बाँकी रहेको | १ |
| कार्यतालिका नै नभएको/नबनाइएको | ० |

## ५.४ वित्तीय श्रोत परिचालन क्षमता (Fiscal Resource Mobilization Capacity)

सूचक संख्या : ६ वटा
अंकभार : प्राप्त गर्नुपर्ने न्यूनतम अंक ४, प्राप्त गर्न सक्ने अधिकतम अंक ११

### सूचक नं.४.१ (PM-26) जिल्लामा उपलब्ध श्रोतबाट हुनसक्ने आन्तरिक आयको सम्भाव्यता अध्ययन गरी तद्नुरुप आम्दानी प्रक्षेपण गर्ने गरिएको हुनुपर्ने ।

### सूचकको ब्याख्या

जिल्लाभित्र उपलब्ध हुनसक्ने सबै आन्तरिक श्रोतहरुको पहिचान गरी जि.वि.स.को क्षमता अनुसार परिचालन गर्न सकिने आन्तरिक आयको सम्भाव्यता अध्ययन गरी सो वमोजिम आय प्रक्षेपण गर्ने गरिएको हुनु पर्ने ।

### मापनको आधार

आन्तरिक आयको पहिचान र परिचालन सम्वन्धी सम्भाव्यता अध्ययनको प्रतिवेदन ।

- गत आ.व. सम्ममा भएको सम्भावित आन्तरिक आय र परिचालन सम्वन्धी अध्ययनको प्रतिवेदन प्राप्त गरी अध्ययन गरिने ।

### सूचनाको श्रोत

राजश्व शाखा र जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| आन्तरिक आयका श्रोतहरुको सम्भाव्यता अध्ययन गरी तदनुरुप आय प्रक्षेपण गर्ने गरिएको | २ |
| आन्तरिक आयका श्रोतहरुको सम्भाव्यता अध्ययन गरिएको, तर तदनुरुप आय प्रक्षेपण गर्ने नगरिएको | १ |
| सम्भाव्यता अध्ययन नै नगरिएको | ० |

### सूचक नं.४.२ (PM-27) आन्तरिक आय वृद्धिको समष्टिगत स्थिति ।

### सूचकको ब्याख्या

गत आ.व. भन्दा अघिल्लो आ.व.मा संकलित आन्तरिक आयको तुलनामा (जि.वि.स. ले स्था.स्वा.शा. ऐन/नियम बमोजिम लगाएको कर, शुल्क, सेवा शुल्क, दस्तुर, भाडा र विक्रीबाट प्राप्त रकम) गत आ.व.मा भएको बृद्धिको प्रतिशत । (यस गणनामा केन्द्रले राजश्व बाँडफाँड बापत प्रदान गरेको रकम समावेश गरिने छैन ।)

### मापनको आधार

आन्तरिक आयतर्फका श्रेस्ता, खाता र आर्थिक विवरण ।

- ❖ गत आ.व. भन्दा अघिल्लो आ.व. को तुलनामा गत आ.व. मा भएको आन्तरिक आय वृद्धिको प्रतिशत अध्ययन गरिने ।

## सूचनाको श्रोत

आर्थिक प्रशासन, राजश्व शाखा र जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| गत आ.व. भन्दा अघिल्लो आ.व. को तुलनामा गत आ.व. मा आन्तरिक आय १५% वा सो भन्दा बढीले वृद्धि भएकोमा | २ |
| गत आ.व. भन्दा अघिल्लो आ.व. को तुलनामा गत आ.व. मा आन्तरिक आय ५% वा सो भन्दा बढी, तर १५% भन्दा कम वृद्धि भएकोमा | १ |
| गत आ.व. भन्दा अघिल्लो आ.व. को तुलनामा गत आ.व. मा आन्तरिक आय ५% भन्दा कम वृद्धि भएकोमा | ० |

# सूचक नं.४.३ (PM-28) नियमानुसार बाँडफाँड गरिनु पर्ने आन्तरिक आयको रकम सम्बन्धित नगरपालिका र गाविसहरूमा बाँडफाँड गरिएको स्थिति ।

## सूचकको ब्याख्या

जि.वि.स. ले स्था.स्वा.शा. ऐन, २०५५ को दफा २१५ को उपदफा (३) र दफा २१८ बमोजिम प्राप्त आन्तरिक आय सम्बन्धित नगरपालिका र गाविसहरूलाई बाँडफाँड गर्नुपर्नेमा सो अनुसार गरे/नगरेको विश्लेषण गर्ने ।

## मापनको आधार

जिल्ला विकास समितिको वार्षिक बजेट र कार्यक्रम तथा नगरपालिका र गाविसलाई नियमानुसार बांडफांड बापत निकासा दिइएको रकमको विवरण अध्ययन गरिने ।

- ❖ गत आ.व. मा गरिएका बाडँफाँड र निकासा विवरणको अध्ययन गर्ने ।

## सूचनाको श्रोत

आर्थिक प्रशासन शाखा र जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| संकलित आयको ३५% देखि ५०% सम्म बाँडफाँड गरी सोही आर्थिक वर्ष भित्र निकासा गरेको | २ |
| संकलित आयको ३५% देखि ५०% सम्म बाँडफाँड गरेको तर सोही आर्थिक वर्ष भित्र निकासा | १ |
| बाँडफाँडको सूचक नै तयार नगरेको | ० |

*नोट : जि.वि.स. मा बाँडफाँड गरिनु पर्ने उपर्युक्त आय नभएको खण्डमा अंक २ दिइने ।*

## सूचक नं.४.४ (PM-29) आन्तरिक आयका श्रोत प्राप्तिका क्षेत्रहरुको स्थायित्व र दिगो विकासको लागि बजेट विनियोजन गर्ने गरेको ।

### सूचकको ब्याख्या

जि.वि.स. ले स्था.स्वा.शा. ऐन २०५५ को अधिकार अन्तरगत संकलन गरेको आन्तरिक आयबाट सम्बन्धित श्रोतको स्थायित्व र दिगो विकासको लागि बजेट ब्यवस्था गरी लगानी गरे/नगरेको विश्लेषण गर्ने ।

### मापनको आधार

जिल्ला विकास समितिको वार्षिक बजेट र कार्यक्रममा सम्बन्धित श्रोतको स्थायित्व र दिगोपनाको लागि रकम विनियोजन र निकासा गरेको विवरण ।

- ❖ गत आ.व. मा गरिएको विनियोजन र निकासा विवरण अध्ययन गर्ने ।

### सूचनाको श्रोत

आर्थिक प्रशासन शाखा र जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| श्रोत प्राप्तिका क्षेत्रको स्थायित्व र दिगो विकासको लागि बार्षिक जिल्ला विकास योजनामा बजेट विनियोजन गरी खर्च समेत गरेको | २ |
| श्रोतको दिगो विकासको लागि बार्षिक जिल्ला विकास योजनामा बजेट विनियोजन गरेको तर खर्च नगरेको | १ |
| श्रोतको दिगो विकासको लागि बार्षिक जिल्ला विकास योजनामा बजेट विनियोजन नै नगरेको | ० |

## सूचक नं. ४.५(PM-30) जि.वि.स.ले केन्द्रवाट राजश्व बाँडफाँड बापत प्राप्त रकम मध्येवाट सोही क्षेत्रको विकासको लागि प्राथमिकताका साथ बजेट विनियोजन गरी खर्च गर्ने गरेको ।

### सूचकको ब्याख्या

जि.वि.स. ले राजश्व बाँडफाँड बापत स्था.स्वा.शा. ऐन, २०५५ को दफा २२० बमोजिम केन्द्रबाट प्राप्त रकमलाई उद्देश्यमूलक ढंगले अर्थात् जुन क्षेत्र अन्तर्गत त्यस्तो रकम प्राप्त गरेको हो सो क्षेत्रको विकास र स्थायित्वको लागि जिल्ला परिषद्बाट कार्यक्रम स्वीकृत गराई खर्च गरेको हुनुपर्ने । केन्द्रबाट राजश्व बाँडफाँड बापत प्राप्त रकम (विद्युत् रोयल्टी, वन सम्पदा, पर्यटन, खानी रोयल्टी आदि) मध्येबाट सो क्षेत्रको विकासको लागि भएको खर्चको विश्लेषण गरिने । यस मूल्यांकन प्रयोजनमा कूल राजश्व बाँडफाँडवाट प्राप्त रकममध्ये सम्वन्धित क्षेत्रको विकास/स्थायित्वको लागि गरिएको खर्चको अध्ययन गरिनेछ ।

### मापनको आधार

जिल्ला विकास समितिको वार्षिक बजेट र कार्यक्रम तथा राजश्व बाँडफाँडबाट प्राप्त रकम मध्येबाट सोही क्षेत्रको विकासका लागि खर्च गरिएको रकमको विवरण ।

- ❖ गत आ.व. मा सो शिर्षक वापत प्राप्त रकम र सोही क्षेत्रको विकासका लागि गरिएको खर्चको विवरण अध्ययन गर्ने ।

## सूचनाको श्रोत

आर्थिक प्रशासन शाखा र जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| राजश्व बाँडफाँड बापत प्राप्त कूल रकममध्ये २५% वा सो भन्दा बढी सोही क्षेत्रको विकासको लागि खर्च गरेको । | २ |
| राजश्व बाँडफाँडबाट प्राप्त कूल रकममध्ये १५% वा सो भन्दा बढी, तर २५% भन्दा कम सोही क्षेत्रको विकासको लागि खर्च गरेको । | १ |
| राजश्व बाँडफाँडबाट प्राप्त रकम सोही क्षेत्रको विकासको लागि खर्च नगरेको वा १५% भन्दा कम खर्च गरेको । | ० |

## सूचक नं.४.६ (PM-31) जि.वि.स. ले अलग राजश्व शाखा स्थापना गरेको वा अलग कर्मचारी तोकी राजश्व सम्बन्धी काम कार्यवाही गराएको ।

## सूचकको व्याख्या

जिल्ला विकास समितिले राजश्व शाखा स्थापना स्थापना गरी वा शाखा तोकी कर्मचारीको व्यवस्था गर्नुपर्ने । सो शाखा र कर्मचारी मार्फत नै राजश्व सम्बन्धी कार्यहरु सम्पादन भएको हुनुपर्ने ।

## मापनको आधार

राजश्व शाखाका कर्मचारीहरु, कार्यसंचालन कोठा, उनीहरुको कार्य विवरण र शाखाको काम कार्यवाही ।

## सूचनाको श्रोत

राजश्व शाखा ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| राजश्व शाखा अलग खडा गरी वा कर्मचारी तोकी राजश्व सम्बन्धी सबै काम कार्यवाही उक्त शाखा वा कर्मचारी मार्फत कार्यान्वयन गरेको | १ |
| उपरोक्त वमोजिम राजश्व शाखा स्थापना नभएको वा अलग कर्मचारी समेत नतोकिएको | ० |

# ५.५ बजेट निकासा र कार्यक्रम कार्यान्वयन
## (Budget Release and Programme Execution)

सूचक संख्या : ७ वटा
अंकभार : प्राप्त गर्नुपर्ने न्यूनतम अंक ४, प्राप्त गर्न सक्ने अधिकतम अंक १२

### सूचक नं.५.१ (PM-32) गत आ.व. मा स्वीकृत कूल वार्षिक विनियोजनमध्ये वास्तविक खर्चको प्रतिशत ।

#### सूचकको ब्याख्या

जि.वि.स. को स्वीकृत वार्षिक योजनामा भएको कूल विनियोजन र सोही आर्थिक वर्ष भित्र भएको वास्तविक खर्चको प्रतिशत तुलना गरी विश्लेषण गर्ने ।

#### मापनको आधार

गत आ.व.को स्वीकृत वार्षिक कार्यक्रम र बजेट, वार्षिक समीक्षा प्रतिवेदन एवं आर्थिक विवरण तथा मलेप प्रतिवेदन ।

#### सूचनाको श्रोत

आर्थिक प्रशासन शाखा र योजना शाखा ।

#### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| स्वीकृत वार्षिक योजनामा विनियोजित कूल बजेटको ९०% वा सो भन्दा बढी वास्तविक खर्च भएकोमा | २ |
| स्वीकृत वार्षिक योजनामा विनियोजित कूल बजेटको ७०% वा सो भन्दा बढी तर ९०% भन्दा कम वास्तविक खर्च भएकोमा | १ |
| उपरोक्त बमोजिम नभएमा | ० |

### सूचक नं. ५.२ (PM-33) गत आ.व.को कूल विनियोजित पूँजीगत बजेट मध्ये वास्तविक खर्चको प्रतिशत ।

#### सूचकको ब्याख्या

स्था.नि. आ.प्र. नियमावली, २०६४ को नियम ६० अनुसूची ६ को खर्च शिर्षक ६.०४, ६.०५, ६.०६ र ६.०७ ( तत्कालीन स्था.नि. आ.प्र. नियमावली, २०५६ को अनुसूची ९१ को खर्च शीर्षक अनुसार) गत आ.व. मा विनियोजन गरिएको कूल पूँजीगत बजेट मध्ये वास्तविक खर्चको प्रतिशत ।

#### मापनको आधार

गत आ.व.को स्वीकृत वार्षिक कार्यक्रम र बजेट, आर्थिक विवरण, मलेप प्रतिवेदनहरुको अध्ययन विश्लेषण गर्ने ।

#### सूचनाको श्रोत

आर्थिक प्रशासन शाखा, आलेप शाखा र योजना शाखा ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| विनियोजित कूल पूँजीगत बजेटको ९०% वा सो भन्दा बढी वास्तविक खर्च भएकोमा | २ |
| विनियोजित कूल विकास बजेटको ७०% वा सो भन्दा बढी, तर ९०% भन्दा कम वास्तविक खर्च भएकोमा | १ |
| विनियोजित बजेटको ७०% भन्दा कम वास्तविक खर्च भएकोमा | ० |

## सूचक नं. ५.३ (PM-34) वार्षिक लेखा हिसाबमा महिला, बालबालिका, आदिवासी जनजाति, दलित, पिछडिएका वर्ग, अपांग बृद्धबृद्धा तथा अन्य लक्षितवर्गहरुका आवश्यकता र हितलाई आवश्यकरुपमा सम्बोधन गरी आन्तरिक आय र अनुदानबाट खर्च गरेको हुनुपर्ने ।

## सूचकको ब्याख्या र मापनको आधार

उल्लेखित लक्षित वर्गको प्रत्यक्ष हितका लागि विनियोजन गरिएको बजेट वास्तवमै खर्च भएको छ छैन सोको अध्ययन विश्लेषण गर्ने ।

## सूचनाको श्रोत

आर्थिक प्रशासन शाखा ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| जि.वि.स. ले उल्लेखित वर्गको हितको लागि कूल आन्तरिक आयको १०% वा सो भन्दा बढी तथा अनुदानको तोकिए बमोजिमको रकम वार्षिक रुपमा खर्च गरेको | २ |
| जि.वि.स. ले उल्लेखित वर्गको हितको लागि कूल आन्तरिक आयको ५% वा सो भन्दा बढी तर १०% भन्दा कम तथा अनुदानमा तोकिए बमोजिमको रकम मध्ये ५० प्रतिशत भन्दा बढी रकम वार्षिक रुपमा खर्च गरेको | १ |
| जि.वि.स. ले उल्लेखित वर्गको हितको लागि कूल आन्तरिक आयको ५% वा सो भन्दा कम तथा अनुदानबाट तोकिए बमोजिम ५० प्रतिशत भन्दा कम रकम वार्षिक रुपमा खर्च गरेको वा खर्च नै नगरेको | ० |

## सूचक नं. ५.४ (PM-35) प्रशासनिक खर्चको सीमा पालनाको स्थिति ।

## सूचकका ब्याख्या

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ वमोजिम गत आ.व.को वास्तविक आन्तरिक आय र सोबाट गरेको प्रशासनिक खर्चको स्थिति लेखाजोखा गर्ने । राजश्व बाँडफाँड वाट प्राप्त रकम आन्तरिक आयमा समावेश गरीने छैन ।

## मापनको आधार

वार्षिक आय-व्ययको विवरण ।

- गत आ.व. मा आन्तरिक आयको तुलनामा गरेको प्रशासनिक खर्चको समीक्षा गरिने । प्रशासनिक खर्चको समीक्षा स्था.नि.आ.प्र. नियमावली, २०६४ को नियम ५५ बमोजिम जिल्लाको आन्तरिक आयको तुलनामा गरिने हुँदा जिल्ला विशेष फरक हुन सक्नेछ । तसर्थ, आन्तरिक आयको तुलनामा स्वीकृत प्रशासनिक खर्चको सीमा भित्र रही खर्च गरे/नगरेको मूल्यांकन गरिनेछ ।

## सूचनाको श्रोत

आर्थिक प्रशासन शाखा र जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| नियमले तोके बमोजिम आन्तरिक आयको सीमाभित्र रही प्रशासनिक खर्च गरेकोमा | २ |
| नियमले तोके बमोजिम आन्तरिक आयको सीमाभित्र नरही प्रशासनिक खर्च गरेकोमा | ० |

# सूचक नं.५.५ (PM-36) राजश्व बाँडफाँडबाट प्राप्त रकम प्रशासनिक कार्यमा खर्च गर्न नहुने ।

## सूचकको ब्याख्या

जि.वि.स. ले स्था.स्वा.शा. ऐन, २०५५ को दफा २२० बमोजिम राजश्व बाँडफाँड वापत प्राप्त रकम प्रशासनिक कार्यमा खर्च गर्न नहुने । यस्तो रकम सम्बन्धित क्षेत्रको दिगो विकासको लागि र अन्य विकास निर्माणका कार्यहरुमा खर्च गर्नुपर्ने ।

## मापनको आधार

गत आ.व. मा राजश्व बाँडफाँड प्राप्त रकमको विवरण प्राप्त गर्ने । सो रकम मध्येबाट प्रशासनिक कार्यमा खर्च गरे/नगरेको मूल्यांकन गर्ने ।

## सूचनाको श्रोत

आर्थिक प्रशासन शाखा ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| राजश्व बाँडफाँड वापत प्राप्त रकम मध्येबाट कुनै पनि रकम प्रशासनिक कार्यमा खर्च नगरेको । | १ |
| राजश्व बाँडफाँड वापत प्राप्त रकम मध्येबाट प्रशासनिक कार्यमा खर्च गरेको । | ० |

# सूचक नं. ५.६ (PM-37) रु. १५ लाख वा सो भन्दा बढीका ठूला योजनाहरुको संचालन तथा मर्मत संभारको लागि विनियोजित रकम बमोजिम खर्च भएको हुनुपर्ने ।

## सूचकको ब्याख्या र मापनको आधार

गत आ.व. र सो भन्दा अघिल्लो आ.व. मा रु. १५ लाख वा सो भन्दा बढी लागतको योजनाहरुको सूची प्राप्त गरी मर्मत सम्भारको लागि बजेट विनियोजन खर्च भए/नभएको (विवरण/फाईल) लेखाजोखा गरिने ।

यस्तो लेखाजोखामा जि.वि.स. बाट बजेट व्यवस्था गरी खर्च भएको, उपभोक्ता समूहबाट नै मर्मत संचालनको व्यवस्था भएको वा जि.वि.स. र उपभोक्ता समूहको संयुक्त प्रयासमा मर्मत संभार भैरहेको विश्लेषण गरिने ।

## सूचनाको श्रोत

आर्थिक प्रशासन शाखा ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| कूल योजनाहरुमध्ये ७५% वा सो भन्दा बढी योजनाहरुको संचालन तथा मर्मत संभारका लागि खर्चको व्यवस्था भएको वा उपभोक्ता समूहबाट मर्मत संचालन भैरहेकोमा | २ |
| कूल योजनाहरुमध्ये ५०% वा सो भन्दा बढी तर ७५% भन्दा कम योजनाहरुको मर्मत संचालन भैरहेकोमा | १ |
| उपरोक्त अनुसार नभएकोमा | ० |

# सूचक नं. ५.७ (PM-38) विगत ३ (तीन) आ.व. भित्र रु. ५ लाख वा सो भन्दा बढीको लागतमा सम्पन्न भएका सम्पूर्ण पूर्वाधार विकासका योजनाहरुको अभिलेख (Project Inventory Profile) खडा गरिएको हुनुपर्ने ।

## सूचकको ब्याख्या र मापनको आधार

गत आ.व. र सो भन्दा अघिल्ला दुई आ.व. हरुमा रु. ५ लाख वा सो भन्दा बढी बजेट खर्च भई सम्पन्न भएका योजनाहरुको सूचीकरण गरिएको, कागजात (डकुमेन्ट) प्राप्त गर्ने । यस्तो विवरण संकलन गर्दा योजनाको नाम, स्थान, लागत र सम्पन्न भएको आ.व. खुलाउनु पर्ने ।

## सूचनाको श्रोत

योजना शाखा, अनुगमन शाखा र आर्थिक प्रशासन शाखा ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| गत आ.व. र सो भन्दा अघिल्ला दुई आ.व.मा रु. ५ लाख वा सो भन्दा बढी बजेट खर्च भई सम्पन्न भएको सबै पूर्वाधारका योजनाहरुको लगत (Project Inventory Profile) खडा गरिएको | १ |
| उपरोक्त अनुसार नभएकोमा | ० |

# ५.६ सञ्चार र पारदर्शिता (Communication and Transparency)

सूचक संख्या : ८ वटा

अंकभार : प्राप्त गर्नुपर्ने न्यूनतम अंक ५ प्राप्त गर्न सक्ने अधिकतम अंक १४

## कार्यसम्पादन मापनका सूचकहरु

## सूचक नं.६.१ (PM-39) योजना छनौटका आधारहरु, स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सार्वजनिक सूचना गरेको हुनुपर्ने ।

### सूचकको ब्याख्या

उपलब्ध भए सम्मका संचार माध्यमको उपयोग गरी प्रभावकारी रुपमा सूचना सम्प्रेषण गर्नुपर्ने ।

### मापनको आधार

सूचना प्रकाशन भएका पत्रपत्रिकाको प्रतिलिपि, FM र रेडियोको रेकर्ड, बैठकका निर्णयहरु (गत आ.व. मा संचालन भएका योजनाहरु र गत आ.व.मा स्वीकृत योजनाहरुको सन्दर्भमा मूल्यांकन गरिनु पर्ने ।)

### सूचनाको श्रोत

योजना शाखा र सूचना केन्द्र ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| स्थानीय वा राष्ट्रिय पत्रपत्रिका र FM वा रेडियो दुवै माध्यमबाट सर्वसाधारणलाई जानकारी दिएकोमा । | २ |
| उपरोक्त दुवैमध्ये एक वा जिल्ला विकास बुलेटीन वा जिल्ला विकास योजना मात्र प्रकाशन गरेकामा । | १ |
| उपरोक्त वमोजिम नभएकोमा । | ० |

## सूचक नं.६.२(PM-40) जि.वि.स. ले आफ्नो वार्षिक आय-व्ययका विवरणहरू सार्वजनिक गरेको हुनुपर्ने ।

### सूचकको ब्याख्या

जि.वि.स. ले गत आ.व.को वार्षिक आम्दानी तथा खर्चका विवरणहरू चालु आ.व. को ६ महिना भित्र सार्वजनिक गरेको हुनुपर्ने । यस्तो सूचनामा सर्वसाधारणको सहज पहुँच भएको हुनुपर्ने ।

### मापनको आधार

पत्रपत्रिकाको प्रतिलिपि, रेडियोको रेकर्ड, सूचना पाटीमा टाँस गरेको प्रमाण, बैठकका निर्णयहरु ।

- ❖ गत आ.व. को वार्षिक आय व्यय विवरण सार्वजनिक गरेको स्थितिको अध्ययन गरिने ।

## सूचनाको श्रोत

आर्थिक प्रशासन शाखा र जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| वार्षिक आय-व्ययको विवरण स्थानीय रेडियो, पत्रपत्रिका, सूचना पाटी, पूस्तिका र पत्र आदिबाट जानकारी गराएकोमा | २ |
| आय-व्ययको विवरण सूचना पाटी/पूस्तिकामा र प्रतिवेदनमा मात्र उल्लेख गरिएकोमा | १ |
| आय-व्ययको विवरण सार्वजनिक गर्ने कूनै प्रयास नगरेकोमा | ० |

# सूचक नं. ६.३ (PM-41) रु. ३ लाख वा सो भन्दा माथिका आयोजनाहरुमा आयोजना सम्बन्धी विवरण समेटिएको परियोजना सूचना पाटी (Project Information Board) योजना स्थलमा राखेको हुनुपर्ने ।

## सूचनाको ब्याख्या

रु. ३ लाख भन्दा माथिका आयोजनाहरुमा आयोजना सम्बन्धी विवरण (आयोजनाको नाम, कामको संक्षिप्त विवरण, लागत, लागत व्यहोर्ने श्रोत, लाभग्राही संख्या, आयोजनाले समेटेको क्षेत्र, कार्य सम्पन्न हुने मिति, आदि) समेटिएको परियोजना सूचना पाटी (Project Information Board) योजना स्थलमा राखेको हुनुपर्ने ।

## मापनको आधार

रु. ३ लाख भन्दा माथिका आयोजनाहरुमा यस्तो सूचनापाटी राख्ने विषय सम्बन्धी जि.वि.स.को निर्णय, सूचनापाटी राखेको प्रमाण र कुनै आयोजनाहरुमा आकस्मिक रुपमा स्थलगत भ्रमण गरी स्थानीय लाभग्राहीहरुसँग भएको कुराकानीको विवरण ।

- ❖ (गत आ.व. मा संचालित आयोजनाहरुको अध्ययन गरिने ।)

## सूचनाको श्रोत

योजना शाखा, जिल्ला प्राविधिक कार्यालय/शाखा र जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| रु. ३ लाख भन्दा माथिका ७५% वा सो भन्दा बढी योजनाहरुमा आयोजना सम्बन्धी विवरण समेटिएको सूचना पाटी राखिएको | २ |
| रु. ३ लाख भन्दा माथिका ५०% वा सो भन्दा माथि तर ७५% भन्दा कम योजनाहरुमा सो विवरण समेटिएको सूचना पाटी राखिएको | १ |
| सूचना पाटी नै नराखिएको वा ५०% भन्दा कम योजनाहरुमा मात्र राखिएकोमा | ० |

## सूचक नं.६.४ (PM-42) अन्तिम लेखा परीक्षण (म.ले.प.) प्रतिवेदन परिषद्मा प्रस्तुत गरेको र म.ले.प. प्रतिवेदन सार्वजनिक समेत गरेको हुनुपर्ने ।

### सूचकको व्याख्या

म.ले.प. प्रतिवेदन अध्ययन गरी सो सम्बन्धी कार्यवाही गरेको हुनुपर्ने ।

### मापनको आधार

म.ले.प. प्रतिवेदन परिषद्को बैठकमा प्रस्तुती, छलफल र निर्णय ।

- ❖ गत आ.व. भन्दा अघिल्लो आ.व. को म.ले.प. प्रतिवेदन परिषद्को वैठकमा प्रस्तुत र छलफल गरी निर्णय गरेको हुनुपर्ने । म.ले.प. प्रतिवेदन सार्वजनिक गरेको हुनुपर्ने ।

### सूचनाको श्रोत

आन्तरिक प्रशासन शाखा तथा बैठक शाखा ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| म.ले.प. प्रतिवेदन परिषद्मा पेश भई छलफल तथा बेरुजु सम्वन्धमा परिषद्बाट निर्णय भएको | १ |
| म.ले.प. प्रतिवेदन परिषद्मा पेश नभएको | ० |

## सूचक नं.६.५ (PM-43) जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना र संचालन स्थिति ।

### सूचकको व्याख्या

स्था.स्वा.शा. ऐन २०५५ को दफा २१२ वमोजिम सूचना तथा अभिलेख केन्द्र स्थापना, व्यवस्थापन र संचालनमा
रही त्यसमा सर्वसाधारणको पहुँच हुने गरेको हुनुपर्ने ।

### मापनको आधार

जिल्ला सूचना तथा अभिलेख केन्द्र संचालनको लागि पूरा समय काम गर्न कम्तीमा १ जना जनशक्तिको व्यवस्था गरिएको हुनुपर्ने । ऐनको दफा २१२ ले तोके अनुसार सवै सूचनाहरु व्यवस्थित गरी सोमा सर्वसाधारणको समेत सहज पँहुच भएको हुनुपर्ने (गा.वि.स., जि.वि.स., न.पा. को अद्यावधिक वस्तुगत प्रतिवेदन, वार्षिक मूल्यांकन प्रतिवेदन, गाउँ/नगर जिल्लाको आवधिक योजना, लेखा परीक्षण प्रतिवेदन, वार्षिक कार्यक्रम र बजेट, निजी तथा गैर सरकारी क्षेत्रवाट संचालित कार्यक्रम तथा प्रगति, अध्ययन अनुसन्धान प्रतिवेदन तथा अन्य जानकारी) ।

- ❖ समीक्षा गर्ने टोलीले जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थलगत अवलोकन गर्ने ।

## सूचनाको श्रोत

जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| जिल्ला सूचना तथा अभिलेख केन्द्रमा पूरा समय कार्य गर्ने जनशक्ति खटाईएको, ऐनको दफा २१२ वमोजिमका सवै सूचनाहरु व्यवस्थित गरिएको र सूचना केन्द्र नियमित खुल्ने गरेकोमा | २ |
| तोके वमोजिमका सवै सूचनाहरु राखिएको र सूचना केन्द्र नियमित खुल्ने तर सूचना केन्द्रमा खटाइएका जनशक्ति आंशिक रुपमा मात्र सलग्न भएको | १ |
| उपरोक्त अनुसार नभएकोमा | ० |

## सूचक नं. ६.६ (PM-44) जि.वि.स. बाट गरिएको विकास निर्माण र सेवा प्रवाहका कार्यको सार्वजनिक सुनुवाईको व्यवस्था भएको हुनुपर्ने ।

## सूचकको ब्याख्या

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ र नियमावली २०६५ तथा नेपाल सरकारबाट जारी भएको 'सार्वजनिक सेवा तथा सुविधा प्रभावकारी बनाउने निर्देशिका २०६१' र <u>'सार्वजनिक सुनुवाई कार्यविधि निर्देशिका २०६१'</u> अनुसार जि.वि.स. ले विकास निर्माण र सेवा प्रवाहका कार्यको प्रभावकारी सार्वजनिक सुनुवाईको व्यवस्था भएको हुनुपर्ने ।

## मापनको आधार

सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति, निर्णय र प्रतिवेदन (गत आ.व. मा गरिएका सार्वजनिक सुनुवाईको समीक्षा गरिने) ।

## सूचनाको श्रोत

योजना शाखा, प्रशासन शाखा र जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| वर्षभरिमा २ पटक वा सो भन्दा बढी सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरी जि.वि.स. का क्रियाकलापहरु सार्वजनिक गरेको र प्राप्त सुझाव तथा प्रतिकृयाको अभिलेख राखी कार्यान्वयनमा ल्याएकोमा | २ |
| वर्षमा १ पटक मात्र सार्वजनिक सुनुवाई गरेको र प्राप्त सुझावहरुको अभिलेख राखी आंशिक रुपमा कार्यान्वयन गरेकोमा | १ |
| उपरोक्त अनुसार नगरेकोमा | ० |

**सूचक नं. ६.७ (PM-45) जि.वि.स.ले न्यूनतम शर्त (MCs) तथा कार्यसम्पादन मापन (PMs) को सम्पन्न नतीजा विभिन्न संचार माध्यमहरु, सूचना पाटी वा योजना तर्जुमा तथा समीक्षा गोष्ठी मार्फत सार्वजनिक गरेको हुनुपर्ने । *गाविसको न्यूनतम शर्त (MCs) मापन सम्पन्न गरी सोको नतीजा समेत विभिन्न संचार माध्यमहरु, सूचना पाटी वा योजना तर्जुमा तथा समीक्षा गोष्ठी मार्फत सार्वजनिक गरेको हुनुपर्ने ।*** (यो **underline** गरिएको व्यहोरा आ.व. ०६६।६७ को कार्यको मूल्यांकन देखि हेरिनेछ ।)

## सूचकको ब्याख्या र मापनको आधार

जि.वि.स. पछिल्लो पटक सम्पन्न भएको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको नतीजा प्राप्त गरी विभिन्न संचार माध्यम, सार्वजनिक सुनुवाई, पत्र पत्रिका, पुस्तिका, समीक्षा गोष्ठी आदि मार्फत सार्वजनिक गरे/नगरेको समीक्षा गरिने ।

गाविसको न्यूनतम शर्त (MCs) मापन सम्पन्न गरी सोको नतीजा समेत विभिन्न संचार माध्यमहरु, सूचना पाटी वा योजना तर्जुमा तथा समीक्षा गोष्ठी मार्फत सार्वजनिक गरेको हुनुपर्ने ।

सम्पन्न गरिएको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको नतिजा सार्वजनिक गरिए/नगरिएको अध्ययन गर्ने ।

## सूचनाको श्रोत

प्रशासन शाखा ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| विद्युतिय संचार माध्यम, सार्वजनिक सुनुवाई, पुस्तिका, बुलेटीन प्रकाशन आदि विभिन्न माध्यम उपयोग गरी नतीजा सार्वजनिक गरेकोमा | २ |
| उपरोक्त मध्ये कुनै दुई माध्यम मात्र उपयोग गरी नतीजा सार्वजनिक गरेकोमा | १ |
| उपरोक्त अनुसार नभएकोमा | ० |

**सूचक नं. ६.८ (PM-46) जि.वि.स. ले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमहरुको आर्थिक वर्ष समाप्त भएको चार महिना भित्र सामाजिक परीक्षण (Social Audit) गराउनु पर्ने ।**

## सूचकको ब्याख्या

जि.वि.स. ले स्था.नि.आ.प्र. नियमावली, २०६४ को उपनियम २०१ बमोजिम एक आ.व.मा सम्पादन गरेका वार्षिक कार्यक्रमहरु सो आ.व. समाप्त भएको ४ महिना भित्र सामाजिक परीक्षण गरेको हुनुपर्ने । यस्तो सामाजिक परीक्षणमा सर्वसाधारणको पहुँच भएको सुनिश्चित गरिएको हुनुपर्ने छ ।

## मापनको आधार

सामाजिक परीक्षणको लागि गरिएका सूचना (पत्रपत्रिकाको प्रतिलिपि, रेडियोको रेकर्ड, सूचना पाटीमा टाँस गरेको प्रमाण, निमन्त्रणा पत्र र सामाजिक परीक्षणको उपस्थिति र निर्णय ।

- गत आ.व. मा सम्पन्न कार्यक्रमको चालू आ.व. मा गरिएको सामाजिक परीक्षणको अध्ययन गरिने ।

## सूचनाको श्रोत

योजना शाखा, अनुगमन शाखा र जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| नियमले तोकिए बमोजिम सूचना जारी गरी सामाजिक परीक्षण गरी सो परीक्षणको बैठकको उपस्थिति र निर्णयको लिखित दस्तावेज समेत भएकोमा | १ |
| सामाजिक परीक्षण नै नगरिएको वा लिखित दस्तावेज नभएकोमा | ० |

# सूचक नं.६.९ (PM-47) जि.वि.स. का पदाधिकारीहरूको आचारसंहिता तर्जुमा भई सार्वजनिक भएको हुनुपर्ने ।

## सूचकको ब्याख्या

आचारसंहिता भए/नभएको र सोको कार्यान्वयन स्थितिको समीक्षा गर्ने ।

**(यो सूचक जनप्रतिनिधि वहाल भएपछि लागू हुनेछ ।)**

## मापनको आधार

आचार संहिताको दस्तावेज र पालना स्थितिको प्रतिवेदन ।

## सूचनाको श्रोत

जिल्ला सूचना तथा अभिलेख केन्द्र र प्रशासन शाखा ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| आचारसंहिता पारित गरी कार्यान्वयनमा ल्याइएको | २ |
| आचारसंहिता तयार गरिएको तर कार्यान्वयनमा नल्याइएको | १ |
| आचारसंहिता नै तयार नगरिएको | ० |

## ५.७ अनुगमन तथा मूल्यांकन (Monitoring and Evaluation)

सूचक संख्या : ५ वटा
अंकभार : प्राप्त गर्नुपर्ने न्यूनतम अंक ३, प्राप्त गर्न सक्ने अधिकतम अंक १०

### सूचक नं. ७.१ (PM-48) अनुगमन तथा मूल्यांकन कार्यको कार्यान्वयन स्थिति ।

#### सूचकको ब्याख्या

जि.वि.स. ले अनुगमन तथा मूल्यांकनका कार्यविधि तथा फारम तयार गरेको तथा सो अनुरुप अनुगमन गरी प्रतिवेदनहरु प्रस्तुत गरिएको ।

#### मापनको आधार

अनुगमन तथा मूल्यांकन कार्यविधि, फारम र अनुगमन प्रतिवेदनको अध्ययन तथा विश्लेषण गर्ने ।

- ❖ गत आ.व.मा उपयोग गरिएको कार्यविधि, फारम र अनुगमन प्रतिवेदनको विश्लेषण गर्ने ।

#### सूचनाको श्रोत

योजना, अनुगमन तथा मूल्यांकन शाखा ।

#### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| अनुगमन तथा मूल्यांकन कार्यविधिको साथै प्रतिवेदन फारम तयार भएको । सो अनुसार अनुगमन गरी लिखित प्रतिवेदन प्रस्तुत गरी छलफल गर्ने गरिएकोमा । | २ |
| अनुगमन तथा मूल्यांकन कार्यविधि तयार नभएको । तर केही प्रतिवेदन फारम उपयोग गरी अनुगमन गर्ने गरिएको र सो को लिखित प्रतिवेदन प्रस्तुत गर्ने गरिएकोमा । | १ |
| प्रतिवेदन फारम उपयोग नगरी अनुगमन गरिएको वा अनुगमन प्रतिवेदन लिखित रुपमा प्रस्तुत गर्ने नगरिएको वा अनुगमन नै नगरिएको । | ० |

### सूचक नं. ७.२ (PM-49) तोकिएको ढाँचा र निर्धारित समयभित्र मासिक तथा वार्षिक विवरण पठाउने गरिएको स्थिति ।

#### सूचकका ब्याख्या

स्था.नि.आ.प्र. नियमावली, २०६४ को नियम १९६ वमोजिम आय तथा व्ययको फाँटवारी, फछ्यौंट हुन बाँकी पेश्कीको मास्केवारी, बैंक हिसाबको विवरण, बैदेशिक सहायता तर्फ वस्तुगत सहायता रकमको फाँटवारी, सोधभर्ना हुने रकमको विवरण आदि प्रतिवेदन पठाएको हुनुपर्ने ।

#### मापनको आधार

निकासा दिने कार्यालय तथा स्थानीय विकास मन्त्रालयमा पठाएका प्रतिवेदनहरु ।

- ❖ गत आ.व. मा पठाइएका प्रतिवेदनको संख्या, समय चलानी नं समेतको अध्ययन गरिने ।

## सूचनाको श्रोत

आर्थिक प्रशासन शाखा, योजना तथा अनुगमन शाखा र निकासा दिने कार्यालय ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| तोकिएका सबै प्रतिवेदनहरु निर्धारित ढाँचा तथा समयमा पठाउने गरेको | २ |
| सबै प्रतिवेदनहरु निर्धारित ढाँचामै पठाइएको, तर समयमा पठाउने नगरेको | १ |
| धेरै जसो प्रतिवेदनहरु समयमा नपठाएको वा निर्धारित ढाँचा प्रयोग नगरेका | ० |

# सूचक नं. ७.३ (PM-50) पूर्वाधार विकास सम्बन्धी योजनाहरुको कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र जाँचपास तथा फरफारक भएको हुनुपर्ने ।

## सूचकका ब्याख्या

स्था.नि.आ.प्र. नियमावली, २०६४ को नियम ५१ वमोजिम जाँचपास तथा फरफारक भएको हुनुपर्ने ।

## मापनको आधार

प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन, अन्तिम मूल्याकंन, फरफारक समितिको निर्णय र जिल्ला विकास समिति बैठकको निर्णय विश्लेषण गर्ने ।

- ❖ गत आ.व. मा फरफारकका लागि योजना सम्पन्न प्रतिवेदनहरु संलग्न गरी फरफारकका लागि प्राप्त निवेदन र सो उपर फरफारक गरिएका योजनाको विवरणको अध्ययन गरिने ।

## सूचनाको श्रोत

योजना शाखा, आर्थिक प्रशासन शाखा र जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| जाँचपाँस तथा फरफारकको लागि अनुरोध भए मध्ये ८०% वा सो भन्दा बढी योजनाको तोकिए वमोजिमको समयमा फरफारक भएकोमा | २ |
| जाँचपाँस तथा फरफारकको लागि अनुरोध भए मध्ये ६०% वा सो भन्दा बढी, तर ८०% भन्दा कम योजनाको फरफारक भएकोमा | १ |
| ६०% भन्दा कम फरफारक भएकोमा | ० |

## सूचक नं. ७.४ (PM-51) दुई वर्ष अघि सम्पन्न भइसकेका रु. १५ लाख वा सोभन्दा माथिका आयोजना तथा कार्यक्रमहरुको प्रभावको मूल्यांकन (Impact Evaluation) गरेको हुनुपर्ने ।

### सूचकको ब्याख्या

सम्पन्न योजनाहरुबाट गरिब तथा पिछडिएको वर्गमा पर्न गएको प्रभावको ऐनको दफा २११ बमोजिम अध्ययन विश्लेषण गर्ने गरिएको हुनुपर्ने ।

### मापनको आधार

गत आ.व. भन्दा अघिल्लो दुई आ.व. हरुमा प्रति योजना रु. १५ लाख वा सो भन्दा बढी लागतमा सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको सूची प्राप्त गर्ने । सो योजनाहरु मध्येबाट गरिबी न्यूनिकरणमा परेको प्रभाव मूल्यांकन गरे/नगरेको समीक्षा गर्ने । मूल्याकंन गरिएका अध्ययन प्रतिवेदनहरुको विश्लेषण गर्ने ।

### सूचनाको श्रोत

योजना शाखा र अनुगमन तथा मूल्यांकन शाखा ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| सम्पन्न योजनाहरुमध्ये ७५% वा सोभन्दा वढी त्यस्ता योजना तथा कार्यक्रमहरु को प्रभाव अध्ययन भएकोमा | २ |
| सम्पन्न योजनाहरुमध्ये ५०% वा सो भन्दा वढी तर ७५% भन्दा कम योजना तथा कार्यक्रमहरु को प्रभाव अध्ययन भएकोमा | १ |
| ५०% वा सो भन्दा कम भएको वा प्रभाव अध्ययन नै नभएकोमा | ० |

*नोट : कुनै जि.वि.स.मा रु. १५(पन्ध्र) लाख वा सो भन्दा माथिका आयोजना तथा कार्यक्रमहरु नै सम्पन्न (क्रमागत समेत) नभएको अवस्थामा त्यस्ता जिल्लाले यस सूचकमा १(एक) अंक पाउन सक्नेछ ।*

## सूचक नं. ७.५ (PM-52) आर्थिक वर्ष सकिएको प्रथम चौमासिक भित्र जि.वि.स.ले दातृसंस्थाहरूबाट सञ्चालित योजना/कार्यक्रम र बजेट कार्यान्वयन सहित बार्षिक जिल्ला विकास योजनाको समीक्षा गरी जिल्लावासी लगायत अन्य साझेदारलाई जानकारी गराएको हुनुपर्ने ।

### सूचकको ब्याख्या

जिल्ला विकास समितिबाट संचालित कार्यक्रम, उपलब्ध बजेट र खर्चको स्थिति विश्लेषण गरी समीक्षा गरेको हुनुपर्ने । त्यस्तो समीक्षाको सांराश जिल्लाबासी तथा अन्य साझेदारलाई जानकारी गराएको हुनुपर्ने ।

### मापनको आधार

समीक्षा गोष्ठीको प्रतिवेदन, जि.वि.स. को प्रकाशन, पत्रपत्रिका, सूचना पाटी, गाविस/नगरपालिकालाई प्रेषित पत्र आदि ।

- ❖ गत आ.व. मा संचालित त्यस्ता कार्यक्रम चालू आ.व. को प्रथम ४ महिना भित्रमा समीक्षा गरी जानकारी गराएको हुनुपर्ने ।

### सूचनाको श्रोत

योजना शाखा, अनुगमन तथा मूल्यांकन शाखा र जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| समीक्षा गोष्ठी गरी सो को सांराश रेडियो, पत्रपत्रिका, पुस्तिका सूचना पाटी, पत्र आदि मार्फत सूचना जारी गरेकोमा | २ |
| समीक्षा गोष्ठी गरेको तर जानकारी नगराएको | १ |
| उपरोक्त अनुसार नभएको | ० |

## सूचक नं.७.६ (PM-53) सुपरिवेक्षण तथा अनुगमन उपसमितिको गठन भएको र नियमित बैठक बसेको हुनुपर्ने ।

### सूचकको ब्याख्या

स्था.स्वा.शा. नियमावलीको नियम २०२ बमोजिम सुपरीवेक्षण तथा अनुगमन उपसमितिको गठन भए/नभएको र गठन भएको भएमा नियमित बैठक बसे नबसेको हेर्ने ।

**(यो सूचक जनप्रतिनिधि वहाल भएपछि लागू हुनेछ ।)**

### मापनको आधार

बैठकको निर्णय र निर्देशन

### सूचनाको श्रोत

योजना शाखा र जिल्ला प्राविधिक कार्यालय ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| सुपरिवेक्षण तथा अनुगमन उपसमितिको गठन भई वर्षमा कम्तीमा ६ पटक नियमित बैठक बसेकोमा | २ |
| सुपरिवेक्षण तथा अनुगमन उपसमितिको गठन भई कम्तीमा ३ देखि ५ पटकसम्म बैठक बसेकोमा | १ |
| उपरोक्त अनुसार नभएको | ० |

## सूचक नं.७.७ (PM-54) जि.वि.स. को सुपरिवेक्षण तथा अनुगमन उपसमितिले पेश गरेको प्रतिवेदन उपर जि.वि.स. को बैठकमा छलफल र सो को निर्णय ।

### सूचकको ब्याख्या

प्राप्त प्रतिवेदन उपर जि.वि.स. ले छलफल गरी निर्णय गरेको हुनुपर्ने ।

**(यो सूचक जनप्रतिनिधि वहाल भएपछि लागू हुनेछ ।)**

### मापनको आधार

प्रतिवेदनको सन्दर्भमा जि.वि.स.को बैठकले गरेका निर्णयहरु ।

### सूचनाको श्रोत

योजना शाखा तथा बैठक शाखा ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| बैठकमा प्रस्तुत अनुगमन प्रतिवेदनहरूमाथि छलफल गरी आवश्यक निर्णय भएकोमा | २ |
| अनुगमन प्रतिवेदनहरु बैठकमा प्रस्तुत गरी छलफल भएको तर प्रतिवेदन सम्वन्धमा निर्णय नभएकोमा | १ |
| उपरोक्त बमोजिम नभएकोमा | ० |

# ५.८ संगठन संरचना, सेवा प्रवाह र सम्पत्ति ब्यवस्थापन

सूचक संख्या : ८ वटा

अंकभार : प्राप्त गर्नुपर्ने न्यूनतम अंक ४ प्राप्त गर्न सक्ने अधिकतम अंक १२

## सूचक नं. ८.१ (PM-55) जि.वि.स. को संगठन विकास (OD) अध्ययन वा संरचनागत लेखाजोखा भएको र कर्मचारीको कार्य विवरण (Job Description) लागू भएको हुनुपर्ने ।

### सूचकको ब्याख्या

जि.वि.स. को संस्थागत क्षमता अभिवृद्धिका लागि संगठन विकास अध्ययन वा संरचनागत लेखाजोखा भएको र कर्मचारीहरुको काम, कर्तव्य र अधिकार खुलेको कार्य विवरण (Job Description) लागू भएको हुनुपर्ने ।

### मापनको आधार

गत आ.व. सम्ममा भएका जि.वि.स.को संगठन विकास अध्ययन वा सरचनागत लेखाजोखा प्रतिवेदन र कर्मचारीहरुको कार्य विवरण (Job Description) सम्बन्धी कागजातहरुको अध्ययन । सम्पूर्ण कर्मचारीहरुको कार्य विवरण सम्बन्धित कर्मचारी तथा प्रशासन शाखामा रहेको हुनुपर्ने ।

### सूचनाको श्रोत

कर्मचारी प्रशासन शाखा र मानव संशाधन विकास इकाई ।

## अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| जि.वि.स. को संगठन विकास अध्ययन/संरचनागत लेखाजोखाको दस्तावेज भएको र कर्मचारीहरुको कार्य विवरण (Job Description ) लागू भएको । | २ |
| संगठन विकास अध्ययन/संरचनागत अध्ययन वा कर्मचारीहरुको कार्य विवरण मध्ये कुनै एकमा मात्र तयार भएको । | १ |
| उपरोक्त दुबै नभएको । | ० |

## सूचक नं. ८.२ (PM-56) जि.वि.स. ले आफ्नो सम्पत्तिको विवरण तयार गरी अद्यावधिक गरेको हुनुपर्ने ।

### सूचकको ब्याख्या

जि.वि.स. को नाममा रहेको वा जिम्मामा रहेको जग्गा, जमीन, भवन तथा अन्य अचल सम्पत्तिको विवरण अद्यावधिक गरेको हुनुपर्ने (स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१२, २१३ र २१४ को उपनियम (४) वमोजिम) ।

### मापनको आधार

जि.वि.स. को सम्पत्तिको विवरण सम्बन्धी अभिलेख ।

- गत आ.व. सम्मको आफ्नो सम्पत्तिको विवरण तयार गरी अद्यावधिक गरेको हुनुपर्ने ।

(जि.वि.स. को नाममा भएको वा स्वामित्वमा रहेको अचल सम्पत्तिको जग्गाधनी पूर्जा, मालपोत वा सम्पत्ति कर तिरेको रसिद र भवन आदिको नक्सा प्राप्त गरी अध्ययन गरिने)

### सूचनाको श्रोत

प्रशासन शाखा, जिन्सी शाखा एव जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| जि.वि.स. को स्वामित्वमा रहेको सबै अचल सम्पत्तिको विवरण उल्लेख गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार गरिएको र तिर्नुपर्ने मालपोत तथा अन्य कर तिरेको | २ |
| जि.वि.स.को स्वामित्वमा रहेको वा जिम्मामा रहेको सम्पत्तिको विवरण तयार भएको तर निरीक्षण प्रतिवेदन नभएको वा कर दस्तुर नतिरेको | १ |
| जि.वि.स. को स्वामित्वमा रहेको वा जिम्मामा रहेको सम्पत्तिको विवरण तयार नभएको | ० |

*नोट : जि.वि.स. को आफ्नो स्वामित्वमा रहेका सबै अचल सम्पत्तिको लालपूर्जा, मालपोत तथा सम्पत्ति कर तिर्नुपर्ने भएमा सो गरे/नगरेको अध्ययन गरिने ।*

## सूचक नं.८.३ (PM-57) जिन्सी निरीक्षणको स्थिति ।

### सूचकको ब्याख्या

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ को उपनियम (१) र (२) बमोजिम वर्षको कम्तीमा एक पटक जिन्सी निरीक्षण गरेको हुनुपर्ने ।

### मापनको आधार

जिन्सी निरीक्षणको प्रतिवेदन र सो को कार्यान्वयन स्थिति ।

- ❖ गत आ.व. मा गरिएको लिखित जिन्सी निरीक्षण प्रतिवेदनको अध्ययन गरिने ।

### सूचनाको श्रोत

प्रशासन शाखा र भण्डारण शाखा ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| अघिल्लो वर्षको जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त गरी स्था.नि.आ.प्र. नियमावली, २०६४ को नियम २१४ को उपनियम (२) र (३) वमोजिम लिलामी र मर्मत सम्भार सम्वन्धी कार्यवाही गरेकोमा | २ |
| अघिल्लो वर्षको जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त गरेको (स्था.नि.आ.प्र. नियमावली, २०६४ को नियम २१४ को उपनियम (२) बमोजिम) तर सो अनुरुप कार्यवाही नगरेकोमा | १ |
| उपरोक्त अनुसार नगरेको वा जिन्सी निरीक्षण नै नगराएकोमा | ० |

## सूचक नं. ८.४ (PM-58) आन्तरिक लेखापरीक्षण ब्यवस्थित गर्नको लागि गरिएको प्रयास ।

### सूचकको ब्याख्या र मापनको आधार

आन्तरिक लेखापरीक्षण सम्वन्धी कार्यविधि तयार भएको र सो सम्वन्धी जानकारी/तालिम सम्वन्धित कर्मचारी सरोकारवालाहरुलाई दिएको । यस सन्दर्भमा आ.ले.प. का प्रतिवेदनहरु समेत अध्ययन गर्नुपर्ने ।

### सूचनाको श्रोत

आर्थिक प्रशासन शाखा तथा आलेप शाखा ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| वित्तीय अनुशासन तथा लेखा परीक्षण ब्यवस्थित गर्न कार्यविधि तयार गरी लागू गरेकोमा | १ |
| उपरोक्त अनुसार नगरेकोमा | ० |

## सूचक नं.८.५ (PM-59) पदपूर्ति समितिको गठन र क्रियाशीलताको स्थिति ।

### सूचकको ब्याख्या

जि.वि.स. ले स्था.स्वा.सा. नियमावली, २०५६ को नियम २१५ वमोजिम पदपूर्ति समितिको गठन गरेको हुनुपर्ने ।

### मापनको आधार

गत आ.व.मा पदपूर्ति समितिको कम्तिमा १ पटक वैठक बसेको हुनुपर्ने । बैठकको उपस्थिति र निर्णयको माईन्यूट ।

### सूचनाको श्रोत

प्रशासन शाखा ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| तोकिए वमोजिम पदपूर्ति समितिको गठन भएको र पदपूर्ति समिति क्रियाशील रहेको (वैठक आदि वसेको) | १ |
| उपरोक्त अनुसार नभएकोमा | ० |

*नोट : गत आ.व.मा कुनै पद खाली नभै पदपूर्ति सम्बन्धी कुनै काम गर्नु नपरी पदपूर्ति समितिको बैठक नवसेमा पूरै अंक पाउनेछ ।*

## सूचक नं. ८.६ (PM-60) जि.वि.स. कर्मचारीहरुको नियमित वैठक गरे/नगरेको स्थिति ।

### सूचकको ब्याख्या

जिल्ला विकास समितिले नियमित रुपमा आफ्ना सवै कर्मचारीहरु संलग्न गरी नियमित वैठक गर्नुपर्ने । यस्तो वैठकमा जि.वि.स.को योजना र कार्यक्रम प्रगति, समस्या र समाधानका उपायहरु सम्वन्धी छलफल तथा निर्णय गरेको हुनुपर्ने ।

### मापनको आधार

वैठकको उपस्थिति र निर्णयको माईन्यूट ।

गत आ.व.मा गरिएको कर्मचारीको नियमित वैठक संख्या र बैठकमा भएका निर्णयको अध्ययन गरिने ।

### सूचनाको श्रोत

वैठक शाखा, कर्मचारी प्रशासन शाखा एवं योजना तथा अनुगमन शाखा ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| गत आ.व. मा ४ वा सो भन्दा बढी बैठक गरेकोमा | १ |
| गत आ.व. मा ४ पटक भन्दा कम गरेको वा बैठक नै नरेकोमा | ० |

## सूचक नं. ८.७ (PM-61) सेवा प्रवाह प्रभावकारी पार्ने सम्बन्धमा भएको प्रयास ।

### सूचकको ब्याख्या

जि.वि.स. ले सेवा प्रवाहलाई प्रभावकारी पार्ने उद्देश्यले सोधपुछ कक्ष (Inquiry/Help Desk) राखे नराखेको एवं गुनासो सुन्ने अधिकारी (Nodal Person) तोके नतोकेको अवलोकन गरी विश्लेषण गर्ने ।

### मापनको आधार

जि.वि.स. मा सोधपुछ कक्ष (Inquiry/Help Desk) को स्थापना र संचालन भई गुनासो सुन्ने अधिकारी तोकिएको विश्लेषण

गर्ने । यसका लागि सोधपुछ कक्षको गठन सम्बन्धी परिषद् वा बोर्ड बैठकको निर्णय र गुनासो सुन्ने अधिकारी तोकिएको पत्र हेर्ने ।

### सूचनाको श्रोत

बैठक शाखा र कर्मचारी प्रशासन शाखा ।

## सूचक नं. ८.८ (PM-62) जि.वि.स. को क्षमता विकास योजना तर्जुमा भई परिषद्वाट स्वीकृत भएको हुनुपर्ने ।

### सूचकका ब्याख्या

जिल्ला विकास समितिले संगठनको उद्देश्य, जिम्मेवारी र आवश्यकता परिपूर्ति गर्नको लागि आवश्यक पर्ने क्षमता विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको हुनुपर्ने । त्यस्तो योजना जिल्ला परिषदबाट स्वीकृत गरेको हुनुपर्ने ।

*(यो सूचक आ.व. २०६६/६७ को मूल्यांकन देखि MC को रुपमा लागू गरिनेछ ।)*

### मापनको आधार

क्षमता विकास कार्य योजनाको प्रतिवेदन र जिल्ला परिषद्को निर्णय ।

### सूचनाको श्रोत

कर्मचारी प्रशासन शाखा, मानव संशाधन विकास इकाई, जिल्ला सूचना तथा अभिलेख केन्द्र ।

### अंकभार तालिका

| अंक भार | अंक |
|---|---|
| जि.वि.स. ले क्षमता विकास योजना तर्जुमा गरी जिल्ला परिषद्बाट स्वीकृत भएकोमा | २ |
| जि.वि.स. ले क्षमता विकास योजना तर्जुमा गरेको तर जिल्ला परिषदबाट स्वीकृत नभएकोमा | १ |
| क्षमता विकास योजना तर्जुमा नै नभएकोमा | ० |

# खण्ड : ६

# न्यूनतम शर्त र कार्य सम्पादन मापनको व्यवस्थापन (Management of MC/PM Assesssment)

## ६.१ न्यूनतम शर्त र कार्य सम्पादन मापन मूल्याङ्कन सम्बन्धी जिम्मेवारी

स्थानीय निकायहरुको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन गर्ने कार्य स्थानीय निकाय वित्तीय आयोगले गर्ने छ । जिल्ला विकास समितिको यस्तो मूल्यांकन प्रत्येक आर्थिक बर्षमा सम्पादन गर्नु पर्ने र उक्त कार्य सम्पादन गर्न आवश्यक स्रोतको व्यवस्था स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम रहे सम्म सो कार्यक्रमबाट र तत्पश्चात नेपाल सरकार (मं.पं.) को २०६३।८।११ को निर्णय अनुसार राजस्व बाँडफाँड तथा विकाास अनुदानको ०.५ प्रतिसत रकमबाट स्थानीय विकास मन्त्रालयले गर्नेछ ।

## ६.२ न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यको व्यवस्थापन र सुपरिवेक्षण

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७३ (घ) बमोजिम स्थानीय निकाय वित्तीय आयोगबाट न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यको व्यवस्थापन हुनेछ । आयोगकोतर्फबाट उक्त कार्यक्रमको व्यवस्थापन तथा सुपरिवेक्षण कार्य गराउन निम्न बमोजिमको सुपरिवेक्षण तथा व्यवस्थापन समिति रहनेछः

**(क) सुपरिवेक्षण तथा व्यवस्थापन समिति**

| | |
|---|---|
| (१) सचिव, स्थानीय विकास मन्त्रालय | अध्यक्ष |
| (२) सचिव, स्थानीय विकास मन्त्रालय ( नगरपालिका व्यवस्थापन ) | सह अध्यक्ष |
| (३) सह-सचिव, स्थानीय विकास मन्त्रालय सबै महाशाखा (४) | सदस्य |
| (४)सदस्य सचिव, स्थानीय निकाय वित्तीय आयोगको सचिवालय | सदस्य |
| (५) महानिर्देशक, स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग | सदस्य |
| (६) सह-सचिव (स्थानीय विकास हेर्ने), राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| (७) सह-सचिव (बजेट तथा कार्यक्रम महाशाखा), अर्थ मन्त्रालय | सदस्य |
| (७) लेखा परीक्षण निर्देशक (स्थानीय विकास हेर्ने), महालेखा परीक्षकको कार्यालय | सदस्य |
| (८)प्रतिनिधि, स्थानीय निकायका संघ महासंघहरु (ADDCN, MUAN ,NAVIN) (३) | सदस्य |
| (९) राष्ट्रिय कार्यक्रम व्यवस्थापक, LGCDP | सदस्य |
| (१०) उपसचिव, स्थानीय निकाय वित्तीय आयोगको सचिवालय | सदस्य सचिव |

LGCDP कार्यक्रम रहेसम्म उक्त कार्यक्रमका दातृ संस्थाका प्रतिनिधि (ADB, UNDP/UNCDF, DANIDA/DFID, आदि) लाई सदस्यको रुपमा समितिको बैठकमा आमन्त्रित गरिनेछ । त्यसैगरी समितिले कार्य सम्पादनको क्रममा आवश्यक पर्ने सरकारी एवं गैर सरकारी संघ/संस्था र दातृ निकायका प्रतिनिधि समेतलाई आमन्त्रण गर्न सक्नेछ ।

## (ख) सुपरिवेक्षण तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

यस समितिले स्थानीय निकायहरुको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनकार्यको लागि देहायबमोजिम व्यवस्थापन र सुपरिवेक्षण सम्बन्धि आवश्यक कार्यहरु गर्नेछ ।

(१) न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यको व्यवस्थापनमा सचिवालयलाई मार्ग निर्देशन दिने ।

(२) न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यको अनुगमन र सुपरिवेक्षण गर्ने, गराउने ।

(३) न्यूनतम शर्त तथा कार्य सम्पादन मापनकार्यको गुणस्तर सुनिश्चितता (Quality Assurence)का लागि आवश्यक व्यवस्था मिलाउने ।

(४) न्यूनतम शर्त तथा कार्य सम्पादन मापनकार्यको व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्ने गराउने ।

(५) गुणस्तर परिक्षणको प्रतिवेदन समेतका आधारमा न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको अन्तिम नतिजा स्विकृत गर्ने ।

उक्त समितिको कार्यसम्पादनमा तथा न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (MCPM) कार्यक्रम व्यवस्थापन सम्बन्धी कार्यमा सचिवालयलाई सहयोग गर्न देहाय बमोजिम सहजिकरण तथा व्यवस्थापन उप समिति रहनेछ ।

## (ग) सहजिकरण तथा व्यवस्थापन उप समिति

| क्र.सं. | पद | संस्था/कार्यालय | जिम्मेवारी |
|---|---|---|---|
| १ | सदस्य सचिव | स्थानीय निकाय वित्तीय आयोग | संयोजक |
| २ | उपसचिव-<br>स्थानीय निकाय सहयोग शाखा<br>ऐन नियम परामर्श शाखा<br>आर्थिक प्रशासन शाखा | स्थानीय विकास मन्त्रालय | सदस्य |
| ५ | उपसचिव - २ | स्थानीय निकाय वित्तीय आयोगको सचिवालय | सदस्य |
| ७ | राष्ट्रिय कार्यक्रम व्यवस्थापक | स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) | सदस्य |
| ८ | लेखा अधिकृत | स्थानीय निकाय वित्तीय आयोगको सचिवालय | सदस्य |
| ८ | शाखा अधिकृत | स्थानीय निकाय वित्तीय आयोगको सचिवालय | सदस्य सचिव |

यस उपसमितिले कार्य सम्पादनको क्रममा आवश्यक पर्ने सरकारी एवं दातृ निकायका प्रतिनिधि समेतलाई आमन्त्रण गर्न सक्नेछ ।

## ६.३ मूल्याङ्कन कार्यको समयावधि

स्थानीय निकायहरुको सहभागितात्मक योजना पद्धतिको योजना तर्जुमा चक्र प्रत्येक वर्षको मार्ग महिनादेखि प्रारम्भ हुने व्यवस्था छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९५ ले कार्तिक महिनाभित्र नै अनुदान र आवश्यक नीति तथा मार्गदर्शनहरु उपलब्ध गराउनुपर्ने किटानी व्यवस्था गरेकोले यी निकायहरुमा कार्यसम्पादनमा आधारित स्रोत प्रवाह प्रणाली (Performance-based Funding System) स्थापित गर्नका लागि न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको लेखाजोखाको कार्य कार्त्तिक महिनासम्ममा सम्पन्न गरी_सो नतीजाको आधारमा स्थानीय निकायलाई प्रदान गर्न सकिने अनुदान निर्धारण गर्नु पर्दछ । सो को जानकारी सम्बन्धित स्थानीय निकायलाई मार्ग महिना भित्र गराई सक्नु पर्दछ । यसबाट स्थानीय निकायहरुले आगामी वर्षको एकीकृत योजना तर्जुमाको लागि प्राप्त हुने अनुदानको जानकारी पहिले नै पाउन सक्ने र सो आधारमा बजेट सिलिङ्ग प्रवाह गरी योजना तर्जुमा, प्राथमिकीकरण र स्वीकृति गर्नु पर्ने व्यवस्था छ ।

## ६.४ न्यूनतम शर्त तथा कार्यसम्पादन मापन मूल्याङ्कनका पूर्वशर्तहरू

न्यूनतम शर्त तथा कार्यसम्पादन मापन मूल्याङ्कनको परिणामले स्थानीय निकायहरुले प्राप्त गर्ने अनुदानमा प्रभाव पार्ने भएकोले यो कार्य अत्यन्तै सजगतापूर्वक र सम्वेदनशीलढंगले सम्पन्न गरिनु पर्दछ । न्यूनतम शर्त तथा कार्यसम्पादन मूल्यांकन कार्यको लागि स्थानीय निकायहरु तथा अन्य सम्वद्ध पक्षहरुलाई स्थानीय निकाय वित्तीय आयोगको सचिवालय तथा स्थानीय विकास मन्त्रालयले निम्न वमोजिमको जानकारी गराउने छन् ।

१. स्थानीय निकायका पदाधिकारी तथा कर्मचारीहरुलाई न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको अवधारणा, उद्देश्य, सूचकहरु, मापनका विधि र यसबाट अनुदान व्यवस्थामा पर्ने असर बारे अग्रिम जानकारी तथा अभिमुखिकरण गरिनेछ ।

२. स्थानीय निकायहरुलाई न्यूनतम शर्त तथा कार्य सम्पादनका मापनका सूचकहरू, सूचकका ब्याख्या, पुष्ट्याइँका आधार, सूचनाको स्रोत आदिको अभिलेख तयार गर्न समय दिने उद्देश्यले लेखाजोखा गर्ने टोली पुग्नुभन्दा कम्तीमा एक महिना अगावै सोको जानकारी गराइने र सो क्रममा सम्भव भएसम्म मूल्यांकनको लागि तयार गरिएको कार्यविधि समेत उपलब्ध गराइनेछ ।

३. मूल्याङ्कन कार्य पूर्वाग्रहरहित हुनेकुराको सुनिश्चित गर्न तटस्थ, स्वतन्त्र र दक्ष विशेषज्ञ भएको लेखाजोखा टोली गठन गर्नुपर्छ । तसर्थ यस किसिमको लेखाजोखा कार्य दक्ष, स्वतन्त्र संस्था/परामर्शदाता/फर्मबाट गराईनेछ । लेखाजोखाको व्यवस्थापन कार्यमा स्थानीय निकायहरुका संघ/महासंघहरुको समेत प्रतिनिधित्व गराई स्थानीय निकाय वित्तीय आयोगको सचिवालयबाट गरिनेछ ।

४. मूल्याङ्कन गर्ने टोली (संस्था/परामर्शदाता बिज्ञ) आदिको छनौट आयोगबाट अत्यन्तै पारदर्शी तरिकाबाट गरिनेछ । छनौट भएका बिज्ञ टोलीलाई जिल्ला प्रस्थान गर्नु अघि अनिवार्य रूपमा सूचक तथा लेखाजोखाको विस्तृत प्रक्रियासम्बन्धी तालिम दिईनेछ ।

५. मूल्याङ्कन गर्ने विज्ञ टोलीलाई अध्ययनको समयमा सहयोग पुऱ्याउन स्थानीय निकायवाट सम्बन्धित जिम्मेवार व्यक्ति/ कर्मचारीहरूलाई संलग्न गराउने व्यवस्था मिलाइनेछ । यसमा स्थानीय निकायका संघ/महासंघ तथा स्थानीय विकास मन्त्रालय, अर्थमन्त्रालय, राष्ट्रिय योजना आयोग आदिको पनि आवश्यकता अनुसार प्रतिनिधित्व गराईने छ ।

७. मूल्याङ्कन गर्ने विज्ञ टोलीले कार्यविधिमा उल्लेख गरिएका सूचकका आधारमा मात्र जिविसको कार्यसम्पादनको मूल्याङ्कन गर्नु पर्नेछ ।

८. मूल्याङ्कन गर्ने विज्ञ टोलीले अध्ययन सम्पन्न भएपछि मूल्याङ्कनको प्रारम्भिक अवस्थाको विषयमा जिविसका सम्बन्धित पदाधिकारीहरुलाई जानकारी गराउने छन् ।

९. जिविसको MCPM मूल्याङ्कन गर्ने विज्ञ टोलीले गरेको अध्ययन को अन्तिम नतिजाको जानकारी वित्तिय आयोगबाट गुणस्तर परिक्षण सम्पन्न गरी सके पछि मात्र सम्बन्धित जिविसहरुलाई गराईने छ ।

१०. स्थानीय निकायहरुलाई लेखाजोखाको परिणाम चित्त नबुझेको अवस्थामा पुनरावेदन (अपिल) गर्न पाउने अधिकार सुरक्षित गरिनेछ ।

# ६.५ न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको मूल्यांकन तथा विश्लेषण

## ६.५.१ मूल्यांकन गर्ने परामर्शदात्री संस्था र विज्ञ टोली

जिल्ला विकास समितिको न्यूनतम शर्त र कार्यसम्पादन मापन कार्यको मूल्यांकन गर्ने टोलीमा निम्न अनुसारको विषयमा योग्यता र दक्षता प्राप्त गरेका अनुभवी व्यक्ति (बिज्ञ) हरू संलग्न हुने गरी अध्ययन अनुसन्धान कार्यमा कार्यरत संस्थाहरुवाट प्रस्ताव आव्हान गरी छनोट गरिनेछ । विज्ञ टोलीको योग्यता र अनुभव देहाय बमोजिम हुनेछ :

| क्र. सं | दक्षता प्राप्त क्षेत्र/व्यक्ति | संख्या | अध्ययन गर्ने क्षेत्र | योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्थानीय शासन विज्ञ | १ | विकेन्द्रीकरण, अनुगमन तथा मूल्यांकन, संस्थागत विकास, कुशल शासन, योजना प्रक्रिया, ग्रामीण तथा शहरी विकास । | मान्यता प्राप्त विश्व विद्यालयबाट स्नातकोत्तर भई विकेन्द्रीकरण, स्थानीय विकास र स्थानीय निकाय आदि स्थानीय शासनसंग सम्बन्धित क्षेत्रमा कम्तीमा ५ वर्षको अनुभव भएको । | उपयुक्त दुवै व्यक्तिहरु- मध्ये योग्यता तथा अनुभवका आधारमा १ जना टोली नेता र १ जना सदस्यको रुपमा रहन सक्नेछन् । |
| २ | वित्तीय व्यवस्थापन विज्ञ | १ | आयव्यय विश्लेषण, बजेट व्यवस्थापन, जिन्सी व्यवस्थापन, स्रोत परिचालन र व्यवस्थापन । | मान्यता प्राप्त विश्व विद्यालयबाट व्यवस्थापन, अर्थशास्त्र वा वित्तीय व्यवस्थापन सम्बन्धित विषयमा स्नातकोत्तर भई आर्थिक प्रशासन/वित्तीय व्यवस्थापनको क्षेत्रमा कम्तीमा ५ वर्षको अनुभव भएको । | |

**द्रष्टव्य-**

क) सम्बन्धित जिल्लामा स्थायी ठेगाना भएका व्यक्ति सो जिल्लाको मूल्यांकन कर्तामा छनौट हुन सक्ने छैन । तर यो शर्त काठमाण्डौ उपत्यका भित्रका जिल्लाको हकमा लागु हुने छैन ।

ख) कुनै विज्ञ व्यक्ति लगातार दुई पटक भन्दा बढी एउटै समूहको लागि छनौट हुन सक्ने छैन ।

ग) न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यमा पहिले सल्नन भई सकेको व्यक्ति उपरोक्त बमोजमको अनुभव भए सरह छनोट हुन सक्ने छन् ।

घ) न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यको गुणस्तर सुनिश्चिततता परिक्षण गर्ने विज्ञ हरुको न्यूनतम योग्यता र अनुभव पनि उपर्युक्त अनुसार हुनेछ ।

## ६.५.२ न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको मूल्यांकन गर्ने विधि

क) मूल्यांकन गर्ने टोली जिल्लामा पुग्नु अगावै सम्बन्धित जिल्लालाई न्यूनतम शर्त र कार्यसम्पादन मापनको कार्यबिधि र टोली पुग्ने समयको जानकारी भए/नभएको निश्चित गर्नु पर्दछ । सहजकर्ता अधिकृतसंग समन्वय गरी जिल्लामा प्रस्थान गर्नु पर्नेछ ।

ख) जिल्लामा अध्ययन टोली पुगेपछि सर्वप्रथम स्थानीय निकायका सम्बन्धित कर्मचारी र राजनीतिक नेतृत्व समेतको बैठक बसाली सूचकको व्याख्या र आवश्यक पर्ने कागजातको, कससँग कहिलेसम्ममा प्राप्त गर्ने भनी प्रष्ट जानकारी दिनुपर्दछ ।

ग) सो मापनका सूचक परिपूर्ति गर्न आवश्यक कागजात एवं  सूचनाहरु सम्बन्धित शाखा/उपशाखा/इकाई आदिबाट संकलन गर्नु पर्दछ । संकलित कागजात जाँचबुझ गरी अधिकृतस्तरबाट प्रमाणित गराई लिनु पर्दछ ।

घ) आवश्यकता अनुसार केही सूचकको स्थलगत अध्ययन गर्नु पर्दछ भने कुनै सूचकका बारेमा सम्बन्धित सरोकारवालासंग छलफल गर्नुपर्ने पनि हुन सक्दछ ।  उदाहरणको लागि जि.वि.स. भित्रकै जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थिति, आन्तरिक लेखापरीक्षण शाखाको स्थिति र फिल्डमा योजनागत सार्वजनिक परीक्षण भए/नभएको स्थिति आदिको स्थलगत अध्ययन गर्नुपर्ने हुन्छ ।

ङ) न्यूनतम शर्तको मूल्यांकन गर्दा तोकिए अनुसारका कागजात वा अन्य कुनै ठोस प्रमाणबाट सो सूचकको पालनाको पुष्टि हुन नसकेमा न्यूनतम शर्त पूरा नभएको मानिनेछ ।

च) त्यस्तै कार्यसम्पादन मापनको हकमा पनि तोकिए अनुरसारका कागजात, तथ्यांक विवरण, प्रतिवेदन विवरण आदि को मूल्यांकनका आधारमा अंक प्रदान गर्नुपर्नेछ ।

छ) अध्ययन टोलीले मूल्यांकन सकेपछि जिल्लाबाट प्रस्थान गर्नु अगाडि पुनः सम्बन्धित जि.वि.स.मा बैठक राखी प्राप्त प्रारम्भिक परिणामको अवस्थाबारे जानकारी एवं सुझाव दिएर मात्रै जिल्लाबाट प्रस्थान गर्नु पर्दछ । गुणस्तर परीक्षण पश्चात मात्र प्राप्ताङ्क जानकारी गराइनेछ ।

## ६.५.३ न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको सहजीकरण र समन्वय

न्यूनतम शर्त तथा कार्यसम्पादन मापन गर्ने बिज्ञ टोलीलाई अध्ययनको समयमा सहयोग पुऱ्याउन सचिवालयबाट र आवश्यकता अनुसार मन्त्रालयबाट विज्ञ अधिकृतहरुलाई स्रोत व्यक्ति एबं सहजकर्ताको रुपमा संलग्न गराउने व्यवस्था हुनेछ । सहजीकरण गर्न खटिएका अधिकृतले निम्न अनुसार सहजीकरण र समन्वय गर्ने छन् :

क) न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको अवधारणा, उद्देश्य, सूचकहरु र सोको व्याख्या, मापन विधि एवं यसको नतिजाबाट पर्ने असरबारे सम्बन्धित पक्षहरुलाई अभिमुखीकरण गर्ने ।

ख) मूल्याङ्कन कार्यमा जिविस कार्यालय र विज्ञहरु बीच सम्मन्वय गरी सहयोग गर्ने ।

ग) मूल्याङ्कन गर्ने क्रममा कुनै विषयमा विवाद भएको अवस्थामा ऐन कानून कार्यविधि परिपत्र आदि अध्ययन गरी वा मन्त्रालय र वित्तीय आयोगसंग सम्मन्वय गरी  समाधानको प्रयास गर्ने ।

घ) सम्बन्धित विज्ञहरु संग समन्वय गरी जिविसलाई टोली आई पुग्ने समयको पूर्व जानकारी गराउने र मूल्याङ्कन अवधि भर जिविसमा रही मूल्याङ्कन कार्यमा सहजीकरण गर्ने ।

ङ) मूल्यांकन पश्चात जिविसलाई प्रारम्भिक अवस्था वारे सुझावहरु जानकारी गराउने ।

च) गुणस्तर सुनिश्चिता परिक्षण को प्रावधान र त्यसको असर वारे जानकारी गराउने ।

छ) कार्यबिधि परिमार्जनका लागि सुझावहरु संकलन गर्ने र लिखित प्रतिवेदन पेश गर्ने ।

ज) वित्तिय स्थिति विश्लेषणका लागि जिविस र गाविसहरुको आय व्यय विवरण तथा मन्त्रालयबाट माग गरिएका अन्य विवरणहरु तयार गर्न लगाई साथै लिइ आउने ।

झ) स्थानीय बिकास मन्त्रालयबाट गरिने स्थानीय निकायहरुको अनुगमन (मन्त्रालयको अनुगमन तथा मूल्यांकन शाखा संग समन्वय गरी ) गर्ने

### ६.५.४ न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको गुणस्तर सुनिश्चिता (Quality Assurance) परीक्षण

न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यको गुणस्तर सुनिश्चिता (Quality Assurance) का लागि *"स्थानीय निकायहरुको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यको गुणस्तर सूनिश्चितता परीक्षण सम्बन्धी कार्यबिधि २०६६"* बमोजिम गुणस्तर सूनिश्चितता परीक्षण हुनेछ । यसरी गुणस्तर सूनिश्चितता परीक्षण गर्दा परामर्शदाता बिज्ञहरुद्धारा गरेको मूल्यांकनमा तात्विक फरक पर्न गएमा उक्त कार्यबिधि अनुसार उक्त टोलिले पहिले गरेको सबै स्थानीय निकायको मूल्यांकन रद्द गरी पहिलो मूल्यांकनकर्ता विज्ञहरुलाई कालो सूचीमा राखिनेछ र सबै भूक्तानी रद्द गरिनेछ ।

## ६.६ न्यूनतम शर्त र कार्य सम्पादन मापनको प्रतिबेदन व्यवस्था

न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको मूल्यांकन गर्ने बिज्ञहरुको टोलीले जिविसको अध्ययन र विश्लेषणबाट प्राप्त भएको प्रारम्भिक परीणामलाई सचिवालयमा प्रारम्भिक प्रतिबेदनको रुपमा बुझाउनु पर्नेछ । प्रारम्भिक प्रतिवेदनको ढांचा अनुसुची २ मा तोकिए वमोजिम हुनेछ । उक्त प्रारम्भिक प्रतिबेदनमा कार्यबिधि बमोजिम भए नभएको अध्ययन गरी सचिवालयले बिज्ञ टोलीलाई सुधार गर्न वा पुन स्थलगत रुपमा गै परीक्षण गर्नकालागि निर्देशन दिन सक्नेछ । सचिवालयको प्रतिक्रिया तथा निर्देशन पश्चात तोकिएको समय भित्र बिज्ञ टोलीद्धारा अन्तिम प्रतिबेदन बुझाउनु पर्ने छ ।

अनितम प्रतिवेदन प्राप्त भएपछि गुणस्तर सुनिश्चिता (Quality Assurance) का लागि *"स्थानीय निकायहरुको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यको गुणस्तर सूनिश्चितता परीक्षण सम्बन्धी कार्यबिधि २०६६"* बमोजिम छनोटमा परेका जिविसहरुको गुणस्तर सूनिश्चितता परीक्षण हुनेछ । यसरी गुणस्तर सूनिश्चितता परीक्षण गर्दा परामर्शदाता बिज्ञहरुद्धारा गरेको मूल्यांकनमा तात्विक भिन्नता पर्न गएमा उक्त कार्यबिधि अनुसार पहिले गरेको मूल्यांकन रद्द गरी अर्को मूल्यांकनकर्ता विज्ञहरुबाट पुनः मूल्यांकन गरिनेछ ।

गुणस्तर परिक्षणमा नपरेका समुहका जिविसहरुलाई नतिजा उपर प्रतिक्रियाका लागि आयोगको सचिवालयले उपरोक्त प्रतिवेदन यथाशिघ्र जानकारी गराउने छ ।

# ६.७ प्रतिवेदन र सो को नतीजा उपर सुनुवाई सम्बन्धी व्यवस्था

आयोगको सचिवालयले उपरोक्त प्रतिवेदन र त्यसबाट अनुदानमा पर्न सक्ने असरबारे सम्बन्धित जि.वि.स. लाई यथाशिघ्र जानकारी गराउने छ । कुनै जि.वि.स. ले विज्ञटोलीको नतीजा उपर चित्त नबुझेमा जानकारी प्राप्त भएको दुई हप्ता भित्र सबुत/प्रमाण र पुष्ट्याइँ सहित वित्तीय आयोगमा पुनरावेदन (Appeal) गर्न सक्नेछ । सुपरिवेक्षण तथा व्यवस्थापन समितिका अध्यक्ष पुनरावेदन सुन्ने अधिकारी हुनेछन र निजले यस्तो पुनरावेदन माथि देहाय बमोजिम पुनःविचार गरी अन्तिम निर्णय दिनेछन् :

(क) सबुत/प्रमाण विना गरिएको उजुरमा कुनै सुनुवाई/पुनःविचार गरिने छैन ।

(ख) यदि पुनरावेदन गर्ने जि.वि.स. ले पर्याप्त सबुत/प्रमाण सहित पुनरावेदन गरेको अवस्थामा निम्नलिखित प्रक्रिया अपनाइनेछ :

- मूल्याङ्कन गर्ने टोली/संस्थासँग आवश्यक थप जानकारी र स्पष्टीकरण माग्ने ।
- सो जानकारी स्पष्टीकरणवाट पनि स्थिति स्पष्ट नभएमा अर्को टोलीबाट पुनः मूल्याङ्कन र विश्लेषण गराउने । साथै आयोगले सिधै आफ्ना कर्मचारी खटाई मूल्याङ्कन कार्यको पुनरावलोकन गर्न सक्नेछ ।

यसरी पुनरावलोकनकर्ताले पुनः जाँचबुझ गरी दिएको सुझाव अन्तिम निर्णयको लागि सुपरिवेक्षण तथा व्यवस्थापन समितिमा पेश गरिनेछ ।

(ग) कुनै जि.वि.स. ले गरेको पुनरावेदन सही ठहरेमा थप मूल्यांकन टोली पठाउंदाको खर्च आयोगले व्यहोर्ने छ । तर त्यस्तो पुनरावेदन सही नठहरिएमा थप मूल्यांकन टोली पठाउंदाको खर्च सम्बन्धित जि.वि.स. ले नै व्यहोर्नु पर्नेछ । जि.वि.स. ले सो रकम नपठाएमा जि.वि.स. लाई उपलब्ध गराइने अनुदानबाट कट्टा गरिनेछ । पहिले गरेको मूल्यांकनमा लापरवाही वा गम्भीर त्रुटि देखिएमा त्यसरी मूल्यांकन गर्ने मूल्यांकनकर्तालाई कालो सूचीमा राखिनेछ ।

# ६.८ अनुदान प्रवाह र पुरस्कार सम्वन्धी व्यवस्था

## ६.८.१ कार्यसम्पादन मापन र पूँजीगत अनुदान

कार्य सम्पादन मापन अन्तरगत विषयगत कार्यक्षेत्रका आधारमा जि.वि.स. ले प्राप्त गर्न सक्ने अधिकतम अंकभार र प्राप्त गर्नुपर्ने न्यूनतम अंक तलको तालिका बमोजिम हुनेछ ।

| क्र. सं. | कार्य सम्पादन मापनका कार्यक्षेत्रहरु | जम्मा सूचक संख्या | मूल्यांकनमा समावेश सूचक संख्या | प्राप्त गर्नसक्ने कूल अङ्कभार | प्राप्त गर्नु पर्ने न्यूनतम |
|---|---|---|---|---|---|
| १ | योजना तथा कार्यक्रम व्यवस्थापन क्षमता | ९ | ८ | १५ | ६ |
| २ | बजेट व्यवस्थापन | ६ | ६ | ११ | ४ |
| ३ | वित्तीय व्यवस्थापन | १० | ९ | १५ | ६ |
| ४ | वित्तीय श्रोत परिचालन क्षमता | ६ | ६ | ११ | ४ |
| ५ | बजेट निकासा र कार्यक्रम कार्यान्वयन क्षमता | ७ | ७ | १२ | ४ |
| ६ | संचार र पारदर्शिता | ९ | ८ | १४ | ५ |
| ७ | अनुगमन तथा मूल्यांकन | ७ | ५ | १० | ३ |
| ८ | संगठन संरचना, सेवा प्रवाह र सम्पत्ति व्यवस्थापन | ८ | ८ | १२ | ४ |
|  | जम्मा | ६२ | ५७ | १०० | ३६ |

उपरोक्त तालिका अनुसार कार्य सम्पादन मापनका जम्मा ८ वटा क्षेत्रमा ६२ वटा सूचकहरु तयार गरिएका छन् । तर सो मध्ये राष्ट्रिय मूल्यांकनमा जम्मा ५७ वटा सूचकहरु निर्धारण गरिएका छन् जसको कूल अंकभार १०० छ । अन्य सूचकहरु स्थानीय निकायमा जनप्रतिनिधि वहाल नभए सम्म लागु हुने छैन । जि.वि.स. ले न्यूनतम शर्त पूरा गर्नुको अतिरिक्त तालिकामा उल्लेख भए अनुसार सम्बन्धित कार्यसम्पादनका प्रत्येक क्षेत्रमा समेत न्यूनतम अंक प्राप्त गर्नैपर्छ । न्यूनतम शर्त पूरा नगरेका जि.वि.स. को तोकिएको न्यूनतम अनुदान बाहेक सबै निःशर्त पूँजीगत अनुदान रद्द गरिनेछ । त्यस्तै न्यूनतम शर्त पूरा गरेतापनि कार्यसम्पादन मापनको कुनै एक क्षेत्रमा न्यूनतम उत्तीर्णाङ्क प्राप्त नगरेमा २० प्रतिशत अनुदान कटौती हुनेछ ।

न्यूनतम शर्त पूरा गरेका जि.वि.स.को कार्य सम्पादन मापनको आधारमा निम्न बमोजिम अनुदान रकम थपघट हुन सक्नेछ ।

| | | |
|---|---|---|
| १ | न्यूनतम शर्त पूरा गर्न नसक्ने जि.वि.स. । | सबै पूँजिगत अनुदान रद्द हुने । |
| २ | न्यूनतम शर्त पूरा गरेको तर कार्य सम्पादन मापनको कुनै एक क्षेत्रमा तोकिएको न्यूनतम अंक प्राप्त गर्न नसक्ने जि.वि.स. । | २० प्रतिशतले अनुदान कटौती गर्ने । |
| ३ | न्यूनतम शर्त पूरा गरी कार्य सम्पादन मापनको सबै क्षेत्रमा पनि तोकिएको न्यूनतम अंक प्राप्त गरी कूल ३६ देखि ५० अंक प्राप्त गर्ने जि.वि.स. । | अनुदान यथास्थितिमा रहने (थपघट नहुने) । |
| ४ | न्यूनतम शर्त पूरा गरी कार्य सम्पादन मापनको सबै क्षेत्रमा पनि तोकिएको न्यूनतम अंक प्राप्त गरी कूल ५१ देखि ६५ अंक प्राप्त गर्ने जि.वि.स. । | २० प्रतिशतले अनुदान थप हुने । |
| ५ | न्यूनतम शर्त पूरा गरी कार्य सम्पादन मापनको सबै क्षेत्रमा पनि तोकिएको न्यूनतम अंक प्राप्त गरी कूल ६६ देखि ८० अंक प्राप्त गर्ने जि.वि.स. । | २५ प्रतिशतले अनुदान थप हुने । |
| ६ | न्यूनतम शर्त पूरा गरी कार्य सम्पादन मापनको सबै क्षेत्रमा पनि तोकिएको न्यूनतम अंक प्राप्त गरी कूल ८१ वा सो भन्दा बढी अंक प्राप्त गर्ने जि.वि.स. । | ३० प्रतिशतले अनुदान थप हुने । |

## ६.८.२ कार्यसम्पादन प्रोत्साहन पुरस्कार व्यवस्था

कार्यसम्पादन मापनको आधारमा पुरस्कृत हुने सम्बन्धित जि.वि.स.हरुले पुरस्कृत रकम मध्ये देहाय बमोजिमको रकम जिल्ला परिषद्को निर्णयबाट पदाधिकारी एवं कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप दिनु पर्नेछ । यस्तो पुरस्कारको रकम बितरण गर्दा जुन आ.व.लाई आधार बर्ष मानी पुरस्कार प्राप्त भएको हो सोही आर्थिक बर्ष भरीमा जिविसको कार्यालयमा कार्यरत कर्मचारीहरु (हाल कार्यरत नभए पनि) मध्ये कार्यसम्पादनका विभिन्न विषयक्षेत्रमा उत्कृष्ट योगदान गर्ने पदाधिकारी तथा कर्मचारी लाई प्रदान गर्नु पर्नेछ ।

क) २० प्रतिशतले थप अनुदान प्राप्त गर्ने जि.वि.स. को हकमा एकमुष्ठ रु. १ लाख

ख) २५ प्रतिशतले थप अनुदान प्राप्त गर्ने जि.वि.स. को हकमा एकमुष्ठ रु. १ लाख २५ हजार

ग) ३० प्रतिशतले थप अनुदान प्राप्त गर्ने जि.वि.स. को हकमा एकमुष्ठ रु. १ लाख ५० हजार

## ६.९ खारेजी र बचाउ

स्थानीय निकायहरुको न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यविधि २०६५ (प्रथम संशोधन) खारेज गरिएको छ। उक्त कार्यविधि बमोजिम भए गरेका कार्यहरु यसै न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यविधि २०६५ (दोश्रो संशोधन) बमोजिम भए गरेको मानिनेछ।

# अनुसूची १

## न्यूनतम शर्त र कार्य सम्पादन मापनका लागि जि.वि.स.हरुको समूह विभाजन

न्यूनतम शर्त तथा कार्य सम्पादन मापन मूल्यांकनको लागि जि.वि.स.हरुलाई देहाय बमोजिम २२ वटा समूह (Cluster) मा वर्गिकृत गरिएको छ ।

| समूह नं. | जिल्ला | जम्मा जिल्ला | समूह नं. | जिल्ला | जम्मा जिल्ला |
|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा | ४ | १२ | पर्वत, बाग्लुङ्ग, म्याग्दी, मुस्ताङ्ग | ४ |
| २ | सुनसरी, धनकुटा, तेर्‍हथुम | ३ | १३ | कास्की, स्याङ्जा, पाल्पा, गुल्मी | ४ |
| ३ | मोरङ्ग, भोजपुर, संखुवासभा | ३ | १४ | न्वलपरासी, रुपन्देही, कपिलबस्तु, अर्घाखाँची | ४ |
| ४ | सिराहा, सप्तरी, उदयपुर, खोटाङ्ग | ४ | १५ | दाङ्ग, रोल्पा, प्यूठान | ३ |
| ५ | सिन्धुली, ओखलढुङ्गा, सोलुखुम्बु | ३ | १६ | बाँके, डोल्पा, जुम्ला | ३ |
| ६ | धनुषा, महोत्तरी, सर्लाही, रौतहट | ४ | १७ | बर्दिया, मुगु, हुम्ला | ३ |
| ७ | सिन्धुपाल्चोक, दोलखा, रामेछाप | ३ | १८ | सल्यान, रुकुम, जाजरकोट | ३ |
| ८ | काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक | ४ | १९ | सुर्खेत, दैलेख, कालिकोट | ३ |
| ९ | बारा, पर्सा, चितवन, मकवानपुर | ४ | २० | डोटी, अछाम, बाजुरा | ३ |
| १० | गोर्खा, धादिङ्ग, नुवाकोट, रसुवा | ४ | २१ | कञ्चनपुर, कैलाली, डडेल्धुरा | ३ |
| ११ | तनहुँ, लम्जुङ्ग, मनाङ्ग | ३ | २२ | दार्चुला, बैतडी, बझाङ्ग | ३ |
| | **जम्मा** | ३९ | | **जम्मा** | ३६ |

# अनुसूची २

## जिल्ला विकास समितिको न्यूनतम शर्त (MCs) विश्लेषण तालिका

जि.वि.स.को नामः ............

मूल्यांकन गरेको आधार बर्ष :

अध्ययन गरेको मितिः २०६ / / देखि २०६ / / सम्म

परामर्शदाता संस्थाको नामः..... ...... ....

१) स्थानीय शासन विज्ञ ............................

२) वित्तीय व्यवस्थापन विज्ञ........................

३) प्रतिनिधि, स्था.वि.म.,

| न्यूनतम शर्तको कार्यक्षेत्र र सूचकहरु | न्यूनतम शर्त पूरा गरेको/नगरेको | व्याख्या/कैफियत |
|---|---|---|
| **कार्य क्षेत्र १ योजना तथा बजेटका सूचकहरु** | | |
| १. *गत आ.ब.को जिल्ला परिषदबाट चालू आर्थिक बर्षको कार्यक्रम र बजेट (बार्षिक जिल्ला बिकास योजना) स्वीकृत भएको हुनुपर्ने ।* | | |
| २. *जिविसले गत आ.ब.मा चालू आ.व.कोलागि वार्षिक बजेट तर्जुमा सम्वन्धी सिलिङ्ग (बजेट पूर्वानुमान) र मार्गदर्शन सम्बन्धित गा.वि.स. र न.पा.हरुमा समयमा नै पठाएको हुनुपर्ने । केन्द्रबाट त्यस्तो विवरण प्राप्त नभएको अवस्थामा जिविसको आन्तरिक आय तर्फको सिलिङ् र मार्गदर्शन पठाएको हुनुपर्ने ।* | | |
| ३. *जिविसले स्वीकृत वार्षिक बजेट र कार्यक्रमबारे गा.वि.स.,सम्वन्धित नगरपालिका तथा जिल्लावासीहरूलाई जानकारी गराएको हुनुपर्ने ।* | | |
| ४. *जि.वि.स.ले गत आर्थिक वर्षको वार्षिक प्रगति समीक्षा गरेको हुनुपर्ने ।* | | |
| ५. *जिविसले स्थानीय स्वायत्त शासन ऐन/नियम वा अनुदान निर्देशिकामा उल्लेख भए बमोजिमका प्रतिवेदनहरु पठाउने गरेको हुनुपर्ने ।* | | |
| **कार्यक्षेत्र २ वित्तीय व्यवस्थापनका सूचकहरु** | | |

| न्यूनतम शर्तको कार्यक्षेत्र र सूचकहरु | न्यूनतम शर्त पूरा गरेको/नगरेको | व्याख्या/कैफियत |
|---|---|---|
| १. *गत आ.व. भन्दा अघिल्लो आर्थिक वर्षको आय-व्यय विवरण तयार गरी अन्तिम लेखापरीक्षण गराएको हुनुपर्ने ।* | | |
| २. *गत आ.ब.को जिल्ला विकास कोषको वार्षिक आय-व्यय विवरण र आर्थिक बिवरण तयार गरेको हुनुपर्ने ।* | | |
| ३. *जि.वि.स.ले जिल्ला विकास कोष (गैर कार्य सञ्चालन खाता (Non-operating Account)) बाट सञ्चालन खाता (Operating Account) मा निकासा दिंदा परिषद्बाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अनुरुप गरेको हुनुपर्ने । केन्द्रबाट प्राप्त हुने वित्तीय स्रोतको हकमा अख्तियारी एवं स्वीकृति बमोजिम निकासा दिएको हुनुपर्ने ।* | | |
| ४. *आन्तरिक लेखापरीक्षण शाखाको स्थापना गरी कर्मचारीको स्थायी पदपूर्ति गरेको हुनुपर्ने ।* | | |
| ५. *लेखापरीक्षण प्रतिवेदनले औंल्याएका सवालहरुमा तोकिएको समयमै प्रतिक्रिया दिएको हुनुपर्ने ।* | | |
| ६. *बेरुजुको लगत अद्यावधिक गरेको हुनुपर्ने।* | | |
| ७. *जि.वि.स.ले सबै गाउँ विकास समितिहरुको गत आ.व.भन्दा अघिल्लो आ.ब.को अन्तिम लेखापरीक्षण गत आ.ब. भित्रै सम्पन्न गराउनका लागि लेखापरीक्षक नियूक्त गरेको हुनुपर्ने ।* | | |
| **कार्यक्षेत्र ३ समितिहरुको गठन र क्रियाशीलताका सूचकहरु** | | |
| १. *जि.वि.स.मा सुपरिवेक्षण तथा अनुगमन उप-समिति गठन भई क्रियाशील भएको हुनुपर्ने । ( यो सूचक स्थानीय निकायहरुमा जनप्रतिनिधिहरुको व्यवस्था भएको अवस्थामा मात्र क्रियाशील हुनेछ)* | - | |
| २. *लेखा समितिको गठन भएको हुनुपर्ने । (यो सूचक स्थानीय निकायहरुमा जनप्रतिनिधिहरुको व्यवस्था भएको अवस्थामा मात्र क्रियाशील हुनेछ)* | - | |
| **कार्यक्षेत्र ४ पारदर्शिताका सूचकहरु** | | |
| १. *सूचना तथा अभिलेख केन्द्रको स्थापना गरी तोकिएको न्यूनतम सूचना तथा अभिलेखहरु राखेको हुनुपर्ने ।* | | |

**द्रष्टब्य :**

क) चालू आ.ब. भन्नाले मूल्याङ्कन गर्ने टोली खटिएको आ.ब.लाई जनाउंछ । ख) गत आ.ब. भन्नाले मूल्याङ्कन कार्य गरिने बर्ष (चालू आ.ब.) भन्दा अघिल्लो आ.ब.लाई जनाउंछ । ग) गत आ.ब.भन्दा अघिल्लो आ.ब. भन्नाले चालू आ.ब. भन्दा दुई बर्ष अघिल्ला आ.ब.लाई जनाउंछ ।

# जिल्ला विकास समितिको कार्य सम्पादन मापन (PMs) को अङ्क तालिका

जि.वि.स.को नामः ............

ठेगाना (टेलिफोन नं.):

सर्वेक्षण गरेको मितिः २०६ / / देखि २०६ / / सम्म

सर्वेक्षण टोलीको नामः

१) स्थानीय शासन विज्ञ ............................

२) वित्तीय व्यवस्थापन विज्ञ.......................

३) प्रतिनिधि, स्था.वि.म.,

| | कार्य सम्पादन मापनका कार्यक्षेत्र र सूचकहरु | निर्धारित अङ्क | प्राप्त गरेको अङ्क | व्याख्या/कैफियत |
|---|---|---|---|---|
| **१** | **योजना तथा कार्यक्रम व्यवस्थापन क्षमता सूचकहरु** | | | |
| १.१ | जिविसले गाविस, नगरपालिका र विषयगत कार्यालय/शाखालाई बजेट सिलिङ्ग र मार्गदर्शन पठाउनुपर्ने । सो मार्गदर्शनमा पूर्व योजना तर्जुमा गोष्ठी गरी गरीबमुखी नीति (Pro Poor Policy), राष्ट्रिय र जिल्ला विकासका प्राथमिकताहरु र कार्यक्रम छनौटका आधारहरु खुलाई पठाइएको हुनुपर्ने । | २ | | |
| १.२ | सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी वार्षिक योजना तर्जुमा भएको हुनुपर्ने । | २ | | |
| १.३ | जिल्ला विकास योजना तर्जुमा गर्दा आयोजना छनौटका आधारहरु पालना गरिएको हुनुपर्ने । | २ | | |
| १.४ | जिल्लाको आवधिक योजना, विषयगत योजना (जस्तै : जिल्ला यातायात गुरु योजना, जिल्ला शिक्षा योजना, जिल्ला कृषि योजना, जिल्ला स्वास्थ्य योजना, आदि), स्रोत नक्सा र गरिवी | २ | | |

| | कार्य सम्पादन मापनका कार्यक्षेत्र र सूचकहरु | निर्धारित अङ्क | प्राप्त गरेको अङ्क | व्याख्या/कैफियत |
|---|---|---|---|---|
| | नक्साङ्कनको आधारमा वार्षिक योजना तर्जुमा गरेको हुनुपन । | | | |
| १.५ | *जिल्लाको वार्षिक योजना तर्जुमा गर्दा विषयगत योजना तर्जुमा समितिको वैठकमा गैसस, नागरिक समाज, महिला प्रतिनिधि तथा बालबालिका/अन्धा अपांगसंग सम्बन्धित संघ संस्थाहरुलाई आमन्त्रण गरिएको हुनुपर्ने* | २ | | |
| १.६ | *रु. १५ (पन्ध्र) लाख भन्दा माथिका भौतिक पूर्वाधारका योजनाहरुको जिल्ला परिषद्बाट स्वीकृति हुनुभन्दा अगाडि नै पूर्व सम्भाव्यता अध्ययन (Pre-FeasibilityStudy) गरिएको हुनुपर्ने ।* | १ | | |
| १.७ | *भौतिक पूर्वाधार विकासका योजनाहरुका लागि लागत अनुमान अनुरुप नै बजेट विनियोजनको व्यवस्था गरेको हुनुपर्ने ।* | २ | | |
| १.८ | *सम्पन्न भौतिक पूर्वाधार योजनाहरुको लागि मर्मत संभार कोषको स्थापना गरी आयोजनाहरुको मर्मत संभारको व्यवस्था गरिएको हुनुपर्ने ।* | २ | | |
| १.९ | *आवधिक जिल्ला विकास योजना तयार भई कार्यान्वयनमा आएको हुनुपर्ने । (यो सूचक जनप्रतिनिधि बहाल भएपछि लागू गरिनेछ ।)* | | | |
| २. | **बजेट व्यवस्थापनका सूचकहरु** | | | |
| २.१ | *स्वीकृत लागत अनुमानको परिधि भित्र रही भौतिक पूर्वाधारका योजनाहरू सम्पन्न भएको हुनुपर्ने* | २ | | |
| २.२ | *प्रक्षेपण गरिएको आन्तरिक आय र संकलित यथार्थ आन्तरिक आयको तुलनात्मक स्थिति* | २ | | |
| २.३ | *वार्षिक योजनाले बृद्धबृद्धा, अपाङ्ग, असहाय, दलित, आदिवासी जनजाति तथा पिछडिएको वर्गलाई लक्षित गरी आन्तरिक आय तथा अनुदानबाट बजेट विनियोजन गरेको हुनुपर्ने* | २ | | |
| २.४ | *विशेष कोषको स्थापना गरी स्था.नि.आ.प्र. नियमावली अनुसार आवश्यक रकम समेत विनियोजन गरेको हुनुपर्ने ।* | २ | | |

| | कार्य सम्पादन मापनका कार्यक्षेत्र र सूचकहरु | निर्धारित अङ्क | प्राप्त गरेको अङ्क | व्याख्या/कैफियत |
|---|---|---|---|---|
| २.५ | *जिविसले सरकार तथा अन्य दातृ संस्थासँगको सम्झौता वमोजिम समपूरक कोष जम्मा गरेको हुनु पर्ने ।* | २ | | |
| ३. | **वित्तीय व्यवस्थापनका सूचकहरु** | | | |
| ३.१ | *आर्थिक वर्षको अन्तमा पेश्की बाँकीको स्थिति* | २ | | |
| ३.२ | *स्वीकृत नियमको परिधिभित्र रही आर्थिक सहायता प्रदान गरेको ।* | २ | | |
| ३.३ | *गत आ.व.भन्दा अघिल्लो आ.व.को कूल खर्चमा लेखापरीक्षण प्रतिवेदनले देखाएको आर्थिक कारोवारको गुणस्तर ।* | २ | | |
| ३.४ | *बेरुजु फछ्र्यौट गरिएको प्रतिशत* | २ | | |
| ३.५ | *गत आ.व.मा भएको खर्चमध्ये भुक्तानी गर्नुपर्ने बाँकी दायित्वको स्थिति* | २ | | |
| ३.६ | *जि.वि.स.ले वार्षिक खरिद योजना तयार गरेको हुनुपर्ने।* | १ | | |
| ३.७ | *धरौटी खाता रकमको संचालन स्थिति* | २ | | |
| ३.८ | *कम्प्यूटर एकाउन्टिंग प्याकेज ( Computer Accounting Package) लागू गरी वित्तीय प्रतिवेदन तयार गर्ने गरिएको ।* | १ | | |
| ३.९ | *असूल उपर गर्नुपर्ने बेरुजूको लगत जानकारी र असूलीका लागि जिल्ला प्रशासन कार्यालयमा पठाएको हुनुपर्ने ।(१)* | १ | | |
| ३.१० | *लेखासमितिले वार्षिक कार्यतालिका तयार गरी परिषद्बाट स्वीकृत गराएको हुनुपर्ने ।(यो सूचक हाललाई स्थगित गरिएको जनप्रतिनिधि बहाल भएपछि लागू गरिने)* | | | |

| | कार्य सम्पादन मापनका कार्यक्षेत्र र सूचकहरु | निर्धारित अङ्क | प्राप्त गरेको अङ्क | व्याख्या/कैफियत |
|---|---|---|---|---|
| | | | | |
| ४. | **वित्तीय स्रोत परिचालन क्षमताका सूचकहरु** | | | |
| ४.१ | *जिल्लामा उपलब्ध श्रोतबाट हुनसक्ने आन्तरिक आयको सम्भाव्यता अध्ययन गरी तद्नुरुप आम्दानी प्रक्षेपण गर्ने गरिएको हुनुपर्ने* | २ | | |
| ४.२ | आन्तरिक आय वृद्धिको समष्टिगत स्थिति । | २ | | |
| ४.३ | नियमानुसार बाँडफाँड गरिनु पर्ने आन्तरिक आयको रकम सम्बन्धित नगरपालिका र गाविसहरूमा बाँडफाँड गरिएको स्थिति । | २ | | |
| ४.४ | आन्तरिक आयका श्रोत प्राप्तिका क्षेत्रहरुको स्थायित्व र दिगो विकासको लागि बजेट विनियोजन गर्ने गरेको । | २ | | |
| ४.५ | जिविसले केन्द्रबाट राजस्व बाँडफाँड बापत प्राप्त रकम मध्येबाट सोही क्षेत्रको विकासको लागि प्राथमिकताका साथ बजेट विनियोजन गरी खर्च गर्ने गरेका । | २ | | |
| ४.६ | जि.वि.स.ले अलग राजश्व शाखा स्थापना गरेको वा कर्मचारी तोकी राजश्व सम्बन्धी काम कार्यवाही गराएको । | १ | | |
| ५. | **बजेट निकासा र कार्यक्रम कार्यान्वयनका सूचकहरु** | | | |
| ५.१ | गत आ.व.मा स्वीकृत कूल वार्षिक विनियोजनमध्ये वास्तविक खर्चको प्रतिशत | २ | | |
| ५.२ | गत आ.व.को कूल विनियोजित पूँजीगत बजेटमध्ये वास्तविक खर्चको प्रतिशत | २ | | |
| ५.३ | वार्षिक लेखा हिसावमा महिला, बालबालिका, आदिवासी जनजाति, दलित, पिछडिएका वर्ग, अपाङ्ग र बृद्धबृद्धाहरुका आवश्यकता र हितलाई आवश्यकरुपमा सम्बोधन गरी आन्तरिक आय | २ | | |

| | कार्य सम्पादन मापनका कार्यक्षेत्र र सूचकहरु | निर्धारित अङ्क | प्राप्त गरेको अङ्क | व्याख्या/कैफियत |
|---|---|---|---|---|
| | र अनुदानबाट खर्च गरेको हुनुपर्ने | | | |
| ५.४ | प्रशासनिक खर्चको सीमा पालनाको स्थिति | २ | | |
| ५.५ | राजश्व बाँडफाँडबाट प्राप्त रकम प्रशासनिक कार्यमा खर्च गर्न नहुने | १ | | |
| ५.६ | रु १५ लाख वा सो भन्दा बढीका ठूला योजनाहरुको संचालन तथा मर्मत संभारको लागि विनियोजित रकम बमोजिम खर्च भएको हुनुपर्ने | २ | | |
| ५.७ | विगत ३ (तीन) आ.व.भित्र रु. ५ लाख वा सोभन्दा बढीको लागतमा सम्पन्न भएका पूर्वाधार विकासका योजनाहरुको अभिलेख (Project Inventory Profile) खडा गरिएको हुनुपर्ने | १ | | |
| ६ | **सञ्चार र पारदर्शिताका सूचकहरु.** | | | |
| ६.१ | योजना छनौटका आधारहरु, स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सार्वजनिक सूचना गरेको हुनुपर्ने | २ | | |
| ६.२ | जिविसले आफ्नो वार्षिक आय-व्ययका विवरणहरू सार्वजनिक गरेको हुनुपन | २ | | |
| ६.३ | रु.३ लाख वा सो भन्दा माथिका आयोजनाहरुमा आयोजना सम्बन्धी विवरण समेटिएको परियोजना सूचनापाटी (Project Information Board) योजना स्थलमा राखेको हुनुपर्ने | २ | | |
| ६.४ | अन्तिम लेखा परीक्षण (मलेप) प्रतिवेदन परिषद्मा प्रस्तुत गरेको र मलेप प्रतिवेदन सार्वजनिक समेत गरेको हुनुपर्ने । | १ | | |
| ६.५ | जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना र संचालन स्थिति | २ | | |
| ६.६ | जिविसबाट गरिएको विकास निर्माण र सेवा प्रवाहका कार्यको सार्वजनिक सुनुवाईको व्यवस्था भएको हुनुपर्ने | २ | | |

| | कार्य सम्पादन मापनका कार्यक्षेत्र र सूचकहरु | निर्धारित अङ्क | प्राप्त गरेको अङ्क | व्याख्या/कैफियत |
|---|---|---|---|---|
| ६.७ | जिविसले सम्पन्न न्यूनतम शर्त (MCs) तथा कार्यसम्पादन मापन (PMs)को नतीजा विभिन्न संचार माध्यमहरु, सूचनापाटी वा योजना तर्जुमा तथा समीक्षा गोष्ठी मार्फत सार्वजनिक गरेको हुनुपर्ने । *गाविसको न्यूनतम शर्त (MCs) मापन सम्पन्न गरी सोको नतीजा समेत विभिन्न संचार माध्यमहरु, सूचना पाटी वा योजना तर्जुमा तथा समीक्षा गोष्ठी मार्फत सार्वजनिक गरेको हुनुपर्ने ।* (यो underline गरिएको व्यहोरा आ.व. ०६६।६७ को कार्यको मूल्यांकन देखि हेरिनेछ ।) | २ | | |
| ६.८ | जिविसले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमहरुको आर्थिक वर्ष समाप्त भएको चार महिना भित्र सामाजिक परीक्षण गराउनु पर्ने। | १ | | |
| ६.९ | जिविसका पदाधिकारीहरूको आचारसंहिता तर्जुमा भई सार्वजनिक भएको हुनुपर्ने । (यो सूचक जनप्रतिनिधिहरु बहाल भएपछि लागू हुनेछ ।) | | | |
| **७.** | **अनुगमन तथा मूल्याङ्कनका सूचकहरु** | | | |
| ७.१ | अनुगमन तथा मूल्यांकनको कार्यान्वयन स्थिति । | २ | | |
| ७.२ | तोकिएको ढाँचा र निर्धारित समय भित्र मासिक तथा वार्षिक विवरण पठाउने गरिएको स्थिति । | २ | | |
| ७.३ | पूर्वाधार विकास सम्बन्धी योजनाहरुको कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र जाँचपास तथा फरफारक भएको हुनुपर्ने । | २ | | |
| ७.४ | दुई वर्ष अघि सम्पन्न भइसकेका रु. १५ लाख वा सोभन्दा माथिका आयोजनाहरुको प्रभावको मूल्यांकन (Impact Evaluation) गरेको हुनुपर्ने | २ | | |
| ७.५ | आर्थिक वर्षको अन्तमा जिविसले दातृ संस्थाहरुबाट संचालित योजना/ कार्यक्रम र बजेट कार्यान्वयनको समीक्षा गरी जिल्लावासी लगायत अन्य साझेदारहरुलाई जानकारी गराएको हुनुपर्ने । | २ | | |

| | कार्य सम्पादन मापनका कार्यक्षेत्र र सूचकहरु | निर्धारित अङ्क | प्राप्त गरेको अङ्क | व्याख्या/कैफियत |
|---|---|---|---|---|
| ७.६ | सुपरिवेक्षण तथा अनुगमन उपसमितिको गठन भएको र नियमित बैठक बसेको हुनुपर्ने । | | - | यो सूचक जनप्रतिनिधि बहाल भएपछि लागू हुनेछ |
| ७.७ | जिविसको सुपरिवेक्षण तथा अनुगमन उपसमितिले पेश गरेको प्रतिवेदन उपर जिविसको बैठकमा छलफल र सो सम्बन्धि निर्णय । | | - | यो सूचक जनप्रतिनिधि बहाल भएपछि लागू हुनेछ |
| **८.** | **सङ्गठन संरचना, सेवा प्रवाह र सम्पत्ति व्यवस्थापन** | | | |
| ८.१ | जिविसको संगठन विकास (OD)अध्ययन वा संरचनागत मूल्याङ्कन भएको र कर्मचारीको कार्य विवरण (Job Description) लागू भएको हुनुपर्ने । | २ | | |
| ८.२ | जि.वि.स.ले आफ्नो सम्पत्तिको विवरण तयार गरी अध्यावधिक गरेको हुनुपर्ने । | २ | | |
| ८.३ | जिन्सी निरीक्षणको स्थिति । | २ | | |
| ८.४ | आन्तरिक वित्तीय अनुशासन र लेखापरीक्षण व्यवस्थित गर्नको लागि गरिएको प्रयास | १ | | |
| ८.५ | पदपूर्ति समितिको गठन र क्रियाशीलताको स्थिति । | १ | | |
| ८.६ | जि.वि.स. कर्मचारीहरुको नियमित बैठक गरे/नगरेको स्थिति । | १ | | |
| ८.७ | सेवा प्रवाह प्रभावकारी पार्ने सम्बन्धमा भएको प्रयास । | १ | | |
| ८.८ | जि.वि.स.को क्षमता विकास योजना तर्जुमा भई परिषद्वाट स्वीकृत भएको हुनुपर्ने । | २ | | |

द्रष्टब्य :

क) चालू आ.ब. भन्नाले मूल्याङ्कन गर्ने टोली खटिएको आ.ब.लाई जनाउंछ । ख) गत आ.ब. भन्नाले मूल्याङ्कन कार्य गरिने बर्ष (चालू आ.ब.) भन्दा अघिल्लो आ.ब.लाई जनाउंछ ।

ग) गत आ.ब.भन्दा अघिल्लो आ.ब. भन्नाले चालू आ.ब. भन्दा दुई बर्ष अघिल्ला आ.ब.लाई जनाउंछ ।

# अनुसूची ३

# साविक र दोश्रो संशोधनबाट संशोधित विवरण

| पेजनं | साविकमा भएको | संशोधन गरिएको |
|---|---|---|
| ५ | जि.वि.स. ले स्थानीय स्वायत्त शासन ऐन/नियम वा अनुदान निर्देशिकामा उल्लेख भए बमोजिमका प्रतिवेदनहरु पठाउने गरेको हुनुपर्ने । | जि.वि.स. ले स्थानीय स्वायत्त शासन ऐन, नियमावली र जिविस अनुदान सञ्चालन तथा अन्य कार्यक्रम सञ्चालन कार्यविधि र निर्देशिकाहरुमा उल्लेख भए वमोजिमका प्रतिवेदनहरु सम्बधित निकायहरुमा तोकिएको समयमै  पठाउने गरेको हुनुपर्ने । |
| ५ | जि.वि.स.ले सवै गाउँ विकास समितिहरुको गत आ.व. भन्दा अघिल्लो आ.व. को अन्तिम लेखा परीक्षण गत आ.व. भित्र सम्पन्न गरीसकेको हुनुपर्ने । | जि.वि.स.ले सवै गाउँ विकास समितिहरुको गत आ.व. भन्दा अघिल्लो आ.व. को अन्तिम लेखा परीक्षण गत आ.व. भित्र सम्पन्न गराउनकालागि लेखा परीक्षक नियुक्त गरी सकेको हुनुपर्ने । |
| १२ | २ लेखा समितिको गठन भएको हुनुपर्ने । | २ लेखा समितिको गठन भई क्रियाशील भएको हुनुपर्ने । |
| १९ | ऐनको दफा ६९ र स्था.नि. आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५९ वमोजिम जिल्लाका सवै गाँउ विकास समितिहरुको अन्तिम लेखा परीक्षण सम्पन्न गराएको हुनुपर्ने | ऐनको दफा ६९ र स्था. नि. आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५९ वमोजिम जिल्लाका सवै गाँउ विकास समितिहरुको गत आ.व. भन्दा अघिल्लो आ.व.को अन्तिम लेखा परीक्षण गर्नका लागि गत आ.व. भित्र लेखा परीक्षण सम्पन्न गर्ने गरी लेखा परीक्षक नियुक्त गरीसकेको हुनुपर्ने । |
| | वार्षिक योजनाले बृद्धबृद्धा, अपाङ्ग, असहाय, दलित, आदिवासी जनजाति तथा पिछडिएको वर्गलाई लक्षित गरी आन्तरिक आय बाट बजेट विनियोजन गरेको हुनुपर्ने | वार्षिक योजनाले बृद्धबृद्धा, अपाङ्ग, असहाय, दलित, आदिवासी जनजाति तथा पिछडिएको वर्गलाई लक्षित गरी आन्तरिक आय तथा अनुदान रकमबाट बजेट विनियोजन गरेको हुनुपर्ने |
| | वार्षिक लेखा हिसावमा महिला, बालबालिका, आदिवासी जनजाति, दलित, पिछडिएका वर्ग, अपाङ्ग र बृद्धबृद्धाहरुका आवश्यकता र हितलाई आवश्यकरुपमा सम्बोधन गरी आन्तरिक आय बाट खर्च गरेको हुनुपर्ने । | वार्षिक लेखा हिसावमा महिला, बालबालिका, आदिवासी जनजाति, दलित, पिछडिएका वर्ग, अपाङ्ग र बृद्धबृद्धाहरुका आवश्यकता र हितलाई आवश्यकरुपमा सम्बोधन गरी आन्तरिक आय र अनुदानबाट खर्च गरेको हुनुपर्ने । |
| | जि.वि.स. ले सम्पन्न न्यूनतम शर्त (MCs) तथा कार्यसम्पादन मापन (PMs) को नतीजा विभिन्न संचार माध्यमहरु, सूचनापाटी वा योजना तर्जुमा तथा समीक्षा गोष्ठी मार्फत सार्वजनिक गरेको हुनुपर्ने | जि.वि.स. ले सम्पन्न न्यूनतम शर्त (MCs) तथा कार्यसम्पादन मापन (PMs) को नतीजा विभिन्न संचार माध्यमहरु, सूचनापाटी वा योजना तर्जुमा तथा समीक्षा गोष्ठी मार्फत सार्वजनिक गरेको हुनुपर्ने । गाविसको न्यूनतम शर्त मापन गरी सो को नतिजा समेत विभिन्न सञ्चार माध्यमहरु, सूचना पाटी वा योजना तर्नुमा तथा समक्षिा गोष्ठी मार्फत सार्वजनिक गरेको हुनुपर्ने । **(यो Under line गरेको व्यहोरा आ.व. ०६६।६७ को कार्यको मूल्यांकन देखि हेरिनेछ ।)** |
| | दुई वर्ष अघि सम्पन्न भइसकेका रु. १५ लाख वा सोभन्दा माथिका आयोजना हरुको प्रभावको मूल्यांकन (Impact Evaluation) गरेको हुनुपर्ने । | दुई वर्ष अघि सम्पन्न भइसकेका रु. १५ लाख वा सोभन्दा माथिका आयोजना/कार्यक्रम हरुको प्रभावको मूल्यांकन (Impact Evaluation) गरेको हुनुपर्ने । |
| ३७ | ३ वार्षिक योजनाले आन्तरिक आय बाट बृद्धवृद्धा, अपाङ्ग, असहाय, दलित, आदिवासी जनजाति तथा पिछडिएको लक्षित वर्गलाई बजेट विनियोजन गरेको हुनुपर्ने । | ३. वार्षिक योजनाले आन्तरिक आय तथा अनुदान रकमबाट बृद्धवृद्धा, अपाङ्ग, असहाय, दलित, आदिवासी जनजाति तथा पिछडिएको लक्षित वर्गलाई बजेट विनियोजन गरेको हुनुपर्ने । |
| ३८ | **मापनको आधार** वार्षिक योजनामा उल्लेखित वर्गको प्रत्यक्ष हितको लागि तयार गरिएको बजेट विश्लेषण गरिएको हुनुपर्ने । गत | **मापनको आधार** वार्षिक योजनामा उल्लेखित वर्गको प्रत्यक्ष हितको लागि तयार गरिएको बजेट विश्लेषण गरिएको हुनुपर्ने । गत |

| | | |
|---|---|---|
| | आ.व. को प्रक्षेपित आन्तरिक आय को आधारमा चालू आ.व. मा गरिएको बजेट विनियोजन विश्लेषण गरिने । | आ.व. को प्रक्षेपित आन्तरिक आय र अनुदान को आधारमा चालू आ.व. मा गरिएको बजेट विनियोजन विश्लेषण गरिने । |
| ५२ | ५.३ वार्षिक लेखा हिसाबमा महिला, बालबालिका, आदिवासी जनजाति, दलित, पिछडिएका वर्ग, अपांग बृद्धबृद्धा तथा अन्य लक्षित वर्गहरुका आवश्यकता र हितलाई आवश्यक रुपमा सम्बोधन गरी आन्तरिक आय बाट खर्च गरेको हुनुपर्ने । | ५.३ वार्षिक लेखा हिसाबमा महिला, बालबालिका, आदिवासी जनजाति, दलित, पिछडिएका वर्ग, अपांग बृद्धबृद्धा तथा अन्य लक्षित वर्गहरुका आवश्यकता र हितलाई आवश्यक रुपमा सम्बोधन गरी आन्तरिक आय र अनुदानबाट खर्च गरेको हुनुपर्ने । |
| ५८ | नेपाल सरकारबाट जारी भएको 'सार्वजनिक सेवा तथा सुविधा प्रभावकारी बनाउने निर्देशिका २०६१' र **'सार्वजनिक सुनुवाई कार्यविधि निर्देशिका २०६१'** अनुसार जि.वि.स. ले विकास निर्माण र सेवा प्रवाहका कार्यको प्रभावकारी सार्वजनिक सुनुवाईको व्यवस्था भएको हुनुपर्ने । | सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ र नियमावली २०६५ तथा नेपाल सरकारबाट जारी भएको 'सार्वजनिक सेवा तथा सुविधा प्रभावकारी बनाउने निर्देशिका २०६१' र **'सार्वजनिक सुनुवाई कार्यविधि निर्देशिका २०६१'** अनुसार जि.वि.स. ले विकास निर्माण र सेवा प्रवाहका कार्यको प्रभावकारी सार्वजनिक सुनुवाईको व्यवस्था भएको हुनुपर्ने । |
| ५९ | जि.वि.स. पछिल्लो पटक सम्पन्न भएको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको नतीजा प्राप्त गरी विभिन्न संचार माध्यम, सार्वजनिक सुनुवाई, पत्र पत्रिका, पुस्तिका, समीक्षा गोष्ठी आदि मार्फत सार्वजनिक गरे/नगरेको समीक्षा गरिने । | जि.वि.स. पछिल्लो पटक सम्पन्न भएको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको नतीजा प्राप्त गरी विभिन्न संचार माध्यम, सार्वजनिक सुनुवाई, पत्र पत्रिका, पुस्तिका, समीक्षा गोष्ठी आदि मार्फत सार्वजनिक गरे/नगरेको समीक्षा गरिने ।<br>गाविसको न्यूनतम शर्त (MCs) मापन सम्पन्न गरी सोको नतीजा समेत विभिन्न संचार माध्यमहरु, सूचना पाटी वा योजना तर्जुमा तथा समीक्षा गोष्ठी मार्फत सार्वजनिक गरेको हुनुपर्ने । |
| ६२ | ७.४ दुई वर्ष अघि सम्पन्न भइसकेका रु. १५ लाख वा सोभन्दा माथिका आयोजनाहरुको प्रभावको मूल्यांकन (Impact Evaluation) गरेको हुनुपर्ने । | ७.४ दुई वर्ष अघि सम्पन्न भइसकेका रु. १५ लाख वा सोभन्दा माथिका आयोजना **तथा कार्यक्रमहरुको** प्रभावको मूल्यांकन (Impact Evaluation) गरेको हुनुपर्ने । |
| ७० | ६.१ मूल्याङ्कन सम्बन्धी जिम्मेवारी | ६.१ न्यूनतम शर्त र कार्य सम्पादन मापन मूल्याङ्कन सम्बन्धी जिम्मेवारी |
| ७० | जिल्ला विकास समितिको यस्तो मूल्यांकन प्रत्येक आर्थिक बर्षमा सम्पादन गर्नु पर्ने र उक्त कार्य सम्पादन गर्न आवश्यक स्रोतको व्यवस्थास्थानीय विकास मन्त्रालयले गर्नेछ । | जिल्ला विकास समितिको यस्तो मूल्यांकन प्रत्येक आर्थिक बर्षमा सम्पादन गर्नु पर्ने र उक्त कार्य सम्पादन गर्न आवश्यक स्रोतको व्यवस्था स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम रहे सम्म सो कार्यक्रमबाट र तत्पश्चात नेपाल सरकार (मं.प.) को २०६३।८।११ को निर्णय अनुसार राजस्व बाँडफाँड तथा विकास अनुदानको ०.५ प्रतिसत रकमबाट स्थानीय विकास मन्त्रालयले गर्नेछ । |
| ७० | (क) सुपरिवेक्षण समितिको गठन | (क) सुपरिवेक्षण तथा व्यवस्थापन समितिको गठन मा थप<br>(२) सचिव, स्थानीय विकास मन्त्रालय ( नगरपालिका व्यवस्थापन ) सह अध्यक्ष<br>(९) राष्ट्रिय कार्यक्रम व्यवस्थापक, LGCDP सदस्य |
| ७१ | DFDP कार्यक्रम रहेसम्म उक्त कार्यक्रमका राष्टिय कार्यक्रम व्यवस्थापकलाइ सदस्यको रुपमा समितिको वैठकमा आमन्त्रित गरिनेछ । त्यसैगरी समितिले कार्य सम्पादनको क्रममा आवश्यक पर्ने सरकारी एवं गैर सरकारी संघ/संस्था र दातृ निकायका प्रतिनिधि समेतलाई आमन्त्रण गर्न सक्नेछ । | LGCDP कार्यक्रम रहेसम्म उक्त कार्यक्रमका दातृ संस्थाका प्रतिनिधि (ADB, UNDP/UNCDF, DANIDA/DFID, आदि० लाई सदस्यको रुपमा समितिको बैठकमा आमन्त्रित गरिनेछ । त्यसैगरी समितिले कार्य सम्पादनको क्रममा आवश्यक पर्ने सरकारी एवं गैर सरकारी संघ/संस्था र दातृ निकायका प्रतिनिधि समेतलाई आमन्त्रण गर्न सक्नेछ । |
| ७४ | | द्रष्टव्य-<br>क) सम्बन्धित जिल्लामा स्थायी ठेगाना भएका व्यक्ति सो जिल्लाको मूल्यांकन कर्तामा छनौट हुन सक्ने छैन । |

| | | |
|---|---|---|
| | | तर यो शर्त काठमाण्डौ उपत्यका भित्रका जिल्लाको हकमा लागु कुने छैन ।<br>ख) कुनै विज्ञ व्यक्ति लगातार दुई पटक भन्दा बढी एउटै समूहको लागि छनौट हुन सक्ने छैन ।<br>ग) न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यमा पहिले सल्न भई सकेको व्यक्ति उपरोक्त बमोजमको अनुभव भए सरह छनोट हुन सक्ने छन् ।<br>घ) न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यको गुणस्तर सुनिश्चितता परिक्षण गर्ने विज्ञ हरुको न्यूनतम योग्यता र अनुभव पनि उपर्युक्त अनुसार हुनेछ । |
| ७१ | | **(ख) सुपरिवेक्षण तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**<br>यस समितिले स्थानीय निकायहरुको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनकार्यको लागि देहायबमोजिम व्यवस्थापन र सुपरिवेक्षण सम्बन्धि आवश्यक कार्यहरु गर्नेछ ।<br>(१) न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यको व्यवस्थापनमा सचिवालयलाई मार्ग निर्देशन दिने ।<br>(२) न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यको अनुगमन र सुपरिवेक्षण गर्ने, गराउने ।<br>(३) न्यूनतम शर्त तथा कार्य सम्पादन मापनकार्यको गुणस्तर सुनिश्चितता (त्तगबष्तिथ ब्ककगचभलअभ)का लागि आवश्यक व्यवस्था मिलाउने ।<br>(४) न्यूनतम शर्त तथा कार्य सम्पादन मापनकार्यको व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्ने गराउने ।<br>(५) गुणस्तर परिक्षणको प्रतिवेदन समेतका आधारमा न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको अनितम नतिजा स्विकृत गर्ने ।<br>उक्त समितिको कार्यसम्पादनमा तथा न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (ःऋएः) कार्यक्रम व्यवस्थमपन सम्बन्धी कार्यमा सचिवालयलाई सहयोग गर्न देहाय बमोजिम सहजिकरण तथा व्यवस्थापन उप समिति रहनेछ । |
| | | साविक अनुसूची २ मा रहेको सहजिकरण समितिलाइ आवस्यक परिमार्जन सहित खण्ड ६ मा समावेश गरिएको । |
| | | खण्ड ६ को विभिन्न ठाउमा साविकमा रहेको मूल्याङ्कन भन्ने शव्दको स्थानमा मूल्याङ्कन भन्ने शव्द राखिएको। |
| | | खण्ड ६ मा सहजिकरण र समन्वय तथा गुणस्तर सुनिश्चितता सम्वन्धी प्रावधान थप गरिएको |
| ७८ | | यस्तो पुरस्कारको रकम बितरण गर्दा जुन आ.व.लाई आधार बर्ष मानी पुरस्कार प्राप्त भएको हो सोही आर्थिक बर्ष भरीमा जिविसको कार्यालयमा कार्यरत कर्मचारीहरु (हाल कार्यरत नभए पनि) मध्ये कार्यसम्पादनका विभिन्न विषयक्षेत्रमा उत्कृष्ट योगदान गर्ने पदाधिकारी तथा कर्मचारी लाइ प्रदान गर्नु पर्नेछ । |
| | | साविकको अनुसुची ३ हटाइ यो अनुसूची राखिएको |